

# ओरेक
## वार्षिक प्रतिवेदन
## २०८१/८२











WOMEN'S REHABILITATION CENTRE
NEPAL 1991
WOREC

# ओरेक

## वार्षिक प्रतिवेदन

२०८१/८२

**WOREC**

ललितपुर, नेपाल

## संस्थाका कार्यसमिति पदाधिकारी विवरण:

### संरक्षक

डा. रेणु अधिकारी

## संस्थाका कार्यसमिति पदाधिकारी विवरण

**अध्यक्ष:** श्री सविता पोखरेल

**उपाध्यक्ष:**

**सचिव:** श्री संगिता अधिकारी

### सदस्यहरु:

श्री सरज गुरुङ
श्री रीता कुमारी साह
श्री किरण कुमारी साह
श्री रिक्मा विश्वकर्मा
श्री निर्मला धिताल
श्री सरिता खड्का
श्री अम्बिका रुपाखेती

### सल्लाहकार समितीका सदस्यहरु:

श्री विन्दु पोखरेल गौतम
श्री रोजी जोशी
श्री भूमिका श्रेष्ठ
श्री निर्मला पाण्डे

# विषय-सूचि


**परिच्छेद १** **१**
ओरेकको कार्यक्षेत्र १

**परिच्छेद २** **५**
संस्थाको परिचय ५

**परिच्छेद ३** **९**
संस्थाद्वारा सञ्चालित विषयगत क्षेत्र अन्तर्गतको प्रगति विवरण

३.१ मानव अधिकार र सामाजिक न्याय

३.२. पर्यावरणीय न्याय र महिलाको नेतृत्व

३.३ गुणस्तरीय सेवा र हेरचाह

३.४ ज्ञान व्यवस्थापन तथा सिकाई

**परिच्छेद ४** **६७**
अभियानले पारेको प्रभाव तथा उपलब्धि र चुनौतिहरु ६७

**परिच्छेद ५** **७४**
संस्थाको वार्षिक आर्थिक प्रतिवेदन ७४

**लेखन तथा संयोजन :** सुलोचना खनाल
**सम्पादन :** कमला पोखरेल
**प्रिन्ट :** पेन्टाग्राम प्रा लि

# ओरेकका कार्यक्षेत्रहरु

यस आर्थिक वर्षमा विपद् प्रतिकार्यका कार्यक्रम नयाँ कार्यक्षेत्र सहित २८ जिल्लामा रहेर प्रत्यक्ष रुपमा अभियानमूलक गतिविधिहरु सञ्चालन गरेको छ । महिला मानव अधिकार रक्षकहरुसँगको समन्वयमा ७७ वटै जिल्लामा अभियानमूलक गतिविधिहरु सञ्चालन गरेको छ ।



**कोशी प्रदेशः** सुनसरी, मोरङ, उदयपुर
**मधेश प्रदेशः** सिराहा, सप्तरी, धनुषा, मोहत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा
**बागमती प्रदेशः** काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलान्चोक
**प्रतिबद्धता प्रदेशः** दाङ, कपिलवस्तु, रुपन्देही
**कर्णाली प्रदेशः** सुर्खेत, दैलेख, कालिकोट, डोल्पा, रुकुम पश्चिम
**सुदूरपश्चिम प्रदेशः** कैलाली, कन्चनपुर, डोटी, बाजुरा

## आर्थिक वर्ष २०८१/०८२ लाई फर्केर हेर्दा

महिला पुर्नस्थापना केन्द्र (ओरेक) संरचनागत विभेद विरुद्ध मानव अधिकार र सामाजिक न्याय प्राप्तिका लागि विगत ३५ बर्षदेखि निरन्तर क्रियाशिल छ। संस्थाले महिला तथा पछाडि पारिएका समुदायका मानव अधिकार र सामाजिक न्यायका लागि नीतिगत प्रभाव, सामूहिक आन्दोलन र जवाफदेहिता सुनिश्चिततामा महत्वपूर्ण उपलब्धिहरू हाँसिल गरेको छ।

यस वर्षको शुरुवातमा ओरेकले मानव अधिकार र सामाजिक न्याय विषयगत क्षेत्र अन्तर्गत संस्थाले प्रदेशस्तरीय यु.पि.आर परामर्शहरु सम्पन्न गरी महिलामाथि हुने हिंसाको बढ्दो अवस्था, तथा कानुनको प्रभावकारी कार्यान्वयन नहुँदा हिंसा प्रभावितहरुको न्यायमा सहज पहुँच नभएको, समुदायमा विभेदको विरुद्धमा बोल्ने महिला मानव अधिकार रक्षकहरुले विभिन्न हिंसा तथा जोखिमको सामना गर्नुपरेको, महिलाको राजनीतिक सहभागिता र नेतृत्वलाई नस्विकारिएको, यौन तथा प्रजनन् स्वास्थ्य अधिकारको पहुँचमा कमी, महिलाको श्रमको मान्यता र पहिचान नहुनु लगायताका सवालहरु पहिचान गर्दै यूपिआरका लाीग महिला अधिकारको सचिवालयको रुपमा विश्वव्यापी आवधिक समीक्षा (गए्च) चौथो चरणको प्रतिवेदन तयार गरी पेश गर्‍यो। यस प्रतिवेदनले नेपाल सरकारलाई लैङ्गिक समानताको क्षेत्रमा अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयनका लागि राज्यका सबै तहमा आवश्यक नीतिगत सुधारको लागि दबाब सिर्जना गर्न सफल भएको छ।

लैङ्गिक समानता, मानव अधिकार र सामाजिक न्याय प्रर्वर्द्धनमा आफ्नो प्रतिबद्धता निरन्तर कायम राख्दै अनुसन्धान, वकालत र बहुपक्षीय नीतिगत संवादहरुलाई यस वर्ष पनि निरन्तरता दिइएको छ। जसमा जिल्ला अदालतमा दर्ता भएका बालविवाह सम्बन्धी मुद्धाहरूको विश्लेषण गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा भर्चुअल माध्यमबाट आदनप्रदान गरेको थियो। जसले न्यायिक प्रणालीमा रहेका संरचनागत कमजोरी र कानुनी सुधारको आवश्यकता उजागर गरेको थियो। साथै यसै वर्ष गरिएको घरेलु हिंसा सम्बन्धी नीतिगत विश्लेषणले न्यायिक प्रणाली भित्रै घरेलु हिंसालाई 'सामान्यीकरण' गर्ने र 'मेलमिलाप गराउने' प्रवृत्तिले गर्दा पीडित/प्रभावितहरूले न्याय पाउनबाट वञ्चित हुनुपरेको गम्भीर अवस्थालाई उजागर गराउँदै सरोकारवालाहरुको ध्यानाकर्षित पनि गरायो।

लैङ्गिक हिंसा, लैंङ्गिक समानता तथा समावेशी शासन र वैदेशिक रोजगारीबाट फर्किएका महिला श्रमिकहरूको सामाजिक-आर्थिक पुनःस्थापना, महिला श्रमिकका अधिकार, मानव बेचबिखन, घरेलु श्रमिकको अवस्था र श्रम अधिकार सुनिश्चित गर्न निरन्तर पैरवी, बहुपक्षीय नीति संवादहरु सम्पन्न भएका छन्। यसले स्थानीय तहमा नीतिको कार्यान्वयनमा रहेका अवरोधहरू पहिचान गरी सुधारका लागि सुझाव लिनरदिन र प्रतिबद्धता व्यक्त गर्न योगदान गरेको छ। फलस्वरुप घरेलु श्रमिकको श्रमलाई पहिचान र मान्यताका लागि श्रमिकहरुको सूचिकरण गर्न समेत स्थानीय तहबाट पहल भएको छ। साथै वैदेशिक रोजगारीमा जाने महिला श्रमिकहरुको लागि विभिन्न देशमा लगाइएको प्रतिवन्ध हटाउनु पर्ने र गतिशिलता तथा आफ्नो रोजाईको काम गर्न पाउने अधिकार सुनिश्चित हुनु पर्ने लगायतका मागहरु राखी हाल गर्दै आएको निरन्तर दबाब र पैरवी स्वरूप श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्धारा वैदेशिक रोजगारीमा जाने महिलाहरू माथि लागु गरिएको अस्थायी प्रतिवन्ध हटाउन गृहकार्य भइरहेको छ।

लैङ्गिक हिंसाको विरुद्धको अभियान र महिला मानव अधिकार रक्षकको सुरक्षा र पहिचानको सम्बन्धमा स्थापना कालदेखि नै सक्रिय ओरेकले यस वर्ष पनि स्थानीय तहसँगको समन्वयमा ४ वटा सुरक्षावास सञ्चालन गरी ३३८ जना हिंसा प्रभावितलाई सुरक्षा, मनोविमर्श र कानुनी परामर्श तथा सहयोग लगायतका सेवा प्रदान गरेको छ। ओरेकको एकीकृत दृष्टिकोण मार्फत यी प्रभावितहरू परिवर्तनको संवाहकका रूपमा अगाडि आउन सफल भएका छन्। साथै, संस्थाले महिला मानव अधिकार रक्षकहरू माथि बढ्दो जोखिम र सुरक्षा चुनौतीको सम्बन्धमा सर्वेक्षणमा आधारित तथ्य प्रस्तुत गर्दै उनीहरूको सुरक्षा र पहिचानका लागि सम्बन्धित निकायलाई जवाफदेही बन्न ध्यानाकर्षण गराएको छ। साथै महिला माथि हुने हिंसाको बहुपक्षीय विश्लेषण गरी बार्षिक

रुपमा अन्वेषी र मासिक तथा त्रैमासिक रुपमा प्रादेशिक प्रेस विज्ञप्ति, ध्यानाकार्षण पत्र, माग पत्रहरु प्रकाशन तथा सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा महिला तथा बालिका माथि भएको हिंसाको घटनामा सम्बन्धित पक्षलाई ध्यानाकर्षण गराउन सफल भएको छ ।

यस वर्ष पनि ओरेकले महिलाको स्वास्थ्य अधिकारको क्षेत्रमा गर्दै आएका पैरवीलाई निरन्तरता दियो । संस्थाले महिलाहरूको शारीरिक स्वायत्तता, यौन तथा प्रजनन् स्वास्थ्य अधिकार, मानसिक स्वास्थ्य र लैङ्गिक हिंसाले स्वास्थ्यमा पार्ने बहु-आयामिक प्रभाव जस्ता गहन सवालहरूलाई समुदाय तहदेखि तथ्यगत आधारमा वकालतका कार्यक्रमहरू सञ्चालन गर्‍यो । विशेष गरी, निःसन्तानपन (क्ष्लाभचतषष्तिथ) सम्बन्धी गरिएको अनुसन्धान, तथ्याङ्क र नीतिगत सिफारिसलाई स्थानीयदेखि सङ्घीय तहसम्म गरिएको बहस सिर्जनाले यस सवाललाई प्राथमिकतामा पार्न महत्वपूर्ण भूमिका खेल्यो । यस पहलको परिणामस्वरुप, सङ्घीय राजधानी बाहिर पहिलो पटक कोशी अस्पतालमा इन्ट्रा युट्राइन इन्सेमिनेसन (क्ष्क्ष) सेवाको सुरुवात भएको छ, जसले महिला तथा पछाडि पारिएका परिवारहरूको निःसन्तानपन सम्बन्धी स्वास्थ्य सेवामा सहज पहुँचको थालनी शुरुवात भएको छ । यसै गरी ओरेक उदयपुरमा **"ओजसः मनको कुरा खोल्ने सुरक्षित स्थल"** स्थापना गरियो । यस स्थलले महिला, किशोरी र पछाडि पारिएका समुदायलाई आफ्ना अनुभव र समस्याहरू साझा गर्ने सुरक्षित स्थल प्रदान गरी सामुदायिक मानसिक स्वास्थ्यको अवधारणालाई थप बलियो बनाएको छ ।

संस्थाको बलियो पक्षको रुपमा रहेको सामुदायिक संलग्नताका कारण यस वर्ष मात्रै ओरेकको सहजीकरणमा बनेका समूह र सञ्जाल मार्फत ५०० भन्दा बढी समुदायका युवा तथा महिलाहरू संगठित भई स्थानीय तहमा पैरवी, आन्दोलन र नीतिगत प्रभाव पार्ने आधार तयार छ । साथै सामूहिक आन्दोलन र लोकतन्त्र सुदृढीकरणको सन्दर्भमा, ओरेकले ३० भन्दा बढी संघ संस्थाको सहभागितामा गणतन्त्र दिवसको अवसरमा **"लोकतन्त्र र महिला अधिकारका लागि दबाब अभियान"** शुभारम्भ गरी सफलतापूर्वक सञ्चालन गर्‍यो । यस संयुक्त पहलले राजनीतिक दलहरूको गैर-लोकतान्त्रिक व्यवहारको समीक्षा गर्दै नागरिकहरूमा लोकतन्त्रको सुदृढीकरण र नेतृत्वको जवाफदेहिता प्रति सचेतना बढायो ।

साथै १०० भन्दा बढी स्थानीय पालिकाहरु तथा जनप्रतिनिधिहरूसँगको सहकार्य र संलग्नतामा महिलावादी क्षमता अभिवृद्धि तालिम, बैठक, कार्यशालाहरु मार्फत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति निर्माण, लैङ्गिक हिंसा निवारण कोषको परिचालन, र महिलामैत्री बजेट विनियोजन जस्ता नीतिगत प्रावधानहरूको प्रभावकारी कार्यान्वयनको आधार तयार भई स्थानीय तहमा समावेशी शासन प्रणालीको सुदृढीकरणमा सहयोग पुगेको छ ।

मानव अधिकार, सामाजिक न्याय र वातावरण बीचको गहिरो अन्तरसम्बन्धलाई आत्मसात गर्दै पर्यावरणीय न्याय र महिला नेतृत्व विषयगत क्षेत्रलाई रणनीतिक प्राथमिकताका रूपमा यस वर्ष पनि स्थापित गरेको छ । संस्थाले जलवायु परिवर्तन, प्राकृतिक स्रोतको असमान पहुँच र विपद् जोखिमका कारण अत्यधिक जोखिममा रहेका महिला र पछाडि पारिएका समुदायलाई केन्द्रमा राख्दै संरचनागत असमानता र विभेदकारी शक्ति सम्बन्धलाई चुनौती दिँदै पर्यावरणीय न्यायमा महिलाको नेतृत्व स्थापित गर्न पहलहरू गरेको छ ।

ओरेकले यस वर्ष नीति, कार्यक्रम र रणनीतिक निर्णयहरूमा महिलावादी दृष्टिकोणको महत्व स्थापित गर्न महत्वपूर्ण कार्य गर्‍यो । यस अन्तर्गत कर्णाली प्रदेशमा महिलामैत्री स्थलहरू मार्फत १,५७३ महिलाले विभिन्न सेवा प्राप्त गरे भने भूकम्प प्रभावित जिल्लाहरूमा लैङ्गिक हिंसा रोकथाम र प्रतिक्रिया सुदृढीकरण तालिम सञ्चालन गरियो । यसले आपत्कालीन अवस्थाहरूमा महिलामुखी पहुँच र समावेशी सेवालाई सुनिश्चित गर्ने प्रयासलाई बल पुर्‍याएको छ । साथै, अन्तर र्ष्ट्रिय मञ्चहरूमा ओरेकको सक्रिय सहभागिताले महिला नेतृत्व, लैङ्गिक न्याय, र संरचनात्मक असमानता सम्बन्धी वैश्विक बहस र रणनीति निर्माणमा उल्लेखनीय योगदान पुर्‍याएको छ । यस आर्थिक वर्षमा संस्थाले विपद्को असमान प्रभावलाई सम्बोधन गर्दै स्नेह अभियान र बिउ पूँजी सहयोग कार्यक्रम मार्फत लक्षित, समावेशी र महिला-केन्द्रित सेवा

प्रदान गर्ने रणनीतिक दृष्टिकोणलाई बलियो बनायो। विपद् प्रभावित क्षेत्रमा सञ्चालित स्नेह केन्द्रहरू मार्फत ३०,७७२ महिला, किशोरी तथा सीमान्तकृत समूहले अत्यावश्यक सेवा र मनोसामाजिक सहयोगमा पहुँच पाए, जसले विपद्-प्रतिकार्यमा महिला-मैत्री दृष्टिकोणलाई स्थापित गर्‍यो ।

यस आर्थिक वर्षमा, ओरेकले मानव अधिकार, सामाजिक न्याय, र वातावरण बीचको गहिरो अन्तरसम्बन्धलाई आत्मसात् गर्दै पर्यावरणीय न्याय र महिला नेतृत्वलाई आफ्नो मुख्य रणनीतिक प्राथमिकताका रूपमा यस वर्ष पनि अगाडि बढायो । संस्थाले समुदाय, राष्ट्रिय, र अन्तर्राष्ट्रिय तहमा पैरवी तथा अभियानहरू सञ्चालन गर्‍यो, जसको प्रमुख जोड विपद् व्यवस्थापनमा रह्यो । ओरेकले विपद् व्यवस्थापनमा महिलामुखी दृष्टिकोण अपनाउँदै महिलावादी विपद् प्रतिकार्यलाई प्राथमिकता दियो । यस क्रममा, संस्थाले अधिकारमुखी अवधारणा, स्नेह केन्द्रको स्थापना, र विपद् व्यवस्थापन संयन्त्रहरूमा महिलाको नेतृत्व सशक्तिकरणका लागि समुदाय तहदेखि राष्ट्रिय तहसम्म निरन्तर पैरवी गर्‍यो, जसले गर्दा ओरेकले विपद् प्रतिकार्यमा महिलामुखी दृष्टिकोणबाट काम गर्ने संस्थाको रूपमा पहिचान स्थापित गर्न सफल भयो । यस वर्ष संस्थाले विपद्को असमान प्रभावलाई सम्बोधन गर्दै स्नेह अभियान मार्फत प्रत्यक्ष रुपमा ३०,७७२ महिला, किशोरी तथा सीमान्तकृत समूहलाई अत्यावश्यक सेवा र मनो-सामाजिक सहयोग प्रदान गर्‍यो ।

महिलाको आर्थिक सशक्तिकरण, दिगो जीविकोपार्जनका लागि एकीकृत अवधारणा यस वर्ष पनि ओरेकको अर्को मुख्य आधार स्तम्भ रह्यो । संस्थाले ९ जिल्लाका हिंसा प्रभावित तथा पछाडि पारिएका समुदायका २२३ जना महिलालाई बिउपूँजी र नगद सहयोग प्रदान गरेको छ। जसले महिलाहरुको आर्थिक आत्मनिर्भरता, दिगो जीविकोपार्जन, र निर्णय क्षमतामा ठोस सुधार ल्याउन सहजीकरण गर्‍यो । यसका साथै, संस्थाले महिलाले नेतृत्व गरेका संस्थाहरूको संस्थागत, महिलावादी, र युवा नेतृत्व विकास मा सहजीकरण गरी उनीहरूको स्रोतमाथि पहुँच बढाउन मद्दत गर्‍यो, जसले समुदाय तहको आन्दोलन निर्माण र अभियानको दिगोपनाको यात्रामा रूपान्तरणको स्पष्ट सन्देश दिएको छ । अन्तर्राष्ट्रिय मञ्चहरूमा ओरेकको सक्रिय सहभागिताले महिला नेतृत्व र लैङ्गिक न्यायलाई विश्वव्यापी बहस र रणनीति निर्माणको केन्द्रमा ल्याउन उल्लेखनीय योगदान पुर्‍यायो ।

अन्त्यमा, महिला अधिकारको आन्दोलनलाई आफ्नो प्रमुख लक्ष्यका रूपमा लिएर, यसको उद्देश्य र ध्येयलाई साकार पार्न अग्रपंक्तिमा रहेर अथक प्रयास गर्ने सम्पूर्ण सहकर्मी र साझेदारहरू प्रति ओरेक गहिरो सम्मान प्रकट गर्दछ । हाम्रो अभियानलाई समुदायदेखि राष्ट्रिय स्तरसम्म सफलतापूर्वक अगाडि बढाउनका लागि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अमूल्य सहयोग गर्नुहुने स्थानीय तह तथा सरकारी निकायहरू, हाम्रो आवाजलाई जनसमक्ष पुर्‍याउने सञ्चारकर्मीहरू, र हाम्रो कार्यलाई निरन्तर समर्थन गर्नुहुने सम्पूर्ण सहयोगी दातृ निकाय/संस्थाहरू प्रति हामी हृदयदेखि कृतज्ञ छौं । त्यस्तै, सहकार्यको बलियो सम्बन्ध स्थापित गरी सँगसँगै हिँड्ने महिला, महिला मानव अधिकार रक्षकहरू, सामुदायिक संस्था तथा विभिन्न समूहहरू, महिला तथा किशोरी सञ्जालहरू, र गैरसरकारी संस्थाहरूको साथ प्रति हामी नतमस्तक छौं । अन्तमा, ओरेकका संस्थापकज्यूहरू, सल्लाहकार तथा कार्यसमितिका पदाधिकारी एवं सदस्यज्यूहरू, र संस्थाको सफलताका लागि दिनरात खट्ने सम्पूर्ण कर्मचारीहरूको प्रतिबद्धता र समर्पण बिना यो यात्रा सम्भव थिएन । हामी विश्वास गर्दछौं कि सामाजिक न्याय र मानव अधिकारको साझा यात्रामा आगामी दिनहरूमा पनि तपाईंहरूको अमूल्य साथ र सहयोग निरन्तर प्राप्त भइरहनेछ ।



.....................

सुनिता मैनाली

**कार्यकारी निर्देशक**

**धन्यवाद ।**

# परिच्छेद २

## संस्थाको परिचय

महिला पुनर्स्थापना केन्द्र (ओरेक) विगत ३५ वर्षदेखि मानव अधिकार स्थापनार्थ सङ्घर्षरत गैर-नाफामूलक गैरसरकारी संस्था हो। महिला तथा जातीय, वर्गीय, क्षेत्रीय, यौनिक र लैङ्गिक पहिचान आदिका आधारमा पछाडि पारिएका समुदायको अधिकारका लागि कार्यरत यस संस्था विभेदको अन्तर्निहित कारणलाई विश्लेषण गर्दै कारण र परिणाम दुवै सम्बोधनका लागि क्रियाशील छ। समाजमा विद्यमान असमान शक्ति सम्बन्धले महिलालाई कमजोर र दोस्रो दर्जाको रूपमा हेरिने विभेदकारी दृष्टिकोण विद्यमान छ। जसका कारण महिलाहरू विभिन्न प्रकारका हिंसा भोग्न र सहन बाध्य छन् भने उनीहरूको नेतृत्वलाई सहजै स्वीकारिएको छैन। तसर्थ संस्थाले **"व्यक्तिगत नै राजनीतिक हो"** भन्ने अवधारणालाई अवलम्बन गर्दै महिला अधिकार प्राप्तिका निम्ति नीतिगत सम्बोधन र सोचमा रूपान्तरण अनिवार्य शर्त हो भन्नेमा विश्वासका साथ कार्य गर्दछ। सोही अनुसार महिलाको सामाजिक, आर्थिक र राजनीतिक अधिकारका लागि समुदायमा आधारित महिला तथा किशोरी सञ्जाल तथा संस्थाहरूसँगको नेतृत्व, सहकार्य र समन्वयमा सामुहिक अभियानहरू सञ्चालन गर्दै आइरहेको छ। साथै महिलाको जीवनका भोगाईहरूको अभिलेखीकरण र विश्लेषणद्वारा ज्ञान उत्पादन र व्यवस्थापन गर्दै स्थानीय स्तरदेखि अन्तर्राष्ट्रिय स्तरसम्म तथ्यमा आधारित पैरवी गर्दछ। साथै **"महिलाको आफ्नो शरीर आफ्नै हो"** भन्ने यथार्थतालाई आत्मसात गरी महिला अधिकार प्राप्तिका निमित्त महिलाको उत्पादनशीलता, यौनिकता र गतिशीलता माथिको नियन्त्रण बारे समुदायका महिलालाई सशक्तीकरण गर्न सहजीकरण गरिरहेको छ। पछिल्लो अवस्थामा यस संस्थाले आफ्ना अभियानहरुलाई मानव अधिकार तथा सामाजिक न्याय, पर्यावरणीय न्याय र महिलाको नेतृत्व, गुणस्तरीय सेवा प्रवाह तथा सिकाई तथा ज्ञान व्यवस्थापन जस्ता विषयगत क्षेत्रमा वर्गीकरण गरी त्यस भित्रका विभिन्न उप-विषयगत क्षेत्र समेत छनौट गरी महिला मानव अधिकार र सामाजिक न्यायका मुद्धालाई विशिष्टिकृत गर्दै अगाडि बढिरहेको छ।

**संस्थाको दूरदृष्टि :** महिलावादी अभीष्ट प्राप्त भएको समाज।

**संस्थाको ध्येय :** सामूहिक महिलावादी कार्यद्वारा महिलाको मानव अधिकारको सर्म्वर्द्धन र सबै प्रकारको संरचनागत विभेदको अन्त्य।

**रणनीतिक लक्ष्यः**

१. समुदाय, अधिकारवाला समुह, साझेदार र आवद्ध सञ्जाल प्रतिको जवाफदेहीता, महिलावादी मुल्य, र स्थानीय, राष्ट्रिय, क्षेत्रिय र अन्तराष्ट्रिय तहमा बलियो रुपमा पैरवी गर्ने रुपान्तरित संस्था।

२. युवा महिला, प्रभावित, स्व-प्रतिनिधिमुलक तथा महिलाले नेतृत्व गरेको संस्था र महिला मानव अधिकार रक्षकहरुले नेतृत्व गरेको बलियो महिला अधिकार आन्दोलन ।

### संस्थाको रणनीतिक उद्देश्यहरु :

- शारीरिक अखण्डता, गतिशीलता, मर्यादित काम, यौन तथा प्रजनन् स्वास्थ्य अधिकार, जलवायू न्याय र महिला मानव अधिकार रक्षकहरुको आन्दोलनका लागि विभिन्न महिला र ट्रान्स अधिकार अभियन्ताहरूका आवाज विस्तार गर्ने।
- ओरेकलाई सामाजिक आन्दोलनको समन्वय तथा ज्ञान निर्माणका लागि महिलावादी स्रोत केन्द्रको रूपमा विस्तार गर्ने।
- द्वन्द्व तथा लैङ्गिक हिंसा प्रभावित महिलाहरुलाई न्यायको अधिकार दावी गर्नका लागि सशक्तिकरण प्रकृयामा सहयोग गर्ने।
- महिलामाथि हुने सबै प्रकारका विभेद विरुद्धको महासन्धि १९८९, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको अभिसन्धि, विश्वव्यापी आवधिक समिक्षा र दिगो विकासको लक्ष्य नं. ३, ५, ८ ,१०, १३ र १६ मा राज्यले गरेको प्रतिबद्धता कार्यान्वयन गर्न गराउन पैरवी गर्ने।
- महिला मानव अधिकार रक्षक तथा महिला नेताका लागि अनुकुल वातावरण तयार गरी महिला आन्दोलन मजवुद बनाउने।
- मानवीय संकटमा पर्यावरणीय न्याय तथा महिलाको नेतृत्वको लागि पैरवी गर्ने।
- आत्म-निर्भरता, महिलावादी व्यवस्थापन र युवा नेतृत्वका लागि ओरेकको संस्थागत क्षमता सबलीकरण गर्ने।

## आरेकको संस्थागत संरचनाहरु

| ओरेकका जिल्लागत संरचना | मोरङ | उदयपुर | सिरहा | धनुषा | सुनसरी | काठमाण्डौं | दाङ | कैलाली | जाजरकोट | रुकुम | महोत्तरी | सर्लाही | कपिलवस्तु | रुपन्देही | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सुरक्षा आवास | १ | १ | | १ | १ | | | | | | | | | | ४ |
| मनोसामाजिक परामर्श केन्द्र | ४ | ६ | | ३ | २ | | ३ | १ | | ४ | १ | ३ | १ | १ | २७ |
| समुदायमा आधारित संघसंस्था | | १० | | ३ | १ | | ७ | | | | | | | | २३ |
| महिला समूह | ३८ | ३० | | ३ | १४ | | ६४ | | | २५ | २ | २ | | | १७८ |
| कृषक समूह | | १८ | | ५ | | | ६ | १९ | | २६ | | ३ | | | ७७ |
| युवा महिला समूह | ४ | | | | | | | २८ | | | | ३ | | | ३५ |
| किशोरी किशोर समुह | | ६ | | ३ | | | | | | | २ | २ | | | १३ |
| किशोरी समुह | | | | | ७ | | ८ | ८ | | | | | | | २३ |
| युवा समुह | | ५ | | २ | २ | | | | | | १ | | | | १० |
| नमुना पर्यावरणीय गाउँ | | ७ | २ | १ | | | ३ | | | १ | १ | | | | १५ |
| किशोर किशोरी मैत्री विद्यालय | | | | १ | | | | | | | | १ | | | २ |
| सामुदायिक क्लिनिक | | १ | | | | | | | | | | | | | १ |
| भेट क्लिनिक | | १ | | | | | | | | | | | | | १ |
| तालिम केन्द्र | | १ | | | | | | | | | | | | | १ |
| युवा संजाल | १ | ५ | | ४ | २ | | २ | ७ | | | | ४ | | | २५ |
| महिला सहकारी | | | | १ | १ | | ३ | | | | १ | | | | ३ |
| नमुना फारम | | ५ | | | | | | | | २ | | २ | | | ९ |
| महिला स्वास्थ्य पैरवी संजाल | | | | | | | ३ | | | १ | | १ | | | ५ |
| बाल संजाल | | | | | | | | | | | ३ | १ | | | ४ |
| महिला अधिकार महासंघ | १ | | १ | | | | | | | | १० | | | | १२ |
| युवा समूह (पुरुष समुह) | ४ | | | | | | | | | | | | | | ४ |
| युवा महिला समूह | | | | | | | | २८ | | | | ३ | | | ३१ |
| फर्केर आएका आप्रवासी महिला श्रमिकहरुको संजाल | ६ | ४ | | | १ | | ५ | १ | | | | | | | १७ |
| महिला फेडरेसन | ११ | | | | | | | | | | | | | | ११ |
| महिला मानव अधिकार रक्षक सञ्जाल | ९ | ४ | १ | ४ | ४ | | ६ | ३ | | ३ | १ | १ | १ | १ | ३८ |
| श्रमीक महिला सञ्जाल | ६ | | | | | | | | | | | | | | ६ |
| महिलाले नेतृत्व गरेका संस्था | | | | | | | | ५ | | | | | | | ५ |
| सहज संजाल | | १ | | | | | ४ | ३ | | | | | | | ८ |
| अग्रणी संजाल | | ४ | १ | १ | | | | १ | | | | १ | | | ८ |

# संस्थागत रणनैतिक मुद्दाहरु



# परिच्छेद ३

## संस्थाद्वारा सञ्चालित विषयगत क्षेत्र अन्तर्गतको प्रगति विवरण

## ३.१. मानव अधिकार तथा सामाजिक न्याय

हाम्रो समाजमा सदियौंदेखि लिङ्ग, लैङ्गिकता, यौनिक पहिचान, यौनिकता, जात, वर्ग, पेशा, भूगोल वा स्थान, अपाङ्गता र धर्मको आधारमा शक्तिमा पहुँच भएका वर्गले पछाडि पारिएको वर्गलाई विभेद गरिरहेको अवस्था छ। जसको कारणले महिला, बालिका, किशोरी र यौनिक तथा लैङ्गिक अल्पसंख्यक तथा अन्य पछाडि पारिएका समुदायका व्यक्तिहरु आधारभुत मानव अधिकारबाट वञ्चित छन्। यो अवस्थामा ओरेकले सबै असमान शक्ति सम्बन्ध माथि महिलावादी दृष्टिकोण बनाउँदै सबै प्रकारका विभेद र हिंसाको अन्त्य गर्न नीतिगत रुपमै राज्यको सामाजिक, सांस्कृतिक र आर्थिक संरचनामा रुपान्तरणका लागि काम गरिरहेको छ। नेपाल सरकारले मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय दस्तावेजहरु (UDHR, CEDAW, CRC, ICCPR....) लाई आफ्नो देशको कानुन मार्फत कसैलाई पनि पछाडि नपारौं भन्ने मुख्य नाराका साथ सन् २०३० सम्ममा हासिल गर्ने भनिएको दिगो विकास लक्ष्यहरू प्राप्त गर्न प्रतिवद्ध छ। यद्यपि नीतिगत हिसाबले र व्यवहारतः महिलाको स्वःपहिचान, आफ्नो शरीर माथि आफ्नै अधिकार, सुरक्षित कार्यस्थल, कामको पहिचान र सम्मान, सिमान्तकृत समुदायलाई बाँच्नको लागि चाहिने आधारभुत आवश्यकताहरु प्राप्त हुने वातावरण निर्माण हुन सकेको छैन। तसर्थ, ओरेकले असमान शक्ति सम्बन्धको विश्लेषण गर्दै महिला, यौनिक तथा लङ्गिक अल्पसंख्यक लगायत सबै सिमान्तकृत समुदायको मानव अधिकारको सुनिश्चितता संविधानतः मात्र नभई व्यवहारतः सामाजिक न्यायको दृष्टिकोणबाट सम्बोधन हुनुपर्छ भन्ने वकालत समुदाय तहदेखि, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा गर्दै आएको छ।

**मानव अधिकार र सामाजिक न्याय विषयगत क्षेत्र अन्तर्गतका उप-विषयगत क्षेत्रहरु**

**वार्षिक लक्ष्य :** महिलाको श्रम, शरिर र पहिचानको अधिकार सुनिश्चितताका लागि सामाजिक रुपान्तरणको आधार तयार गर्ने।

**१. महिला, बालिका तथा किशोरी माथि हुने हिंसा, कारण र परिणाम**

- शारीरिक अखण्डता र महिलाको यौन तथा प्रजनन् स्वास्थ्य अधिकार
- कामको अधिकार र सामाजिक सुरक्षा
- संक्रमणकालिन न्याय र शान्ति
- सेवामा प्रभावकारिता तथा गुणस्तरीयता

**२. असमानता विरुद्धको संघर्ष**

## मानव अधिकार तथा सामाजिक न्याय विषयगत क्षेत्र अन्तर्गत सम्पन्न मुख्य गतिविधिहरु

- **"कला, प्रतिरोध र रुपान्तरण: ओरेकको ३४ वर्षे संघर्षको कथा बोकेको वार्षिक उत्सव" सम्पन्न**

"हिमाल झै अटल हामी घामको किरण छुँदै

उडिरहन्छौं गन्तव्यमा निलो आकाश हुँदै

समानता फुल्छ यहाँ, माया रोपिएको

रङ रङको सुगन्धले एकता जोडिएको"

-सुनिता मैनाली

चैत्र १९, २०८१ मा ३४ औं वर्षको यात्रा पार गरेको ओरेकले वैशाख ०५, २०८२, शुक्रबार काठमाण्डौंमा "कला मार्फत प्रतिरोध" भन्ने नाराका साथ आफ्नो बार्षिक उत्सव मनायो । महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री श्री नवल किशोर साह सुडीको प्रमुख आतिथ्यमा सञ्चालन गरिएको यस कार्यक्रमको अध्यक्षता ओरेकका संस्थापक अध्यक्ष डा. रेणु अधिकारीले गर्नुभएको थियो। सामाजिक रुपान्तरणको इतिहासको कालखण्डलाई विश्लेषण गर्दा कला नै आन्दोलनको मुख्य माध्यम रहेको छ। जसरी पितृसत्ताले आफ्ना मूल्य-मान्यता निर्माण गरेको छ, त्यसैगरी महिलावादी आन्दोलनले क्रान्तिको संगीत, विविधताको चित्र, समानताको भाव र शान्तिको संस्कृति निर्माण गर्न जरुरी छ। सोही मूल मर्मका साथ सञ्चालन गरिएको यस वार्षिकोत्सव कार्यक्रममा ओरेकको जन्म, संघर्ष, यसले पार गरेका उतार चढाव, प्राप्त गरेका परिवर्तनका छालहरुलाई विभिन्न कला जस्तै र्‍याप, गीत, चित्र, नृत्य र कविता मार्फत प्रतिविम्वित गरेको थियो ।

यस कार्यक्रममा विभिन्न सरकारी निकायका प्रमुख तथा प्रतिनिधि, सवैंधानिक आयोगहरुका प्रमुख तथा प्रतनिधिहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर-सरकारी संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, अभियन्ताहरु, पत्रकार तथा सञ्चार माध्यम, ओरेकका संस्थापकहरु, पुर्व अध्यक्षहरु, सल्लाहकार, कार्य-समिति सदस्यहरु, पुर्व-कर्मचारीहरु, संस्थाका शुभचिन्तकहरु तथा अन्य सहयोद्धाहरु लगायत करिव १८० जनाको सहभागीता रहेको थियो ।

- **महिला पुनर्स्थापना केन्द्र (ओरेक) को ३४ औं साधारण सभा सम्पन्न**

महिला पुनर्स्थापना केन्द्र (ओरेक) को ३४ औं वार्षिक साधारण सभा मिति २०८१ कार्तिक ११ गते काठमाडौंमा सम्पन्न भयो। संस्थाका अध्यक्ष सविता पोखरेलको अध्यक्षतामा सञ्चालित उक्त कार्यक्रम संघीय संसदको महिला तथा सामाजिक मामिला समितिका सभापति माननीय किरण कुमार साहको प्रमुख अतिथ्यता तथा मधेशी आयोग, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग लगायत सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरु लगायत कार्य समितिका पदाधिकारी, संस्थापक सदस्यहरु, आजिवन सदस्यहरु, सल्लाहकारहरु, साधारण सदस्यहरु र पत्रकार तथा अन्य संघसंस्था तथा साझेदार संस्थाका प्रमुख तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै सचिव संगिता अधिकारीले प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग र योगदान पुर्‍याउने सम्पुर्ण प्रति धन्यवाद दिदै महिला अधिकारको आन्दोलनलाई आफ्नो आन्दोलनका रूपमा लिएर यसको उद्देश्य, ध्येयलाई मूर्तरुप दिनका लागि ओरेक सँगसगै र अग्रपंक्तिमा रहेर कार्य गर्ने सबैप्रति सम्मान व्यक्त गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि महिला तथा सामाजिक मामिला समितिका माननीय सभापति किरण कुमार साहले महिलाको सवालमा सदा अग्रस्थानमा रहेर काम गर्ने संस्थाको आगामी दिनको उत्तरोउत्तर प्रगतिको कामना गर्दै हाल देशमा बढ्दै गएको दण्डहीनता, अस्थिर राजनैतिक वातावरण, कानुनको प्रभावकारी कार्यान्वयमा देखिएको चुनौती समाधानमा ओरेकले आगामी योजना बनाएर काम गर्न आवश्यक रहेको र दुरदराजसम्म महिला मानव अधिकारको सवालमा अभियान सञ्चालन गरेकोमा धन्यवाद दिनुभयो । कार्यक्रमको अन्त्यमा साधारण सभाको उद्घाटन सत्रको अध्यक्ष तथा संस्थाका अध्यक्ष सविता पोखरेलले सबैलाई धन्यवाद दिनु हुँदै महिला अधिकारका सवालमा हालका दिनमा भएका चुनौती, नीतिको कार्यान्वयनका लागि निरन्तर पैरवीको आवश्यकता औंल्याउँदै रणनैतिक रुपमा आन्दोलनलाई अगाडी लैजान आवश्यक रहेको बताउनुभयो । जम्मा ६४ जनाको सहभागितामा सम्पन्न संस्थाको ३४ औं साधारण सभा बन्द सत्रको सञ्चालन पछि समापन भएको थियो ।

## नीतिगत पैरवीका कार्यक्रम सम्पन्न

- **विश्वव्यापी आवधिक समिक्षा (UPR) चौथो चरणको प्रतिवेदन तयारीका लागि प्रदेशस्तरीय परामर्श सम्पन्न**

विश्वव्यापी आवधिक समिक्षा (UPR) चौथो चरण प्रतिवेदन तयारीका लागि प्रदेशस्तरीय परामर्श कार्यक्रमहरू सम्पन्न भएको छ। सन् २०२६ मा हुने चौथो चरणको प्रतिवेदन तयारीलाई प्रभावकारी बनाउन, नेपालको संविधानले सुनिश्चित गरेका अधिकार तथा सरकारले अन्तर र्ाष्ट्रिय स्तरमा गरेका प्रतिबद्धताको मूल्याङ्कन गर्न, र तेस्रो




चरणमा (२०२१) नेपालले प्राप्त गरेका सिफारिसहरूको कार्यान्वयनको अवस्थाको विश्लेषण गर्दै आगामी चरणका लागि सुझाव सङ्कलन गर्नु परामर्शको उद्देश्य रहेको थियो।

कार्यक्रमहरू क्रमशः २४ सेप्टेम्बर २०२४ मा कोशी प्रदेशको विराटनगर-१ अक्टोवरमा मधेश प्रदेशको जनकपुर, ११ नोभेम्वरमा सुदूरपश्चिम प्रदेशको धनगढी, १३ नोभेम्वरमा प्रतिबद्धता प्रदेशको नेपालगञ्ज र १५ नोभेम्वरमा कर्णाली प्रदेशको सुर्खेतमा सम्पन्न भएका थिए। परामर्शका क्रममा सहभागीहरूलाई समूहमा विभाजन गरी छलफल गरिएको थियो, जसमा विभेदकारी कानुन र संविधान कार्यान्वयनको अवस्था, संक्रमणकालीन न्याय, महिला मानव अधिकार



रक्षकले भोगेका जोखिम र चुनौती, लैङ्गिक समानता, महिला विरुद्ध हिंसा, महिलाको सहभागिता तथा नेतृत्व, यौन तथा प्रजनन् स्वास्थ्य अधिकार, भूमिहीन र शरणार्थीका सवाल लगायतका मुद्दामा छलफल गरी सुझावहरू प्रस्तुत गरिएको थियो।

पाँचै वटा प्रदेशमा गरी जम्मा ४०० भन्दा बढी व्यक्तिहरूको सहभागिता रहेको यस प्रक्रियामा प्रदेश स्तरीय राष्ट्रिय मानव अधिकार आयोग, विभिन्न पालिकाका उपमेयरहरू, नेपाल बार एसोसियसन, मानव अधिकार क्षेत्रमा क्रियाशील संघसंस्था, सामुदायिक संस्थाहरू, महिला मानव अधिकार रक्षक, सञ्चारकर्मी, समूह तथा सञ्जालका प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता थियो। सहभागीहरूले प्रस्तुत गरेका दृष्टिकोण र सुझावहरूले प्रदेशगत प्राथमिकता मात्र होइन, समग्र राष्ट्रिय प्रतिवेदनलाई थप सशक्त बनाउन सहयोग गर्ने अपेक्षा गरिएको थियो।

प्रदेशमा सम्पन्न परामर्शहरूमा महिलामाथि हुने हिंसाको बढ्दो अवस्था, तथा कानुनको प्रभावकारी कार्यान्वयन नहुँदा हिंसा प्रभावितहरुको न्यायमा सहज पहुँच नभएको, समुदायमा विभेदको विरुद्धमा बोल्ने महिला मानव अधिकार रक्षकहरुले विभिन्न हिंसा तथा जोखिमको सामना गर्नुपरेको, महिलाको राजनीतिक सहभागिता र नेतृत्वलाई स्वीकार नगरिएको, यौन तथा प्रजनन स्वास्थ्य अधिकारको पहुँचमा कमी, महिलाले गर्ने श्रमको मान्यता, पहिचान र मूल्यांकन नभएको लगायताका सवालहरु मुख्य गरेर उठेको थियो। यी परामर्शहरूले प्रदेशगत र राष्ट्रिय तहमा महिला अधिकार तथा लैङ्गिक समानताका सवालहरुको बहुपक्षीय विश्लेषण तथा व्यावहारिक आधार प्रदान गर्दै चौथो चरणको विश्वव्यापी आवधिक समीक्षा (यूपिआर) प्रतिवेदन तयार पार्न सहयोग गरेको छ। सोही आधारमा, यूपिआरका लागि महिला अधिकार सचिवालयको रूपमा ओरेकले चौथो चरणको प्रतिवेदन तयार गरी पेश गरेको छ।

- **बालविवाहका घटनामा जिल्ला अदालतबाट भएका फैसलाहरुको सम्बन्धमा गरिएको अनुसन्धानको नतिजा सार्वजनिक कार्यक्रम**

ओरेकको सहकार्यमा अनुसन्धानकर्ता अधिवक्ता श्री विनिता पाण्डेले सन् २०२१ देखि २०२४ सम्ममा नेपालको जिल्ला

अदालतमा दर्ता भएका बालविवाहको मुद्धा र यसमा जिल्ला अदालतले गरेको फैसलालाई विश्लेषण प्राप्त अनुसन्धानबाट आएका नतिजाहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा जुम मार्फत २ वटा वेविनार कार्यक्रम गरी सार्वजनिकरण गरिएको थियो । कार्यक्रममा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका सरकारी तथा गैरसरकारी संघ संस्थाका प्रतिनिधहरु, मानव अधिकारकर्मीहरु, सञ्चारकर्मीहरु, विभिन्न समूह सञ्जालका प्रतिनिधिहरु गरी १०० जना भन्दा बढीको सहभागिता रहेको थियो । उक्त अध्ययनमा १० जिल्ला अदालतहरू (दाङ्ग, धनुषा, सिराहा, सुर्खेत, सुनसरी, रौतहट, मोरङ, उदयपुर, रुपन्देही र सिन्धुली) मा मिति २०७८ देखि २०८१ सालसम्म दर्ता भएका २९ वटा बालविवाहसम्बन्धी घटनाहरूबाट सिर्जित ४८ वटा बालविवाहको मुद्दाहरुको फैसलाको विश्लेषण गरिएको थियो । यस अध्ययनको मुख्य नतिजाहरु अनुसार केवल ७% बालविवाहको मुद्दा बालिका स्वयंले जर्बजस्ती बालविवाह भयो भनेर दर्ता गरेको, ९३% दर्ता भएका बालविवाहका मुद्दा बाल प्रेम विवाह भएको, २९ वटा घटना दर्ता भएकोमा २२ वटा घटनामा बालिका विरुद्ध बालविवाहको कसुरको आरोप लगाएको र त्यसको ५९ प्रतिशत (१३ ओटा) मुद्दामा बालिकालाई कैद र जरीवानाको सजाय भएको पाइएको थियो भने बालविवाहको एउटा मुद्दामा मात्रै बालिकालाई, बालविवाहबाट पीडित/प्रभावित भएको भनि क्षतिपूर्ति दिएको पाइएको थियो ।

त्यस्तै, बालविवाह मुद्दामा २९ जना पुरुषलाई बालविवाह गरेको मुद्दा कानुनी प्रकृयामा ५८ प्रतिशत (१८ जना) लाई बालविवाह लगायत मुद्दामा सजाय सुनाइएको थियो जसमा ३ ओटा बालविवाह र जबरजस्ती करणीको फैसलामा दोषी ठहर गरिएका पुरुषहरु दलित समुदाय, मुस्लिम र जनजाति देखिएका थिए भने ५ ओटा बालविवाहका मुद्दाहरुमा बेहुलाका आफन्तहरुलाई बालविवाह गर्न सघाएको आरोप लगाइएकोमा ती सबै आरोपित व्यक्तिहरु दलित समुदायका थिए । यस सन्दर्भमा बालविवाह सम्बन्धी जिल्ला अदालतबाट भएका फैसलाहरुको नतिजा सार्वजनिक कार्यक्रममा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका सहभागीहरु तथा विभिन्न सरोकारवाला निकायहरूबाट अध्ययनका निष्कर्ष तथा सुझावहरुमा गहन छलफल गरिएको थियो र सोही छलफल तथा अध्ययनको निष्कर्षको आधारमा बालविवाहका विविध स्वरुपहरु जस्तैः बाल विवाह, छिटो विवाह र जर्बजस्ती विवाहलाई विशेष रूपमा सम्बोधन गर्न नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार प्रतिबद्धताहरू अनुरूप कानुन बनाउनका लागि कानुनमा संशोधन गर्न आवश्यक रहेकोमा छलफल गरिएको थियो ।

- **लैङ्गिक हिंसा प्रभावितहरुको न्यायिक प्रकृयामा देखिएको जटिलता र सम्वोधनमा सरोकारवालाको भुमिका विषयक नीतिगत संवाद सम्पन्न**

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान २०२४ को अवसरमा ०८ डिसेम्वर २०२४ मा काठमाण्डौमा नीति संवाद कार्यशाला सम्पन्न भएको थियो । ओरेक, एक्सन एड, महिला अधिकारका लागि राष्ट्रिय अभियान, तरङ्गिनी फाउण्डेसन र महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय सञ्जालको



संयुक्त आयोजनामा सम्पन्न कार्यक्रममा सरकारी निकाय, राष्ट्रिय महिला आयोग, नेपाल प्रहरी, कानुनविद्, पत्रकार, मानव अधिकार अभियन्ता र सामुदायिक संस्थाका प्रतिनिधि सहित ५० जनाको सहभागिता थियो । कार्यक्रममा स्थानीय तहमा संस्थागत संरचनाको सुदृढीकरण, घरेलु हिंसा विरुद्धको कानुनी व्यवस्थाको कार्यान्वयन, पीडित/प्रभावितहरूको न्यायमा पहुँच र व्यावहारिक चुनौती बारे कार्य पत्रहरू

*आफुमाथि भएको घरेलु हिंसाको घटनालाई महिलाले निकै साहस बटुलेर बाहिर ल्याउँछन् र उजुरी प्रक्रियामा जान्छन् । तर हाम्रो पितृसत्तात्मक सामाजिक संरचनाले उल्टो महिलालाई नै दोष लगाउने र सहन दबाव दिँदै घटनामा मेलामिलापमा जान बाध्य बनाइन्छ । जसको कारण महिलाले ज्यानै गुमाउनु परेको अवस्था छ ।*

*विन्द्रा महर्जन, अधिवक्ता (वक्ता प्यानल छलफल)*

प्रस्तुत गरिएको थियो । प्रस्तुत कार्यपत्रमा घरेलु हिंसालाई गम्भीर सामाजिक मुद्दाका रूपमा सम्बोधन गर्नुपर्ने, जबरजस्ती मेलमिलापको प्रवृत्ति अन्त्य गर्नुपर्ने, न्यायिक प्रक्रियामा देखिएका संरचनागत अवरोध हटाउनु पर्ने र हिंसा प्रभावितको स्रोत तथा सूचनामा पहुँच सुनिश्चित गर्नु पर्ने आवश्यकता औँल्याइएको थियो । कार्यपत्रको प्रस्तुतीकरण पश्चात गरिएको प्यानल छलफलमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक निर्देशनालय, उच्च अदालत, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय र महिला तथा सामाजिक मामिला समितिका प्रतिनिधिहरूले आ-आफ्ना भनाई राख्दै लैङ्गिक हिंसा न्यूनिकरणका लागि सबै तहबाट पहल र ऐक्यवद्धता अपरिहार्य रहेको उल्लेख गरेका थिए ।

- **लैङ्गिक उत्तरदायी तथा समावेशी शासनका लागि प्रतिविम्वात्मक संवाद**

स्थानीय तहमा बनेका नीति तथा कार्यान्वयन बिचको अन्तरलाई बुझ्न तथा सम्बोधन गर्न जनप्रतिनिधि, सरकारी कर्मचारी र नागरिक समाजको सहभागितामा मधेश प्रदेशको (जनकपुर, नगरियन , नवराजपुर, सिरहा, संखुवाना करकट्टी, अग्निशैर कृष्ण सावरण, बौद्धमाई, यमुनामाई, बिन्दवासिनी, पखमैनपुर, वीरगन्ज, आदर्शकोटवाल, चन्द्रपुर, राजपुर, गौर), सुदूरपश्चिम ( धनगढी, चुरे, गोदावरी, बेलौरी, दुर्गाथली, खप्तडचन्ना, मस्त आरएम, जोरयाल, दिपायल सिलगढी, बडिमालिका, कैलारी, घोडाघोडी) तथा कर्णाली प्रदेशको (वीरेन्द्रनगर, चौकुने, दुल्लु, भैरवी, नारायण, महाबु, शुभकालिका, खडाचक्र नगरपालिका, सानीभेरी, ठुलीभेरी नगरपालिका, भेरीगंगा नगरपालिका, पञ्चपुरी) स्थानीय तहका प्रतिनिधिहरुको सहभागितामा प्रतिविम्वात्मक संवाद कार्यक्रमहरू सम्पन्न गरियो । सहभागीहरूले स्थानीय तहमा बनेका नीति तथा कार्यान्वयनका अवरोधहरू पहिचान गर्दै व्यवहारिक सुझाव प्रस्तुत गरेका थिए । छलफलले स्थानीय तहमा लैङ्गिक उत्तरदायी तथा समावेशी शासन प्रवर्द्धनका लागि ठोस सहमति र कार्ययोजना बनाउन योगदान पुऱ्यायो । कार्यक्रम सम्पन्न गरिएका पालिकाहरुमा बनेका नीतिहरु परिचालनका लागि समितिहरु नबनेको, लैङ्गिक हिंसा निवारण कोष परिचालनका लाीग कार्यविधि नभएको, लैङ्गिक समानता नीति भए पनि सोही बमोजिम कार्ययोजना बनेर लैङ्गिक मैत्री बजेटहरु नछुट्टिएको, भएका नीति तथा स्थानीय तहबाट प्रवाह भइरहेका सेवाहरुमा समुदाय नै जानकार नभएको जस्ता अभावहरु पहिचान गरिएको थियो । कैलारी गाउँपालिका जनप्रतिनिधिले कार्यक्रमका क्रममा "जसका लागि नीति बन्छ उनीहरुको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्न पालिकाले अझै प्रयास गर्नुपर्छ भन्ने र पालिकाले बनाएका नीतिहरु समुदायका व्यक्तिहरुसम्म पुग्न नसकेको मलाई महशुस भयो ।"

छलफलका क्रममा पालिकाका प्रतिनिधिहरुले पालिकाबाट बनेका नीतिहरुलाई डिजिटलाईज गर्दै वेबसाइटमा राख्ने, लैङ्गिक हिंसा निवारण कोष परिचालन कार्यविधि बनाएर कोष परिचालन गर्ने, लैङ्गिक हिंसाका तथ्याङ्कलाई पालिकामा व्यवस्थित गर्ने, बनेका नीति तथा स्थानीय तहबाट प्रदान हुने सेवाहरुमा समुदायलाई ठुलो भेला मार्फत जानकारी दिने लगायतका प्रतिबद्धताहरु जनाएका थिए। साथै, विरेन्द्रनगर नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लै.स.सा.स.) नीति तयार गर्ने निर्णय गरेको थियो । सहभागीहरूको सक्रियता र संलग्नताले नीति सुधार, पारदर्शिता र जवाफदेहिता तर्फ ठोस प्रगति गर्ने आधार तयार गरेको छ, जसले आगामी दिनमा समावेशी शासनलाई थप संस्थागत गर्ने अपेक्षा गरिएको छ ।

- **लैङ्गिक हिंसा निवारण कोषको प्रभावकारी कार्यान्वयनको सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न**

उदयपुर, कैलाली र मोरङ जिल्लामा स्थानीय तह तथा महिला अधिकारका क्षेत्रमा कार्यरत संघ संस्थाहरु सँगको समन्वय सहकार्यमा लैङ्गिक हिंसा निवारण कोषको प्रभावकारी कार्यान्वयन, यसको पहुँच, चुनौती र सुधारका



उपाय बारे तीन वटा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको कार्यक्रममा स्थानीय जनप्रतिनिधि, समुदाय स्तरका महिला तथा युवा समूह, सञ्जाल, गैरसरकारी संस्थाका प्रतिनिधि तथा अन्य सरोकारवालाहरु सहित ३०० जना भन्दा बढीको सहभागितामा सम्पन्न भएको थियो । कार्यक्रममा सहभागीहरूले पालिकाले कार्यविधि बनाएर कोष परिचालन गरिरहेको भए पनि धेरै हिंसा प्रभावित महिलाहरूलाई सेवा तथा सुविधाबारे जानकारी नहुँदा सहायता प्राप्त गर्न नसकेको उल्लेख गर्दै, **"कोषको बारेमा समुदायलाई स्पष्ट जानकारी नपुग्दा वास्तविक पीडित तथा प्रभावितले सेवासम्म पुग्न कठिनाई भोगिरहेका छन्"** भन्ने बास्तविकता उजागर गरेको थिए । साथै सरकारवालाहरूले कोषलाई प्रभावकारी बनाउन समुदाय तहसम्म सूचना विस्तार, जोखिममा रहेका तथा कोषबाट सहयोग पाउने प्रक्रियाको सरलीकरण, तथा स्थानीय तह र सेवा-प्रदायक संस्था बीच समन्वय सुदृढ गर्नु पर्नेमा जोड दिएका थिए । कार्यक्रमले कोषलाई अझ पहुँचयोग्य र हिंसा प्रभावित महिलाको आवश्यकतामा आधारित रूपमा कार्यान्वयन गर्नका लागि स्थानीय तह तथा सरोकारवाला बीचको साझा प्रतिबद्धता, नियमित अनुगमन, र समुदायमा नै आधारित सचेतना कार्यक्रम अनिवार्य रहेको निष्कर्ष निकालेको थियो । स्थानीय जनप्रतिनिधिहरुले सोही बमोजिम पालिकाबाट योजना गर्ने प्रतिबद्धता पनि व्यक्त गरेको थिए ।

ओरेकले लैङ्गिक हिंसा निवारण कोषको स्थापना तथा यसको प्रभावकारी कार्यान्वयन तथा हिंसा प्रभावितको सहज पहुँचका लागि निरन्तर पैरवी गदै आएको छ । **यस वर्ष उदयपुरबाट २ जना, मोरङबाट १३ जना, सुनसरीबाट २ जना, कैलालीबाट १३ जना, दाङबाट ७ जना गरी ३७ जना हिंसा प्रभावित महिलाहरुले ओरेकको सहजीकरणमा कोषबाट रकम प्राप्त गरेका छन् ।**

- **"मानव बेचविखनको बदलिदो अवस्था र यसको सम्बोधनमा सरोकारवालाहरुको भूमिका" विषयक भर्चुअल अन्तरक्रिया कार्यक्रम सम्पन्न**

मानव बेचबिखन विरुद्वको अन्तराष्ट्रिय दिवसको अवसरमा ओरेक र सुनिता फाउन्डेसनको सहकार्यमा "मानव बेचविखनको बदलिदो अवस्थाः सम्बोधनमा सरोकारवालाहरुको भूमिका विषयक भर्चुअल कार्यशाला" ३१ जुलाई २०२४ मा सम्पन्न भयो । यस कार्यक्रममा राष्ट्रिय महिला आयोग, मानव बेचविखन तथा ओसारपसार नियन्त्रण शाखा (महिला, बालिबालिका तथा जेष्ठ नागरिक मन्त्रालय), मानव बेचविखन तथा ओसारपसार नियन्त्रण शाखा (राष्ट्रिय मानव अधिकार आयोग), विभिन्न जिल्लाका महिला मानव अधिकारका सवालमा कार्यरत सरोकारवाला निकायहरु र मानव अधिकार रक्षकहरु गरी जम्मा ६५ जनाको सहभगिता रहेको थियो । भर्चुअल माध्यमको प्रयोग गरी सञ्चालन गरिएको उक्त कार्यक्रममा कसरी बेचबिखनलाई विश्वव्यापीकरण र खुला अर्थनीतिले बढावा दिइरहेको छ र यसले गर्दा आर्थिक असमानता र श्रम शोषण जस्ता अभ्यासलाई प्रोत्साहन गर्छ भन्ने विषयमा छलफल गरिएको थियो । विशेषगरी मानव बेचबिखन नियन्त्रणसँग सम्बन्धित नीतिहरुको प्रभाकारी कार्यान्वयन हुनु पर्ने, समस्याको जरो कारण पत्ता लगाई त्यसको आधारमा पैरवी गर्नु पर्ने र अन्तर विभागीय समन्वयलाई प्रभावकारी बनाउनु पर्ने लगायतका सुझावहरु छलफलका क्रममा आएका थिए ।



कार्यक्रममा मानव बेचविखनको बदलिंदो स्वरूप र यसको रोकथाम सम्बन्धमा सम्बन्धित सरोकारवाला बीच साझा धारणा विकसित भएको थियो । ओरेकका तर्फबाट मानव बेचविखनको परिभाषा, बदलिंदो स्वरूप, यसलाई प्रभावित गर्ने तत्वहरू, मानव बेचविखन विरुद्धको ऐन २०६४ र पालेर्मो प्रोटोकल बारे प्रस्तुतीकरण गर्दै मानव बेचविखनको मुद्दालाई सतही रुपमा नभई यसको जरो कारणमा काम गर्नुपर्ने पक्षमा छलफल गरिएको थियो । सहभागीहरूले अहिले जोखिममा रहेका व्यक्तिहरू र रोकथाममा देखिएका चुनौतीहरूमा समेत विचार विमर्श गर्दै, सबै सरोकारवाला बीच साझा समझदारी र ऐक्यवद्ध अभियानको आवश्यकता औंल्याएका थिए ।

- **आप्रवासी तथा आप्रवासनबाट फर्किएर आएका महिला श्रमिकहरुको सामाजिक आर्थिक पुनर्स्थापनाका सवाल तथा चुनौती विषयक नीति सम्वाद कार्यक्रम सम्पन्न**

ओरेक र सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जाल (NNSM) को समन्वयमा २ सेप्टेम्बर २०२४ मा आप्रवासी तथा फर्किएका महिला श्रमिकहरूको सामाजिक-आर्थिक पुनर्स्थापनाबारे सरोकारवालासँग नीति संवाद कार्यक्रम सम्पन्न भयो । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री माननीय शारदसिंह भण्डारीको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा वैदेशिक रोजगार बोर्ड, विभाग, राष्ट्रिय मानव अधिकार आयोगका प्रतिनिधि, सरोकारवाला संघसंस्था, पत्रकार, अनुसन्धानकर्ता, ट्रेड युनियनका प्रतिनिधि तथा




फर्किएका महिलाहरूको सक्रिय सहभागिता रहेको थियो । कार्यक्रममा ओरेकका कार्यकारी निर्देशक सुनिता मैनालीले महिलावादी सहभागितामूलक क्रियात्मक अनुसन्धान (एफ्‌ञ्च) को नतिजा प्रस्तुत गर्दै पुन:एकीकरण र दिगो विकासका सवालमा आगामी कार्ययोजना सरोकारवालासँग साझा गर्नुभएको थियो । **कार्यक्रममा माननीय मन्त्री शारदसिंह भण्डारीले मन्त्रालयका कार्यक्रम, कार्ययोजना तथा भावी प्राथमिकताबारे जानकारी दिँदै आप्रवासी महिलाका समस्या समाधानमा प्रतिबद्धता व्यक्त गर्नुभयो ।**

कार्यक्रमले उपस्थित सरोकारवालाहरुको सहमतिमा १३ बुँदे प्रतिबद्धता तयार पारेको थियो । जसमा विशेष गरी महिला श्रमिकहरुलाई वैदेशिक रोजगारीमा जान निषेधित गर्ने संरक्षणवादी र प्रतिबन्धात्मक व्यवस्थाहरू हटाइने र गन्तव्य मुलुकहरुसँग कानूनी रूपमा बाध्यकारी श्रम सम्झौता गरिने, वैदेशिक रोजगारका लागि काम गर्ने एजेन्सीहरू र अध्यागमन अधिकारीहरूको नियमित रुपमा नियमन र अनुगमन गरिने, वैदेशिक रोजगारीबाट फर्केकाहरूका लागि पुन:एकीकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९ लैङ्गिक दृष्टिकोणबाट संशोधन गरिने र सबै आप्रवासी कामदारहरू तथा तिनका परिवारका सदस्यहरूको अधिकार संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९० तथा अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) महासन्धि-१८९ र १९० अनुमोदन गरिने, वैदेशिक रोजगारीका क्रममा रहेका वा फर्किएका महिला श्रमिकहरुबाट जन्मिएका शिशुहरुको पञ्जिकरण (जन्मदर्ता, नागरिकता, आदि) सुनिश्चित गर्दै उनीहरुको राज्यविहिनताको अवस्था अन्त्य गर्नका लागि आवश्यक व्यवस्था मिलाइने लगायतका सवालमा ऐकवद्धता रहेको थियो ।

- **सुनिता दनुवार स्मृति व्याख्यान श्रृखंला (Sunita Danuwar Memorial Lecture Series) सुभारम्भ**

मानव बेचविखन विरुद्धको अभियानमा निरन्तर क्रियाशील योद्धा, शक्ति समूह र सुनिता फाउण्डेसनका संस्थापक तथा महिला पुनर्स्थापना केन्द्र (ओरेक) का उपाध्यक्ष स्वर्गीय सुनिता दनुवारको सम्झनामा मिति २०८१ पौष १६ गते राष्ट्रिय मानव अधिकार आयोगमा गरिएको श्रद्धाञ्जली सभामा **"सुनिता दनुवार स्मृति व्याख्यान श्रृखंला"** सुभारम्भ भएको छ । स्वर्गीय दनुवारको स्मृतिमा श्रद्धासुमन व्यक्त गर्ने तथा मानव बेचबिखन विरुद्ध र महिला अधिकारको आन्दोलनमा उहाँले पुऱ्याउनु भएको योगदानको सम्मान स्वरुप उक्त श्रृंखलाको शुरुवात गरिएको हो । यस संवाद श्रृंखलाले विभिन्न प्राज्ञिक व्यक्ति, अनुसन्धानकर्ता, नेता, मानव अधिकारकर्मी आदिलाई एकै ठाउँमा ल्याई मानव बेचविखन विरुद्धको आन्दोलनलाई महिलावादी दृष्टिकोणबाट विश्लेषण गर्न, मानब बेचबिखनको बदलिँदो स्वरुप, कारणहरु र आगामी कार्यदिशा तय गर्न सैद्धान्तिक र नीतिगत बहस गर्ने वातावरण सिर्जना गर्नेछ भन्ने विश्वास लिइएको छ ।



उक्त कार्यक्रममा उपस्थित सहभागिहरुले मानव बेचविखन तथा मानव अधिकारको आन्दोलनमा अग्रणी भुमिका निभाउदै विश्वमाझ आसुँलाई शक्तिमा बदल्दै आफ्नो पहिचान स्थापित गर्ने नेताको रुपमा स्वर्गीय दनुवारलाई स्मरण गरेका थिए। साथै आफ्नो जीवनभर आफु जस्तै समस्यामा परेका महिलाहरुको अधिकार, न्याय र समानताका लागि गर्नु भएको निरन्तर संघर्ष सबैका लागि प्रेरणाको स्रोत बनेको र महिलावादी आन्दोलनमा उहाँले पुऱ्याउनु भएको योगदानलाई जीवन्त बनाइरहनु र यसले हजारौं महिलाहरूलाई आफ्नै जीवनको भोगाई, समाजमा रहेको विभेद र असमानताको विरुद्धमा लड्ने प्रेरणा दिएको भन्दै उहाँको योगदानलाई सम्झेका थिए। श्रद्धाञ्जली सभामा राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, नेपाल प्रहरी, नागरिक समाज लगायत विभिन्न संघसंस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो। स्वर्गीय दनुवारको योगदानलाई निरन्तरता दिने र उहाँको परिकल्पनालाई मूर्तरुप दिने दिशातर्फ अग्रसर यस संवाद श्रृंखलामा मानव अधिकारको क्षेत्रमा संघर्षरत सबै जनलाई सहयोग तथा ऐक्यवद्धताको लागि आग्रह गरिएको थियो।

- **महिला मानव अधिकार रक्षकहरुको पहिचान र सुरक्षाको सवाल सम्बोधनका लागि राज्यको जवाफदेहीता" विषयक भर्चुअल कार्यशाला सम्पन्न**

सप्तरी जिल्लाको महादेवा गाउँपालिकामा ओरेकद्धारा सञ्चालित महिलामैत्री स्थल (स्नेह केन्द्र) मा कार्यरत कर्मचारी महिला मानव अधिकार रक्षकहरुलाई लक्षित गरि भएको यौन दूर्व्यवहारको घटना र सो घटनामा प्रहरी प्रशासन लगायत सरकारी संयन्त्रहरुबाट तत्काल सहयोग नभएको कारण उक्त घटनालाई अन्तराष्ट्रिय संयन्त्रमा समेत पठाइएको थियो। सोही घटना तथा समुदाय तहमा अग्रपंक्तिमा रहेर काम




गरिरहेका महिला मानव अधिकार रक्षकहरु माथि बढ्दो असुरक्षा तथा जोखिम र यसको सम्बोधनका लागि आगामी बाटोको सम्बन्धमा छलफल गर्ने, मानव अधिकारको संरक्षण र सम्वर्द्धनका लागि भएका कानुनी व्यवस्थाहरु र यसको कार्यान्वयनको अवस्थाको बारेमा छलफल गरी आगामी दिनमा संयुक्त रुपमा कसरी अगाडि बढ्न सकिन्छ भन्ने उद्देश्यले जुलाई २०२४ मा भर्चुअल अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो। करिव १०० जना भन्दा बढीको उपस्थितिमा सम्पन्न उक्त भर्चुअल कार्यक्रममा समाजमा रहेको संरचनात्मक विभेद तथा असमान शक्ति सम्बन्धलाई चुनौती दिँदै न्याय र समानताको पक्षमा निरन्तर वकालत गर्ने महिला मानव अधिकार रक्षकहरुले नेतृत्व गरेका संस्थाहरुले विभिन्न हिंसा, सुरक्षा जोखिम तथा चुनौतीहरुको सामना गर्नु परिरहेको वर्तमान स्थिति माथि विभिन्न घटना तथा तथ्य सहित छलफल गरिएको थियो। यस कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका सचिव श्री मुरारी खरेल, सहसचिव श्री सम्झना शर्मा, गृह मन्त्रालयका मानव अधिकार प्रवर्द्धन शाखा प्रमुख तथा उपसचिव श्री अजिता शर्मा लगायतको उपस्थिति रहेको थियो। कार्यक्रमलाई सम्बोधन गर्दै सबैले मानव अधिकारको सुनिश्चितताका लागि कानुनी रूपमा आ-आफ्नो स्थानबाट पहल गर्ने र अघि बढ्ने प्रतिबद्धता जाहेर गरिएको थियो। साथै विभिन्न संघ संस्था, महिला मानव अधिकार रक्षकहरु र सञ्चारकर्मीहरुले समेत आफ्ना भनाई व्यक्त गरेका थिए।

- **वैदेशिक रोजगारबाट फर्किएका महिलाहरुको सामाजिक, आर्थिक पुनःएकीकरणमा हाम्रो भूमिका विषयक संवाद कार्यक्रम सम्पन्न**

ओरेक र महिला मानव अधिकार रक्षक संजाल कैलालीको संयुक्त आयोजनामा वैदेशिक रोजगारबाट फर्किएका महिलाहरुको सामाजिक र आर्थिक पुनर्एकिकरण र बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुनःएकीकरण कार्यक्रम संचालन तथा व्यवस्थापन निर्देशिका २०७९ मा महिलावादी दृष्टिकोणबाट विश्लेषण र कार्यन्वयनमा स्थानीय सरकार, नागरिक समाज, जनप्रतिनिधि लगायतको अन्य सरोकारवालाहरुलाई जिम्मेवार बनाउने र आम सचेतीकरण गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको थियो। उक्त कार्यक्रममा पालिकाको उप-प्रमुख, संयुक्त ट्रेड युनियनको

प्रदेश अध्यक्ष, श्रम तथा रोजगार कार्यालयका प्रमुख र वैदेशिक रोजगारबाट फर्केका श्रमिक महिलाहरु वक्ताको रुपमा रहेका थिए भने उक्त कार्यक्रममा खुल्ला छलफलबाट सहभागीहरुको प्रतिक्रिया लिइएको थियो ।

सामाजिक विकास मन्त्रालयका राज्यमन्त्री प्रमुख अतिथि भएको यस कार्यक्रममा वडा अध्यक्ष, वडा सदस्य, मानव अधिकार आयोग, श्रम तथा रोजगार कार्यालयका प्रमुख, ट्रेड युनियन, महिला श्रमिक, पत्रकार वैदेशिक रोजगारीबाट फर्केका महिला, सरकारी तथा गैर सरकारी संस्थाका प्रमुख तथा प्रतिनिधि लगायतको ५० जनाको सहभागिता रहेको थियो । कार्यक्रममा पहिलो सत्रमा वैदेशिक रोजगारबाट फर्किएका महिलाहरुको सामाजिक र आर्थिक पुनःएकीकरण र वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुनःएकीकरण कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७९ को बारेमा महिलावादी दृष्टिकोणबाट विश्लेषण गरी प्रस्तुतीकरण गरिएको थियो । कार्यक्रमको दोस्रो सत्रमा पालिकाका प्रतिनिधिहरु सहित सम्बन्धित सरोकारवालाहरुले पुनःएकीकरण निर्देशिका २०७९ को प्रभावकारी कार्यान्वयनका लागि आवश्यक बजेट विनियोजन गर्ने र उक्त निर्देशिकालाई महिलावादी दृष्टिकोणबाट विश्लेषण गरेर महिलाहरुको सवाल र आवश्यकतालाई सम्बोधन गर्ने प्रतिबद्धता जनाएका थिए ।

- **'Labor, Legacy, Liberation: Reclaiming Women's Work in the Struggle for Equality' विषयक वेबिनार सम्पन्न**

११५ औं अन्तराष्ट्रिय श्रमिक महिला दिवसको सन्दर्भमा ओरेकको आयोजना र युवालयको सहकार्यमा मार्च १७, २०२५ मा 'Labor, Legacy, Liberation: Reclaiming Women's Work in the Struggle for Equality' विषयक वेविनार लगभग ७० भन्दा बढी श्रम अधिकारका क्षेत्रमा कार्यरत अभियन्ता, सञ्चारकर्मी, श्रमिकहरू लगायतको सहभागितामा सम्पन्न भयो । डा. विन्दा पाण्डे (महिलावादी राजनीतिक अभियन्ता) तथा सीता लामा (जिफण्ट उपाध्यक्ष) द्वारा सहजीकरण गरिएको वेबिनारमा विशेषतः अन्तराष्ट्रिय श्रमिक महिला दिवसको इतिहास, उपलब्धि र माग साथै आगामी पैरवीका एजेण्डाहरूमा छलफल गरिएको थियो ।

उक्त कार्यक्रम विशेष गरी ०८ मार्चलाई अन्तर्राष्ट्रिय महिला दिवसका रूपमा मनाइन्छ, तर यसको श्रमिक आन्दोलनसँग जोडिएको ऐतिहासिक महत्व क्रमशः ओझेलमा पर्दै गएको छ । हाल अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसलाई विभिन्न नाम जस्तै महिला दिवस, नारी दिवस, वा श्रमिक महिला दिवसले मनाउने प्रवृत्ति बढ्दो छ । यसले श्रमिक महिलाहरूको ऐतिहासिक योगदानलाई स्पष्ट पार्ने आवश्यकता अझ बढी देखिएकोले यस वेबिनारको आयोजना गरिएको थियो । कार्यक्रममा महिला मानव अधिकारकर्मी तथा राजनीतिक विश्लेषक डा. बिन्दा पाण्डेको सहजीकरण र श्रमिक आन्दोलनका अग्रणी नेता सीता लामाको प्रस्तुतिसहित छलफल सम्पन्न भएको थियो ।

- **"नेपालमा घरेलु श्रमिकको अवस्था र श्रम अधिकारको सुनिश्चितता" विषयक गोलमेच परामर्श कार्यशाला सम्मन्न**

अन्तर्राष्ट्रिय घरेलु श्रमिक दिवस (जुन १६) को अवसरमा ओरेकले युवालय, तरंगिनी फाउन्डेसन र अक्सफाम नेपालको सहकार्यमा २०, २३ र २५ जुन २०२५ मा क्रमशः कोशी, प्रतिबद्धता प्रदेश र काठमाडौंमा "नेपालमा घरेलु श्रमिकहरूको अवस्था र श्रम अधिकार सुनिश्चितता" विषयक प्रदेश तथा राष्ट्रिय स्तरको गोलमेच कार्यशालाहरू आयोजना गरेको थियो ।




कार्यक्रममा महिला घरेलु श्रमिकहरुले पारिश्रमिक असमानता, लामो कार्य घण्टा, सुरक्षा र न्यायमा पहुँच अभाव, कामको मान्यता नपाउनु जस्ता चुनौतीहरू साझा गरेका थिए । सहभागीहरूले महिलाको श्रमलाई औपचारिक र सम्मानजनक पेशाको रूपमा मान्यता दिनुपर्ने, स्थानीय सरकार र आयोग मार्फत श्रमिकको सूचीकरणका लागि पहल गर्नुपर्ने, तथा घरेलु श्रमिकलाई सार्वजनिक नीति र कानुनी

संरचनामा संस्थागत रूपमा समेट्नुपर्नेमा जोड दिएका थिए । कार्यक्रमको सहजीकरण गर्दै ओरेकका संस्थापक अध्यक्षले हरेक व्यक्तिले मर्यादित श्रम गर्न सक्ने वातावरण नहुन्जेलसम्म समाज समृद्ध नहुनेमा जोड दिनुभएको थियो । विज्ञ तथा समाजशास्त्री डा. मीना पौडेलको विचारमा जबसम्म हामीले घरेलु श्रम प्रतिको दृष्टिकोण र हाम्रो शिक्षा नीति, सीप नीति, व्यवसायिक नीति, हाम्रा सोच र चिन्तनहरु फेर्दैनौं, तबसम्म परिवर्तन आउदैन । कानुनी नीति र राजनीतिक घोषणापत्र भन्दा पनि सांस्कृतिक संरचना र व्यवहारहरुलाई राजनीतिक, कानुनी, सामाजिक रुपले संस्थागत गरिएको कारणले नै घरेलु श्रमिकहरुको अवस्था र श्रम अधिकारको सुनिश्चितता गर्न समस्या परिरहेको छ भन्नेमा जोड दिनु भएको थियो । कार्यक्रममा बोल्दै गाउँ पालिका महासंघका कार्यकारी निर्देशकले घरेलु श्रमिकको सूचिकरणका लागि गरिएको शुरुवातको सम्बन्धमा महासंघ नै अनभिज्ञ रहेको भन्दै आगामी दिनमा यस्तो पहलको दस्तावेजीकरण गरी सूचिकणको शुरुवात गर्ने पालिकालाई सम्मान गर्नका लागि पहल गरिने जानकारी दिँदै, संघको तर्फबाट सूचिकरणका लागि स्थानीय तहमा पहल समेत गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

कार्यशालामा श्रम तथा रोजगार मन्त्रालय, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सामाजिक सुरक्षा कोष, राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय महिला आयोग, स्थानीय सरकारका प्रतिनिधि, महिला घरेलु श्रमिकहरु, श्रमिक संघ-संगठन, संचारकर्मी र महिला मानव अधिकारकर्मी गरी कोशी प्रदेशमा ७७, प्रतिबद्धतामा ८८ र काठमाडौंमा ६६ जना सहभागी थिए ।

## छलफल तथा अन्तरक्रिया कार्यक्रम कार्यक्रम

- **महिलामाथि हुने हिंसा न्यूनीकरणका लागि सञ्चार माध्यमको भूमिका विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न**

मिति २०८१ साउन ०९ गते उदयपुर जिल्लाको त्रियुगा नगरपालिकामा ओरेक र तरङ्गिनी फाउण्डेशनको संयुक्त आयोजनामा **“महिलामाथि हुने हिंसा न्यूनीकरणमा सञ्चार माध्यमको भूमिका”** विषयक पत्रकारहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । महिला हिंसा न्यूनीकरणमा सञ्चार माध्यमले खेल्ने भूमिका बारे छलफल गर्नु तथा लैङ्गिकमैत्री समाचार सम्प्रेषणका आवश्यकताहरूको समिक्षा गर्नु कार्यक्रमको उद्देश्य रहेको थियो ।

कार्यक्रममा सहभागीहरूले सञ्चार माध्यमबाट प्रवाहित हुने समाचार, विज्ञापन, कथा तथा अन्य सामग्रीहरू सबै लैङ्गिकमैत्री हुनुपर्ने आवश्यकतामा जोड दिएका थिए । साथै, समुदाय तहमा भएका लैङ्गिक हिंसाका घटनाहरूको रिपोर्ट गर्दा पीडित तथा प्रभावितको गोपनीयता कायम राख्ने, तथ्य र प्रमाण प्रमाणीकरण गर्ने, घटनाको मूल कारण पत्ता लगाएर विश्लेषणात्मक र न्यायमुखी दृष्टिकोणबाट समाचार तयार गर्ने आवश्यकतामा छलफल गरिएको थियो । कार्यक्रममा २८ जना सञ्चारकर्मी र मानवअधिकार क्षेत्रमा कार्यरत अधिकारकर्मीहरूले सहभागिता जनाएका थिए ।

- **असुरक्षित आप्रवासन र मानव बेचबिखन न्यूनीकरणमा भूमिका विषयक कार्यशाला गोष्ठी**

ओरेकले रुकुम पश्चिमको मुसिकोट, बाफिकोट र त्रिवेणी मा र दाङको तुल्सीपुर र दगिंशरण पालिकामा स्थानीय सरकारका जनप्रतिनिधि तथा कर्मचारीहरूसँग कार्यशाला-गोष्ठीहरू आयोजना गरेको थियो । यी गोष्ठीहरूमा असुरक्षित आप्रवासन, मानव बेचबिखन, र ओसारपसारको जोखिम न्यूनीकरणमा स्थानीय सरकारको भूमिका, वैदेशिक रोजगारीमा गएका र फर्किएका व्यक्तिहरूको अवस्था, तथ्याङ्क व्यवस्थापन, तथा जोखिम न्यूनीकरणका लागि योजना निर्माण बारे गहिरो छलफल गरिएको थियो । रुकुम पश्चिम (त्रिवेणी, बाफिकोट, मुसिकोट) मा २८ जना (१५ महिला, १३ पुरुष) र दाङ (घोराही, तुलसीपुर, दंगीशरण) मा ४० जना (२४ महिला, १६ पुरुष) गरी जम्मा ६८ जना (३९ महिला, २९ पुरुष) सहभागी भए । यस पहलले स्थानीय सरकारलाई आप्रवासन सम्बन्धी नीति निर्माण र जोखिम न्यूनीकरणमा प्रतिबद्ध बनाउन तथा प्रवासीहरूको संरक्षणमा थप सुनिश्चितता प्रदान गर्न लक्ष्य राखेको थियो । यस कार्यशाला गोष्ठीको क्रममा बाँफिकाटका अध्यक्षले आफ्नो पालिकाका अधिकांश युवाहरु अनौपचारिक रुपबाट तेस्रोमुलुकबाट अमेरिका गएको र पालिकाको अर्थ बाहिरिएको, युवाको भविश्य अन्योल भएकाले पालिकाका विकास नै कस्का लागि भन्ने लाग्छ भन्ने गम्भिर वास्तविकता बताउनु भएको थियो ।

- **असुरक्षित अप्रवासन, मानव बेचविखन तथा ओसार-पसारको जोखिम न्यूनीकरणमा युवाको भूमिका विषयक अभिमुखीकरण कार्यक्रम**

ओरेकले रुकुम पश्चिम र दाङ जिल्लामा असुरक्षित आप्रवासन, मानव बेचबिखन तथा ओसारपसारको जोखिम न्यूनिकरणका लागि युवाहरूसँग अभिमुखिकरण कार्यक्रमहरू सञ्चालन गरेको छ । कार्यक्रममा रुकुम पश्चिमको त्रिवेणी, बाफिकोट र मुसिकोटबाट २४ जना युवा (१६ महिला, ८ पुरुष) र दाङको घोराही, तुलसीपुर र दंगीशरणबाट २३ जना युवा (यूवा सञ्जाल सदस्यहरू) सहभागी भएका थिए । कार्यक्रमको मुख्य उद्देश्य युवालाई वैदेशिक रोजगार र आप्रवासनमा लाग्ने जोखिमबारे सचेत गराउनु, मानव बेचबिखन र ओसारपसारका सम्भावित खतरा न्यूनिकरणका उपायमा युवालाई सक्षम बनाउनु तथा सुरक्षित आप्रवासन र स्वच्छ रोजगार प्रवाहका विकल्पहरूबारे जानकारी प्रदान गर्नु थियो ।

कार्यक्रमहरूमा जोखिम र अनुभव बारे खुला सम्वाद, समूहगत छलफल, सहभागीतामूलक अभ्यास र अन्तरक्रिया मार्फत युवाको भूमिका र जिम्मेवारीबारे सशक्तिकरण गरिएको थियो । यी अभिमुखिकरणले युवा सहभागीहरूलाई जोखिम मूल्याङ्कन, सचेतना र सक्रिय निर्णय क्षमतामा सशक्त बनाउँदै मानव बेचबिखन र असुरक्षित आप्रवासन विरुद्ध चेतना अभिवृद्धि गरेको छ । युवा सञ्जाल मार्फत स्थानीय तथा राष्ट्रिय स्तरमा संरक्षण र प्रतिकार्यका लागि समन्वय र अभियानहरू सुदृढ भएका छन् । यसरी, ओरेकका यी प्रयासहरूले दिगो र सुरक्षित आप्रवासन, मानव अधिकारको संरक्षण, र आप्रवासनसँग सम्बन्धित सामाजिक अन्याय न्यूनीकरणमा महत्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ ।



**"युवापुस्ता सबै वाहिर जाने त्यसमा पनि अमेरिकाको सपना बुनेर परिवारको जीवन वर्वाद भएको छ, यो अनौपचारिक हो र यसमा धेरै चुनौति र जोखिम छ, त्यसैले यसका बारेमा जनचेतना फैलाउँदै पालिका स्तरमा यसको रोकथाम, प्रतिकार्य र उद्धारका लागि कानुनी व्यवस्था गर्न जरुरी छ, यसका लागि हामी युवाको मुख्य भुमिका हुने भएकाले अवका हाम्रा योजना सोही अनुसार बनाइ अभियान सञ्चालन गर्ने छौं ।"-सचिव युवा सञ्जाल, तुल्सीपुर ।**

त्यस्तै मिति २०८२ साल जेष्ठ २० गतेका दिन धरानमा वैदेशिक रोजगारबाट फर्किएका र वैदेशिक रोजगारमा जान लागेका जम्मा १२ जना महिलाहरुलाई मानव बेचविखन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको थियो । उक्त कार्यक्रममा वैदेशिक रोजगारमा जानु अघि के के कुरामा ख्याल गर्ने, कस्तो प्रकियाबाट र कसरी जाने, वैदेशिक रोजगारमा जाँदा के के कुरामा ख्याल गर्ने, कागतपत्रहरु कसरी सुरक्षित राख्ने, कस्ता सिपहरु सिकेर जाने र वैदेशिक रोजगारीबाट फर्केका महिलाहरुको अनुभव आदान प्रदान गरियो । यस क्रममा वैदेशिक रोजगारको जानकारी, पुर्व तथा पश्चात तयार, यात्रा गर्ने देशको नियम र गन्तव्य देशको कानुनी प्रावधानका बारेमा जानकारी लिन जरुरी रहेको र आफ्ना अधिकारका बारेमा जानकार लिएर आफ्ना आवश्यक कागजपत्रको प्रतिलिपी आफुसँग राखी मानव बेचविखनको जोखिमबाट बच्न सकिने कुरा उक्त अभिमुखिकरणमा छलफल गरिएको थियो ।

## अभियान तथा पैरवी

- **लोकतन्त्र र महिला अधिकारका लागि दबाब अभियान**

लोकतन्त्र बिना महिला अधिकारको परिकल्पना गर्न सकिँदैन । लामो संघर्षबाट प्राप्त लोकतन्त्र सुदृढ तथा संस्थागत गर्नु हामी सबैको जिम्मेवारी हो । महिला अधिकार र समावेशी लोकतन्त्र सुदृढ गर्नका लागि व्यापक नागरिक सहभागिता, नीतिगत सुधार र राजनीतिक दलहरूलाई जवाफदेही बनाउनु पर्ने अहिलेको आवश्यकतालाई मध्यनजर गर्दै यस वर्षको गणतन्त्र दिवसको सन्दर्भ पारेर लोकतन्त्रमा विश्वास राख्ने ३० भन्दा बढी संघ संस्था, व्यक्ति, समूह, सञ्जाल, सञ्चारकर्मीहरुको संयुक्त आयोजना, डा.रेणु अधिकारीको संयोजकत्वमा "लोकतन्त्र र महिला अधिकारका लागि दबाब

अभियान" सुरुवात गरिएको छ। अहिले यो अभियान देशको ७ वटै प्रदेशमा पुगेको छ। यो अभियानसँग अहिले लोकतन्त्र र महिला अधिकारमा विश्वास राख्ने हजारौं मानिसहरु जोडिने क्रम बढ्दो छ। गणतन्त्र दिवसको अवसर पारेर सुरू भएको यस अभियानले समुदाय तहदेखि राष्ट्रिय तहसम्म लोकतान्त्रिक मूल्य र महिला अधिकारको संरक्षण, प्रवर्द्धन र सुदृढीकरणमा दबाब सिर्जना गर्दै सामाजिक न्यायमा आधारित लोकतन्त्रलाई संस्थागत बनाउन योगदान पुऱ्याउने विश्वास लिइएको छ।

- **७ वटै प्रदेशमा प्रदेशस्तरीय लोकतन्त्र र महिला अधिकारका लागि दबाब वेवीनार सम्पन्न**

लोकतन्त्र र महिला अधिकारका लागि दबाब अभियान अन्तर्गत जुन ११, १२, १३ र १५ मा कोशी, मधेश, बागमती, गण्डकी, प्रतिबद्धता, कर्णाली र सुदूरपश्चिम प्रदेशमा प्रदेश स्तरीय वेविनारहरू सफलतापूर्वक सम्पन्न भएका छन्। भर्चुअल रुपमा गरिएको उक्त वेविनारहरूमा सात वटै प्रदेशका महिला नेतृहरू, महिला मानव अधिकार रक्षकहरू, सञ्चारकर्मीहरू, सामाजिक अभियन्ताहरू तथा विविध क्षेत्रका प्रतिनिधिहरू गरी ५०० भन्दा बढीको सक्रिय सहभागिता रहेको थियो। कार्यक्रममा लोकतन्त्र प्रति विद्यमान राजनीतिक उदासीनता र महिला अधिकारको प्रभावकारी कार्यान्वयनमा देखिएको कमजोरी माथि गम्भीर र आलोचनात्मक छलफल गरिएको थियो। सहभागीहरूले वर्तमान राजनीतिक परिदृश्यमा लोकतान्त्रिक अभ्यास माथि बढ्दो जोखिम र महिला अधिकार प्रति देखिएको गहिरो उपेक्षालाई गम्भीर चासोको रूपमा प्रस्तुत गरेका थिए।

सहभागीहरुले लोकतान्त्रिक मूल्य, समावेशी शासन प्रणाली र महिला नेतृत्वको अनिवार्यता औंल्याउँदै, स्थानीयदेखि




संघीय तहसम्म सबै स्तरमा खबरदारी र साझा दबाब आवश्यक रहेकोमा जोड दिए। कार्यक्रमको सहजीकरण अभियान संयोजक डा. रेणु अधिकारीले गर्नुभएको थियो। उहाँले वर्तमान राजनीतिक नेतृत्वको निष्क्रियता र त्यसले नागरिक अधिकार तथा लोकतान्त्रिक अभ्यासमा पारिरहेको नकारात्मक प्रभाव प्रति चिन्ता व्यक्त गर्दै, लोकतन्त्रमा विश्वास राख्ने महिलाहरू एकजुट भई टोल, वडा, स्थानीय तह हुँदै केन्द्रसम्म सशक्त आवाज उठाउनु अपरिहार्य भएको स्पष्ट रूपमा औंल्याउनु भएको थियो।

कार्यक्रममा श्रम, पहिचान र निर्णय प्रक्रियामा महिलाको समान सहभागिता सुनिश्चित गर्न लोकतान्त्रिक अभ्यासको सुदृढीकरण अनिवार्य रहेकोमा विशेष जोड दिइएको थियो। सहभागीहरूले "लोकतन्त्रको विकल्प रूपान्तरण सहितको लोकतन्त्र नै हो" भन्ने साझा निष्कर्ष निकालिएको थियो। यी वेविनारहरूबाट लोकतान्त्रिक मूल्य, समावेशी शासन प्रणाली र लैङ्गिक समानताको पक्षमा सशक्त पैरवी मात्र नभई, आगामी दिनहरूमा महिला अधिकारका सवालमा अझ सशक्त, संगठित र रणनीतिक दबाब अभियान सञ्चालन गर्ने स्पष्ट प्रतिबद्धता समेत व्यक्त गरिएको छ।

- **राजनीतिक दलका नेताहरुलाई ध्यानाकर्षण**

"लोकतन्त्र र महिला अधिकारका लागि दबाब अभियान" अन्तर्गत मिति २०८२ असार २ गते नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री माननीय शेरबहादुर देउवा र प्रतिनिधि सभाका सांसद तथा महामन्त्री माननीय गगन थापा र असार १७ गते नेपाल कम्युनिष्ट पार्टी एमालेका वरिष्ठ उपाध्यक्ष तथा कार्यवाहक अध्यक्ष ईश्वर पोखरेललाई ध्यानाकर्षण पत्र बुझाएको थियो। ७ वटै प्रदेशमा आयोजित वेविनार मार्फत उठेका सवाल र सरोकारमा आधारित सो ध्यानाकर्षण पत्र मार्फत सत्तामा रहेका र प्रमुख लोकतान्त्रिक राजनीतिक दलहरूको कार्यशैली, बढ्दो भ्रष्टाचार, दण्डहीनता, महिला अधिकार प्रति देखिएको उदासीनता र कमजोर लोकतान्त्रिक चरित्र प्रति गम्भीर चिन्ता व्यक्त गरिएको छ। महिला अधिकार र समावेशी लोकतन्त्रको संरक्षण र सुदृढीकरणका लागि अब नीतिगत सुधार, नागरिक सहभागिता र राजनीतिक जवाफदेहिता अपरिहार्य भएको भन्दै, सबै दलहरूलाई आत्म-समिक्षा गर्न र लोकतान्त्रिक मूल्यमा आधारित शासन प्रणाली अवलम्वन गर्न आग्रह गरिएको थियो।

## • जिल्ला स्तरीय अन्तरक्रिया कार्यक्रम

**“लोकतन्त्र र महिला अधिकारका लागि दबाब अभियान”** अन्तर्गत कोशी, लुम्बिनी प्रदेशमा प्रदेश स्तरीय र काठमाडौंमा जिल्लास्तरीय अन्तरक्रिया कार्यत्रम सम्पन्न भएको छ । जसमा मोरङ, सुनसरी, उदयपुर, झापा, धनकुटा, सिरहा, महोत्तरी, धनुषा, बाके, बर्दिया, रोल्पा, दाङ, अर्घाखाँची, गुल्मी, पाल्पा, कपिलवस्तु, रूपन्देही र काठमाडौं गरी जम्मा १८ जिल्लाबाट करिब २२५ सरोकारवालाहरूले सहभागिता जनाएका थिए । कार्यक्रममा महिला नेताहरू, महिला मानवअधिकार रक्षक, सञ्चारकर्मी, सामाजिक अभियन्ता, राजनीतिक प्रतिनिधि र स्थानीय सरकारका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । महिला अधिकारको सुनिश्चितता, संवैधानिक अधिकारको प्रभावकारी कार्यान्वयन, लोकतन्त्रको संस्थागत र उत्तरदायी संरक्षण, पार्टीगत स्वार्थभन्दा माथि उठेर साझा ऐक्यबद्धता प्रदर्शन, महिला नेतृत्व र समान सहभागिता, स्थानीयदेखि संघीय तहसम्म संगठित दबाब अभियानको आवश्यकता, लैङ्गिक समानता र महिला अधिकारको रक्षा तथा सम्बर्द्धन, र महिला अधिकार सुनिश्चित नगरी लोकतन्त्र अधुरो रहने निस्कर्ष निकालेका थिए ।










सरोकारवालाहरूले स्थानीय तहदेखि केद्रसम्म महिला अधिकारको संरक्षणमा सशक्त आवाज उठाउन, साझा रणनीति निर्माण गर्न, नियमित बैठक र संवाद मार्फत ऐक्यबद्धता कायम राख्न र समुदाय स्तरसम्म अभियान विस्तार गर्न आवश्यक रहेकोमा जोड दिए । अभियानका संयोजक डा. रेणु अधिकारीले सबै तहमा निरन्तर दबाब र संगठित पहलको माध्यमबाट महिला अधिकार र लोकतन्त्रको सुनिश्चित गर्नु अपरिहार्य रहेको जनाउनु भएको थियो ।

यसरी, यी अन्तरक्रिया कार्यक्रमहरूले महिला अधिकारको संरक्षण, लैङ्गिक समानता र लोकतन्त्रको संस्थागत प्रवर्द्धनका लागि सबै सरोकारवाला बीच साझा समझदारी र ऐक्यबद्धता आवश्यक रहेको कुरा स्पष्ट रुपमा देखाएको थियो ।

## • विद्यार्थी युवा नेताहरुसंग संवाद कार्यक्रम

लोकतन्त्र र महिला अधिकारका लागि दबाब अभियान अन्तर्गत ०२ जुलाई २०२५ का दिन विद्यार्थी युवा नेताहरूसँग विशेष संवाद कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा पद्मकन्या क्याम्पस, नेपाल ल क्याम्पस, त्रिचन्द्र क्याम्पस, पाटन मल्टिपल क्याम्पस लगायतका शैक्षिक संस्थाबाट १५ जना युवा विद्यार्थी नेताहरूको सक्रिय सहभागिता रहेको थियो ।

कार्यक्रमको सहजीकरण अभियान संयोजक डा. रेणु अधिकारीले गर्नुभएको थियो । कार्यक्रममा सहभागी विद्यार्थी नेताहरूले लोकतन्त्र प्रति बढ्दो जन-निराशा, राजनीतिक मूल्य र नैतिकता प्रति गहिरो अविश्वास र वर्तमान राजनीतिक नेतृत्वको सत्ता केन्द्रित चरित्र प्रति गम्भीर चिन्ता र असन्तोष व्यक्त गरेका थिए । उनीहरूले लामो सङ्घर्षबाट प्राप्त लोकतन्त्रको रक्षा गर्ने जिम्मेवारी अब युवाहरूको काँधमा रहेको उल्लेख गर्दै, अभियान प्रति ऐक्यवद्धता जनाए । साथै, लोकतन्त्रबाट प्राप्त उपलब्धिहरूलाई समुदाय तहसम्म पुऱ्याउने र समुदाय तहबाट नै बलियो बनाउने प्रतिबद्धता समेत व्यक्त गरेका थिए ।

- **महिला माथि हुने हिंसाका प्रेस विज्ञप्ति प्रकाशन**

ओरेकले हरेक महिना प्राप्त तथ्याङ्कका आधारमा महिला माथि हुने हिंसा सम्बन्धी घटनाको विश्लेषण गरी मासिक तथा त्रैमासिक रुपमा प्रतिवेदन तयार गरी डिजिटल प्रेस विज्ञप्तिहरु प्रकाशन गर्दछ। यस किसिमका प्रकाशित विज्ञप्तिहरु संस्थाको वेवसाइट, सामाजिक सञ्जालमा प्रकाशन तथा सम्बन्धित सरोकारवाला निकायहरुमा सम्प्रेषण समेत गरेको छ। ओरेकले महिला हिंसा रहित जीवन यापनका लागि पैरवी गर्ने तथ्यगत माध्यमबाट घटना अभिलेखन र प्रकाशनलाई प्राथमिकताका साथ केन्द्र, जिल्ला तथा परियोजना कार्यालयहरुमा तथ्याङ्क व्यवस्थापन गरी काम गर्ने गरेको छ। यस किसिमका विज्ञप्ति तथा महिला माथि हुने हिंसाका प्रकार, प्रभावित र पीडकको सम्बन्ध र त्यसको बहुपक्षीय विश्लेषण गरिएको थियो। यस वर्ष संस्थाले जनवरी २०२५ देखि प्रदेश स्तरीय महिला हिंसाका सवालमा सङ्कलित तथ्याङ्कका आधारमा प्रदेश स्तरीय प्रेश विज्ञप्ति जारी गरेको छ, जसमा यस वर्ष कोशी, मधेश, लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेश स्तरीय प्रेस विज्ञप्ति जारी गरी महिला माथिको प्रतिकार्यको अवस्था, घर भित्रै महिला सुरक्षित नभएको अवस्था विश्लेषण र १६ वर्षमुनिका बालबालिकामा हुने गरेको बलात्कारका घटनाको विश्लेषण गरेको छ।

यस वर्ष, ओरेकले नेपालमा महिलामाथि हुने हिंसा विरुद्धको सवालमा आधारित र यसको वकालतलाई केन्द्रित गर्दै यस वर्ष मासिक, प्रादेशिक र सवालगत रुपमा जम्मा ३३ वटा प्रेस विज्ञप्तिहरू सफलतापूर्वक प्रकाशित गरेको थियो, यस किसिमका मासिक र त्रैमासिक विज्ञप्तिहरू (ओरेकको कार्यरत जिल्ला) नेपालका विभिन्न जिल्लाहरूबाट सङ्कलित महिला माथि हुने हिंसाका तथ्याङ्कहरूमा आधारित छन्। यसले हिंसाका प्रकारहरू, हिंसाका क्रममा देखा परेका असरहरू, र तिनीहरूको समग्र स्थिति सम्बन्धी विस्तृत विश्लेषण गर्नुका साथै हिंसाका विभिन्न स्वरुपहरु, प्रभावित र पीडकको सम्बन्ध, र तिनीहरूलाई प्रभावित गर्ने सामाजिक-आर्थिक कारणहरुलाई उजागर गरेको छ।

## अन्तराष्ट्रिय कार्यक्रममा ओरेक

- **एसिया प्यासिफिक महिलावादी महिलामञ्च**




एसिया प्यासिफिक क्षेत्रका महिलावादी तथा महिला मानव अधिकार रक्षकहरुको ऐक्यवद्दता सुदृढ गर्ने स्थल एसिया प्यासिफिक महिलावादी मञ्च हो। सन् २०१३ देखि यस मञ्च महिलावादी आन्दोलनको यात्रालाई विश्लेषण गर्ने र आन्दोलनलाई थप बलियो बनाउनका लागि रणनीति तयार गर्ने फोरमको रुपमा रहेको छ। यहाँ लैङ्गिक न्याय, समानता, प्रतिरोध र संरचनात्मक विभेद जस्ता सवालका विभिन्न आयामहरुमा बहस सिर्जना गरिन्छ। "Feminist World–Building Creative Energies, Collective Journeys" मुख्य नाराका साथ एसिया प्यासिफिकका पाँच सय भन्दा बढी महिलावादीहरुको सहभागितामा २०२४ सेप्टेम्वर १२ देखि १४ सम्म चौधौं महिलावादी मञ्च थाइल्याण्डमा सम्पन्न भएको थियो। यस कार्यक्रममा ओरेक सुनसरी सुरक्षावास इन्चार्ज रिता खड्का, कार्यकारी निर्देशक सुनिता मैनाली, कार्यक्रम संयोजक प्रभा पौड्यालको सहभागिता रहेको थियो। साथै यस अवसरमा ओरेकले नेपाल सरकारको वैदेशिक रोजगारमा जाने महिलाका लागि भएको विद्यमान संरक्षणवादी र प्रतिवन्धात्मक नीति तथा प्रावधानको परिमार्जनका लागि क्षेत्रिय ऐक्यवद्दता प्राप्त गर्न हस्ताक्षर अभियान सञ्चालन गरेको थियो।

यस मञ्चमा ३ वटा प्लेनरी सत्रको साथै २० भन्दा बढी समानान्तर सत्रहरु रहेका थिए। प्लेनरी सत्र मुख्य गरी "हामी

कहाँ छौं", "हामी कहाँ हुन चाहान्छौ" र "त्यँहा कसरी पुग्न सकिन्छ" भन्ने शीर्षकका रहेका थिए । यी सत्रहरुमा विभिन्न देशका महिलावादी अभियान्ताहरुले महिलावादका मुद्दा तथा सवालहरुलाई साम्राज्यवाद, सैन्यवाद, जडसुत्रवादका सवालहरु र यसको प्रभावको विषयमा विश्लेषणात्मक धारणा राखेका थिए । यस कार्यक्रममा संरचनात्मक उत्पीडन तथा दमन हटाउनका लागि स्थापित हानिकारक सामाजिक भाष्य परिवर्तन आवश्यक भएकाले सिमान्तकृत समुदायले आफ्नो प्रतिरोधको कथा आफैं निर्माण गरी नयाँ भाष्य स्थापित गर्न जरुरी भएको वक्ताहरुले प्रकाश पारेका थिए ।

- **CSW69/Beijing±30 (२०२५) मा ओरेकको सहभागिता**

मार्च २०२५ मा, बेइजिङ घोषणापत्रको ३० वर्ष पूरा भएको अवसरमा संयुक्त राष्ट्र संघको मुख्यालयमा (ऋक्ष्भटढ) को ६९ औं सत्र आयोजना गरिएको थियो । "गरिबीलाई सम्बोधन गरेर लैङ्गिक समानता र सशक्तिकरणलाई तीव्र बनाउने र लैङ्गिक दृष्टिकोणले संस्थाहरूलाई सुदृढ पार्ने र वित्त पोषण गर्ने" भन्ने विषयवस्तुका साथ यस कार्यक्रमले सरकारहरू, संयुक्त राष्ट्र संघका एजेन्सीहरू र नागरिक समाजलाई एकसाथ उपस्थित गराएको थियो । यस अवसरमा ओरेकले पनि सक्रिय संलग्नता मार्फत र दुई महत्वपूर्ण समानान्तर सत्रहरुको आयोजना गरेको थियो ।




जस अन्तर्गत मार्च २१ मा, ओरेक र रेडियो उदयपुरको आयोजनामा "मिडियामा महिलाः मिडियामा एक लैङ्गिक-उत्तरदायी अभ्यास" भर्चुअल कार्यक्रमको आयोजना गरिएको थियो । ओरेकका कार्यकारी निर्देशक सुनिता मैनालीले सहजीकण गर्नुभएको उक्त कार्यक्रमले महिलावादी मिडिया अभ्यासहरू, महिला नेतृत्व, र लैङ्गिक संवेदनशील रिपोर्टिङका लागि रणनीतिहरू, प्रणालीगत परिवर्तनको लागि मिडियालाई उत्प्रेरकको रूपमा स्थान दिने कुराहरू माथि प्रकाश पारेको थियो । त्यस्तै, १९ मार्चमा, सुनिता फाउन्डेसनसँगको साझेदारीमा, ओरेकले संस्थापक अध्यक्ष डा. रेणु अधिकारीको सहजीकरणमा "महिलावादी दृष्टिकोणबाट मानव बेचबिखनलाई बुझ्दै" भर्चुअल कार्यक्रमको आयोजना गरिएको थियो । नेपाल, डायस्पोरा र एसिया प्रशान्त क्षेत्रका प्रभावितहरूको नेतृत्वमा रहेको आवाजलाई प्रस्तुत गर्दै छलफलले संरचनात्मक असमानता र बेचबिखनलाई सम्बोधन गर्न प्रणालीगत परिवर्तनको आवश्यकतालाई जोड दिएको थियो । यस कार्यक्रमले विश्वव्यापी प्रतिरोध र प्रतिगामी राजनीतिको समयमा, न्याय र समानतालाई अगाडि बढाउँदै पितृसत्तात्मक, पुँजीवादी र कट्टरपन्थी शक्तिहरूको प्रतिरोध गर्ने आवश्यकतालाई जोड दिएको थियो ।

- **Sexual Violence Research Initiative (SVRI) फोरम २०२४**

२१-२५ अक्टोबर २०२४ मा दक्षिण अफ्रिकाको केप टाउन इन्टरनेशनल कन्भेन्सन सेन्टरमा आयोजित क्ख्क्ष फोरम २०२४ मा ओरेकको तर्फबाट कार्यक्रम संयोजक सुमित्रा पौडेलको सहभागिता रहेको थियो। यस फोरमले महिला माथि तथा बालबालिका माथि हुने हिंसा सम्बन्धी विभिन्न दृष्टिकोणहरूमा ध्यान केन्द्रित गर्दै अनुसन्धान, कार्यक्रमहरू, र विधिहरूका बारेमा छलफल गरेको थियो। यस फोरमको मुख्य उद्देश्य लैङ्गिक हिंसा रोकथाम र उत्तरदायित्वका लागि समग्र, अन्तरसांस्कृतिक, र नवप्रवर्तनात्मक रणनीतिहरूको अन्वेषण गर्नु



रहेको थियो। यस फोरमले सहभागीहरूलाई विचार अनुभवहरू आदान-प्रदान गर्ने प्लेटफर्म प्रदान गरेको थियो।

साथै केयर अमेरिकासँग साझेदारीमा Feminist Monitoring, Evaluation, and Learning (MEAL) र सम्भवसँगको साझेदारीमा पारिवारिक सहयोग, माया, छलफलद्वारा आपसी सम्बन्ध सुदृढ गर्ने अध्ययनको पोस्टर प्रस्तुतीकरण समेत गरिएको थियो। यस कार्यक्रममा महिलावादी दृष्टिकोणबाट अनुगमन, मूल्याङ्कन र सिकाई प्रक्रियाहरूको बारेमा विशेष छलफल गरिएको थियो।

## दिवसीय कार्यक्रमहरु

- **अन्तराष्ट्रिय महिला श्रमिक महिला दिवस (मार्च ८) सम्पन्न**

सामाजिक, आर्थिक, साँस्कृतिक र राजनीतिक उपलब्धीहरूको समिक्षा गर्दै यस वर्ष पनि मार्च ०८ "Our All women and girls: Right, Equality, Empowerment" नारा सहित विश्वभर ११५ औं अन्तराष्ट्रिय श्रमिक महिला दिवस मनाइएको छ। नेपालमा "महिला र बालबालिका लागिः अधिकार, समानता र शसक्तिकरण" भन्ने राष्ट्रिय नारा सहित यो दिवस मनाइएको छ।

तर देशमा आम नागरिकले सामाजिक न्यायको अनभूति गर्न नपाएको हालको अवस्थामा छ। जबसम्म समाजमा विद्यमान संरचनात्मक विभेद तथा पितृसत्तात्मक सोंच र व्यवहारमा परिवर्तन हुन सक्दैन तबसम्म महिला अधिकार तथा समानता प्राप्ति असम्भव छ र यस्तो परिस्थितिमा सशक्तिकरणका आधार निर्माण हुन सक्दैन भन्ने हाम्रो मान्यता छ। तसर्थ, ओरेक लगायत मानव अधिकारका क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाहरुले संयुक्त रुपमा समाजमा विद्यमान सबै प्रकारका संरचनात्मक विभेदको प्रतिरोध गर्दै "संरचनात्मक विभेद विरुद्ध प्रतिकारः श्रमिक महिलाहरुको पहिचान, मान्यता र सुरक्षा सनिश्चितताका अधिकार" भन्ने नाराका यस वर्ष अन्तराष्ट्रिय श्रमिक महिला दिवस मनाइयो।




यसै दिवसको सन्दर्भमा, काठमाडौंमा महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जालको नेतृत्व र महिला अधिकारको क्षेत्रमा अभियानरत ३० भन्दा बढी संघ संस्थाको संयुक्त आयोजनामा लगभग ३५० जनाको सहभागितामा माइतीघर मण्डलादेखि भद्रकाली, न्यूरोड, वागबजार हुँदै भृकुटी मण्डपसम्म ऱ्यालीको आयोजना गरिएको थियो। कोण सभाको क्रममा महिला आन्दोलनले हासिल गरेका उपलब्धिहरुको उत्सव मनाउनका लागि धेरै अभियान्ताहरुले महिलाको श्रम अधिकारको बिषयमा गीत, कविता तथा नृत्य प्रस्तुत गरेका थिए।




काठमाडौं लगायत स्थानीय सरकार, संघसंस्था र महिला मानव अधिकारका क्षेत्रमा संलग्न अभियन्ताहरुको उपस्थितिमा ओरेक धनुषा, महोत्तरी, सर्लाही, मोरङ, दाङ, कैलाली, उदयपुर, लगायतका जिल्लाहरुमा समेत विभिन्न कार्यक्रमका साथ मनाइएको थियो। जस अन्तर्गत कैलालीका ३ जिल्लामा ऱ्याली, सडक नाटक, अन्तक्रिया, मोरङ जिल्लामा कविता वाचन, सुनसरी जिल्लामा अन्तक्रिया जस्ता कार्यक्रमको आयोजना गरिएको थियो।

- **“डिजिटल स्पेस माथिको नियन्त्रणः बालिका तथा किशोरीहरुमा त्यसको प्रभाव” विषयक भर्चुअल अन्तरक्रिया कार्यक्रम**

अन्तर्राष्ट्रिय युवा दिवस २०२४ को अवसरमा “डिजिटल स्पेसमाथिको नियन्त्रण : बालिका तथा किशोरीहरुमा त्यसको प्रभाव” विषयक भर्चुअल कार्यक्रम ओरेक र किशोरी अधिकार मञ्च (रुपन्देही र कपिलवस्तु) को संयुक्त आयोजनामा गरिएको थियो । यस कार्यक्रममा, बालिका तथा किशोरीहरुको डिजिटल स्थानहरूमा सहज पहुँच नहुनु र उनीहरूले अनलाइनमा सामना गर्ने हिंसा, बालिकाहरुको शरीरलाई नियन्त्रण गर्ने पितृसत्तात्मक संरचनाका परिणामहरू हुन् र यस नियन्त्रणका कारण बालिकाहरु शिक्षा, सूचना र नयाँ प्रविधिहरु माथि पहुँचको अधिकारबाट वञ्चित भइरहेका छन् भन्ने विषयमा जोड दिइएको थियो । तसर्थ, उनीहरुको स्वतन्त्रताको अधिकार सुनिश्चित गर्न सुरक्षित, समावेशी, र सम्मानजनक वातावरणको आवश्यकतालाई जोड दिँदै सबैका लागि डिजिटल स्थानहरूमा पहुँचको माग कार्यक्रममा उपस्थित बालिका तथा किशोरीहरुले गरेका थिए । कार्यक्रममा विभिन्न जिल्लाका ६० भन्दा बढी युवती र किशोर, किशोरीहरूले डिजिटल स्पेससँग सम्बन्धित मुद्दाहरूमा छलफल गर्न सक्रिय रूपमा भाग लिएका थिए ।

**३३ औं अन्तराष्ट्रिय लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान**

- **लैङ्गिक हिंसा विरुद्धको १६ दिने अन्तराष्ट्रिय अभियानको अवसर पत्रकारहरुसँग अन्तरक्रिया कार्यक्रम**




लैङ्गिक हिंसा विरुद्धको १६ दिने अन्तराष्ट्रिय अभियानको पूर्वसन्ध्यामा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अन्तराष्ट्रिय अभियानको अवसर गरिने विभिन्न कार्यक्रमहरुको जानकारी दिने उद्देश्यले काठमाडौमा पत्रकारहरुसँग अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । ओरेक, महिला अधिकारका लागि राष्ट्रिय अभियान, तरंगिनी फाउण्डेसन, महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय सञ्जाल, एक्सन एड लगायतका संस्थाहरुको संयुक्त आयोजनामा सम्पन्न उक्त अन्तरक्रिया कार्यक्रममा सञ्चारकर्मीहरु र आयोजक संस्थाका प्रतिनिधिहरु सहित ३० जनाको उपस्थिती रहेको थियो । कार्यक्रममा महिला माथि भएको हिंसाको विश्लेषणात्मक पुस्तक अन्वेषीको विमोचन मानव अधिकारको क्षेत्रमा कार्यरत संघ संस्था, समुदाय तहमा रहेका संस्था, समूह, सञ्जाल, महिला मानव अधिकार रक्षकहरुको ऐक्यवद्धता सहितको वृहत भेला मार्फत सडकबाट गरिने, महिला माथि भएको विभेद र हिंसालाई प्रतिकात्मक नाटक मार्फत प्रस्तुत गरिने, दृश्यात्मक रुपमा विभिन्न चित्रहरु अङ्कित प्ले-कार्डहरुको प्रदर्शनी गरिएको थियो । साथै सम्पूर्ण सञ्चारकर्मी लगायत मानव अधिकारको क्षेत्रमा निरन्तर अभियानरत सम्पूर्ण संस्था तथा व्यक्तिहरु र सञ्चारकर्मीहरुले यस अभियानमा ऐक्यवद्धता जनाएका थिए ।

- **३३ औं अन्तराष्ट्रिय लैङ्गिक हिंसा विरुद्दको १६ दिने अभियान प्रारम्भ र सम्पन्न**



अन्तराष्ट्रिय लैङ्गिक हिंसा विरुद्दको १६ दिने अभियान “हामी सबैको प्रतिबद्धताः लैङ्गिक हिंसा अन्त्यका लागि ऐक्यवद्दता” भन्ने राष्ट्रिय नारा तथा “Towards 30 years of the Beijing Declaration and Platform for Action: Unite to end violence against women” भन्ने अन्तराष्ट्रिय नारा र संघ संस्थाको तर्फबाट “महिला मानव अधिकार रक्षकको

पहिचान : महिला हिंसा विरुद्धको अभियान" भन्ने नाराका साथ सन् २०२४ नोभेम्वर २५ का दिन काठमाडौंमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको अगुवाई तथा विभिन्न सरकारी/गैर सरकारी संघसंस्था, नागरिक समाजको सहभागितामा संयुक्त ऱ्याली आयोजना गरी १६ दिने अभियानको शुरुवात गरिएको थियो । माइतीघरदेखि सुरु भएको ऱ्याली भद्रकाली हुँदै भृकुटी मण्डपमा पुगेर कोणसभामा परिणत भएको थियो। ऱ्याली पश्चात कोणसभामा परिवर्तन भएको स्थानमा ओरेकले वर्षेनी प्रकाशन गर्दै आएको लैङ्गिक हिंसाको यथार्थ जानकारी वर्ष पुस्तक अन्वेषी वर्ष पुस्तक-२०८१ को लोकार्पण गरिएको थियो । महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री नवलकिशो साह सुडी तथा राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीबाट संयुक्त रुपमा लोकार्पण गरिएको उक्त कार्यक्रममा ओरेकका तर्फबाट उक्त पुस्तकमा प्रकाशन भएका तथ्याङ्क र त्यसको कारण परिणाम र सम्बन्धित निकाय प्रति ओरेकको सिफारिसहरुलाई कार्यकारी निर्देशकले प्रस्तुत गर्नु भएको थियो ।

ओरेक कार्यरत जिल्लाहरु मोरङ, सुनसरी, उदयपुर, धनुषा, सर्लाही, महोत्तरी, कैलाली, दाङ, रुकुम, जाजरकोटमा १६ दिने लैङ्गिक हिंसा विरुद्दको अन्तराष्ट्रिय अभियानमा ऐक्यवद्दता जनाउदै प्रभातफेरी लगायतका विभिन्न कार्यक्रमहरुको आयोजना गरिएको थियो। संस्था कार्यरत जिल्लाहरुमा महिला माथि भएको विभेद र हिंसालाई प्रतिकात्मक नाटक र अन्य कला प्रदर्शन मार्फत प्रस्तुत गरिएको थियो भने दृश्यात्मक रुपमा विभिन्न चित्रहरु अंङ्कित प्ले-कार्डहरुको प्रदर्शन समेत गरिएको थियो ।




- **ओरेकद्धारा महिला हिंसा विरुद्धको यथार्थता समेटिएको संस्थाको वर्ष पुस्तक अन्वेषी २०८१ को लोकार्पण**



महिला माथि हुने हिंसा विरुद्धको १६ दिने विश्वव्यापी अभियानको अवसर पारेर ओरेकले सधैं झै यो वर्ष पनि महिला हिंसा विरुद्धको यथार्थता समेटिएको संस्थाको वर्ष पुस्तक अन्वेषी २०८१ को लोकार्पण महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री तथा राष्ट्रिय महिला आयोगका अध्यक्षबाट संयुक्त रुपमा गरेको छ। नोभेम्बर २५, २०२४ का दिन महिला हिंसा विरुद्धको १६ दिने अभियानको सुरुवातको अवसरमा उक्त पुस्तकको लोकार्पण गरिएको हो । यस वर्षको अन्वेषीमा अरु वर्ष झैं महिला हिंसाको घटनाहरु मध्ये सबै भन्दा बढी ६५ प्रतिशत (९११ जना) महिलामाथि घरेलु हिंसा भएको पाइएको छ । त्यस्तै गरी ११ प्रतिशत (१४९ जना) महिला सामाजिक हिंसाबाट, १३ प्रतिशत (१८५ जना) महिलामाथि यौनजन्य हिंसा, ६ प्रतिशत (७७ जना) महिला वेचविखनमा परेका आत्महत्याको प्रयास र १.०८ प्रतिशत (३१ जना) माथि अन्य किसिमका हिंसा गरिएका घटना अभिलेख भएका छन् भने ८५ प्रतिशत पीडकहरु पुरुषमात्र रहेको अभिलेखिकरण भएको छ ।

लोकार्पण भएको उक्त अन्वेषीमा यस वर्ष जम्मा १३९३ महिला हिंसाका घटनाहरु अभिलेखिकरण भएको र अभिलेखिकरण हुन नसकेका थुप्रै महिला हिंसाका घटना समाजमा रहेकाले यसको अन्त्यका लागि सबै एकजुट हुन जरुरी भएको देखाएको छ । ओरेकले सन् २००८ देखि अन्वेषी वर्ष पुस्तक प्रकाशन गरी महिला हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा लोकार्पण गर्दै आएको छ । यस वर्षको अन्वेषीमा

ओरेक कार्यरत विभिन्न १९ जिल्लाबाट हिंसा सम्बन्धी जुलाई २०२३ देखि जुन २०२४ सम्म सङ्कलन गरिएका महिला माथि भएका लैङ्गिक हिंसाका घटनाको तथ्याङ्क अभिलेखिकरण गरी त्यसको बहुपक्षिक विश्लेषणका साथ उक्त पुस्तक तयार पारिएको हो । पुस्तकमा महिला माथि हुने हिंसाका विभिन्न स्वरुप जस्तै घरेलु हिंसा, सामाजिक हिंसा, बलात्कार, मानव बेचविखन, यौन हिंसा, आत्महत्या, मनोरञ्जन क्षेत्रमा हुने हिंसा, हानिकारक परम्परागत अभ्यासले निम्त्याएको हिंसा लगायत यस वर्षको अन्वेषीमा महिला मानव अधिकार रक्षक माथि भएका हिंसा र जोखिमको अवस्था, विपद्को समयमा घटेका महिला हिंसाका घटनाको अवस्थालाई समेत थप गरेको छ । साथै हिंसा गर्ने पीडक समेतको बहुपक्षिय विश्लेषण गरी यसको निश्कर्ष र सम्बन्धित सरोकारवाला निकायहरुका लागि सुझावहरु उल्लेख गरेको छ ।

अन्वेषीको निश्कर्ष तथा सुझावमा समाजको गन्तव्य सदैव हिंसा अन्त्यको दिशामा हुनु पर्ने  र त्यसका लागि आजको समयमा महिला हिंसा नियन्त्रण गर्ने कार्यमा निरन्तर लाग्नु पर्ने र कुनै पनि समाजका राजनीतिक, आर्थिक, धार्मिक, सांस्कृतिक संस्कार र वातावरण सदियौंदेखि सिर्जित भएका हुनाले तिनले समाजमा गहिरो जरा गाडेको कारण त्यसको तलैदेखि निराकरण र निर्मूलिकरण गर्न जरुरी छ भन्ने निश्कर्ष अन्वेषीको रहको थियो । सदियौंदेखि चलिआएको समाजलाई परिवर्तन गर्न कठिन त हुन्छ र त्यसका लागि समय पनि लाग्ला तर सही परिवर्तनका लागि कदम चाल्न हतोत्साही हुनु या समयसँगै समाजको परिवर्तन होला भनेर पर्खेर बस्नु पनि उचित नहुने र हर समय समाजको हरेक तह र तप्काबाट संरचनात्मक लैङ्गिक हिंसा र विभेदलाई बढावा दिइरहेको पूर्वाग्राही सामाजिक सोच तथा हानिकारक परम्परा विरुद्ध आवाज उठ्नु पर्छ र उठाइरहनु पर्छ र त्यसका लागि राज्य सरकारलाई सुझावहरु समेत पेश गरेको छ ।

- **शहिद महिला अधिकारकर्मीहरुको सम्झनामा दिप प्रज्वलन कार्यक्रम**

अन्तर्राष्ट्रिय महिला शहिद दिवसको अवसरमा, देश, समानता र अधिकारका लागि लड्दा ज्यान गुमाएका सबै ज्ञात-अज्ञात महिला शहिदहरूको सम्मानमा मङ्सिर २० गते काठमाडौं सहित ओरेकका विभिन्न शाखा तथा परियोजना कार्यालयहरू–दाङ्ग, कैलाली, मोरङ्ग, सुनसरी, उदयपुर, धनुषा, महोत्तरी, सर्लाही र रुकुममा महिला मानव अधिकार रक्षकहरू र ओरेकको समन्वयमा दीप प्रज्वलन कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा मानव अधिकार, लैङ्गिक समानता र महिला अधिकारका क्षेत्रमा सक्रिय २०० भन्दा बढी प्रतिनिधिहरूले सहभागिता जनाएका थिए । सहभागीहरूले दीप प्रज्वलन मार्फत महिला शहिदहरूको सम्झना गर्दै उनीहरूको वलिदान र योगदानको कदर गरेका थिए । साथै, कार्यक्रमले महिला मानव अधिकारको क्षेत्रमा अझ प्रभावकारी कार्य सञ्चालन गर्न, शहिदहरूको संघर्ष र आदर्शबाट प्रेरणा लिने, र लैङ्गिक समानता तथा न्याय सुनिश्चित गर्न समसामयिक चुनौतीहरूमा छलफल गर्ने अवसर प्रदान गरेको थियो ।

## क्षमता अभिवृद्धिमा सहजीकरण

- **महिलावादी नेतृत्व विकास सम्बन्धी तालिम**



ओरेकले महिलावादी नेतृव विकास सम्बन्धि क्षमता विकास तालिम सुदूर-पश्चिम प्रदेश, लुम्बिनी प्रदेश, मधेश प्रदेश र कोशी प्रदेशमा गरी जम्मा ५ वटा सम्पन्न गरेको छ । सहभागीहरूलाई महिलावादी ज्ञान, सीप तथा नेतृत्व क्षमता अभिवृद्धिमा सहजकीरण गर्नु उक्त तालिमको मुख्य उद्देश्य रहेको थियो । तालिममा हानिकारक परम्परा र अभ्यास, लैङ्गिकता र लैङ्गिक सामाजिकीकरण, लैङ्गिक हिंसा (कारण, प्रकार, प्रभाव), मानवीय संकटमा लैङ्गिक हिंसा, वातावरणीय न्याय र शक्ति सम्बन्ध, पितृसत्ता र 'चार संसार' विश्लेषण, महिलावाद, नेतृत्व र महिला नेतृत्व सम्बन्धी विषयमा छलफल गरिएको थियो । उक्त तालिम अवधिमा सहभागीहरूका तर्फबाट तालिमले उनीहरूलाई प्रणालीगत र व्यक्तिगत रुपमा अनुभव गरिएका लैङ्गिकतामा आधारित भेदभावहरूलाई

पहिचान गर्न सघाएको बताएका थिए। उनीहरूले मधेश र कर्णाली प्रदेशमा अझै पनि व्यापक रूपमा प्रचलित बालविवाह, भ्रूणको लिङ्ग पहिचान र विद्यालय छोड्ने जस्ता समस्याहरूको रहेको कुरा र आफ्ना अनुभवहरु साटासाट गरिएको थियो। त्यस्तै समाजमा विद्यमान हानीकारक अभ्यासहरु जस्तै छाउपडी, लैङ्गिक र जातीय हिंसा, धार्मिक प्रतिबन्धहरू जस्ता परम्परागत र विभेदकारी अभ्यासहरू अझै पनि मधेश र सुदूरपश्चिमका समुदायमा गहिरो रूपमा जरा गाडिरहेको विषयवस्तु सहभागीहरूको तालिममा साझा अनुभव थियो।यस तालिमका सहभागीहरुले आफ्नो सिकाइलाई अभ्यास गरिरहेको कुरा समेत बताएका थिए। विभिन्न समूहका सदस्यका रुपमा सहभागी भएका उनीहरुले अहिले आफ्नो समूहमा पितृसत्ताको विरोध गर्ने र महिलावादी अभ्यासका बारेमा छलफल सुरु गरेका छन्। समुदायमा हुने घरेलु हिंसाका घटनामा आवाज उठाउने र प्रभावितलाई उजुरी गर्नमा सहजीकरण पनि गरेका छन्। बर्दिवासमा त्यहाँको पशुपति युवा संजाल र सफल महिला समूहले सहयोगमा लामो समयदेखि घरेलु हिंसा सहेर बसेकी एक जना महिलालाई स्थानीय प्रहरीमा उजुरी गरेर अहिले जनकपुरको सुरक्षा आवासमा बसेर आफ्नो मुद्धा तथा सवाल अगाडि बढाइरहनु भएको छ। यी तालिमहरूमा उदयपुर, कैलाली, दाङ, धनुषा, महोत्तरी र सर्लाही जिल्लाबाट ७६ जना महिला र २० जना पुरुष गरी कुल ९६ जनाको सहभागिता भएको थियो।

> *"मैले पालिकाको प्रमुख प्रशासनिक अधिकृतसँग रातो किताब (स्थानीय तहको वार्षिक कार्यक्रम र बजेट) माग्दा, उनले इन्टरनेट हेर्नु भन्ने जवाफ दिए, तर मसँग इन्टरनेट पहुँच नै छैन।" – तालिमका एक सहभागी*

- **लैङ्गिकता र पैरवी विषयमा २ दिने तालिम सम्पन्न**

मिति २०८१ असोज १३ र १४ गते लैङ्गिकता र पैरवी विषयमा ओरेक र तरङ्गिनी फाउण्डेसनको आयोजनामा २ दिने तालिमको आयोजना गरिएको थियो। उदयपुर जिल्लामा महिला मानव अधिकारका सवालरुको पहिचान गरी सामुहिक र संगठित रुपमा पैरवी गर्ने वातावरण तयार गर्ने उद्देश्यले सञ्चालित यस तालिममा जिल्लामा भएका महिला मानव अधिकार रक्षकहरु, महिला अधिकारकर्मी तथा नेतृत्वमा रहेर काम गरेका महिलाहरु सहित २६ जनाको सहभागिता रहेको थियो।

तालिमका क्रममा समुदायमा लिङ्ग, वर्ग, जातीयता आदिको आधारमा विद्यमान असमानता तथा विभेद र यसको जरो कारणहरुको बारेमा गहन छलफल गरिएको थियो। तालिममा समूह छलफलका क्रममा सहभागिहरुले समाजमा अहिले पनि छोरा र छोरीमा लिङ्गको आधारमा गरिने लैंङ्गिक विभेद विद्यमान रहेको, महिलाहरुको श्रमको मान्यता र पहिचान नभएको, सम्पत्तिमा समान पहुँच र नियन्त्रण नभएको कारणले महिलाहरु परनिर्भर हुनुपरेको जसले गर्दा महिलाहरु आफु माथि भएको हिंसालाई सहन बाध्य भएको, यौन हिंसा तथा बलात्कारका घटनामा समेत मेलमिलाप गराउन खोज्ने प्रवृत्तिले गर्दा दण्डहीनता मौलाएको, महिलाको गतिशिलता माथि गरिएको नियन्त्रण, महिलाको नेतृत्व नस्वीकारिएको जस्ता सवालहरु पहिचान गरेका थिए। यसरी पहिचान गरिएका सवालहरुलाई पैरवीको मुद्धा बनाएर कसरी संगठित रुपमा अभियानहरुको योजना गर्न सकिन्छ भन्ने विषयमा विस्तृत छलफल समेत गरिएको थियो। साथै तालिममा सहजकर्ताहरुले पैरवीको लागि तथ्य र तथ्यांक र हामी आफूमा पनि धारणागत रुपमा स्पष्ट हुनु पर्ने बताउँदै यस्ता तालिम, गोष्ठी था अन्तरक्रियाहरु समय समयमा भइरहनु पर्नेमा जोड दिएका थिए।

कार्यक्रमको अन्त्यमा सहभागीहरुले समुदायमा दविएर रहेका अदृष्य मुद्धाहरुलाई दृश्यात्मक बनाउन र महिला भएकै कारण महिला माथि भएका हिंसा, दुर्व्यवहार तथा विभेदको विरुद्धमा खबरदारी गर्न संगठित रुपमा पैरवी गर्नुपर्ने आवश्यकता महसुस गरी पैरवी योजना निर्माण गरी कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएका थिए।

- **लैङ्गिक विभेदमा आधारित हिंसा र यौनिकता विषयमा २ दिने तालिम**

रौता समाज विकास केन्द्रको आर्थिक सहयोग र ओरेक उदयपुरको सहजीकरणमा २०८१ असार २५-२६ का दिन शुक्रबारे सहजकर्ताहरुलाई लैङ्गिक विभेदमा आधारित हिंसा र यौनिकता विषयमा दुई दिने तालिम सञ्चालन गरिएको छ।

२५ जना किशोरीहरूले सहभागिता रहेका यस तालिमको उद्देश्य शरीरमाथिको राजनीति र महिलाको यौनिकतामा पितृसत्ताको नियन्त्रण सम्बन्धी बुझाइ समान बनाउन तथा महिलावादी अभियानलाई विभिन्न तरिकाले समुदायसम्म पुऱ्याउने कार्यक्रम निर्माणमा सहजीकरण गर्नु थियो। यस तालिममा हिंसाका प्रकारहरु शारीरिक, मानसिक, सामाजिक र घरेलु हिंसा र लैङ्गिक विभेद तथा महिला हिंसाका अर्थहरू स्पष्ट गरिएको थियो। पितृसत्ता, परम्परागत नेतृत्व, सामाजिक शक्ति संरचनाले महिलाको यौनिकतामा पारेको प्रभावलाई केलाइएको थियो। यौनिकतालाई यौन र यौन सम्पर्कमा मात्र सिमित बुझाइ नराखी व्यक्तिको अभिव्यक्ति स्वतन्त्रता र गतिशिलताको अधिकारलाई समाजमा रहेका जिवन्त उदाहरण मार्फत प्रष्ट बनाइएको थियो।

- **लैङ्गिक हिंसा न्यूनीकरणका लागि क्षमता अभिवृद्धि तालिम सम्पन्न**



ओरेकले जाजरकोट र रुकुम पश्चिममा स्थानीय सरोकारवालाहरूका लैङ्गिक हिंसा न्यूनीकरणका लागि क्षमता अभिवृद्धि तालिम सफलतापूर्वक सम्पन्न गरेको छ। असोज ६ र ७ गते जाजरकोटमा र असोज ८ र ९ गते रुकुम पश्चिममा सम्पन्न भएको यस तालिममा दुवै जिल्लाका आठ वटा पालिकाबाट स्थानीय जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालाहरूको सक्रिय सहभागिता रहेको थियो। जाजरकोटमा कुशे, बारेकोट, नलगाड, भेरी र जिल्ला स्तरबाट गरी जम्मा २८ जना (१० महिला, १८ पुरुष) सहभागीको उपस्थिति रहेको थियो। रुकुम पश्चिममा मुसिकोट, सानीभेरी, आठबिसकोट र चौरजहारीबाट गरि ३१ जना (१३ महिला, १८ पुरुष) सहभागीले तालिममा भाग लिएका थिए। यो तालिम यसअघि सम्पन्न भएको कार्यक्रमको निरन्तरता स्वरूप आयोजना गरिएको थियो, जसमा सहभागीहरूले आ-आफ्नो कार्ययोजनाको प्रगति समीक्षा गर्नुका साथै लैङ्गिक हिंसाको रोकथाम, प्रतिकार्य र घटना व्यवस्थापनका लागि आवश्यक सीपहरू विकास गरेका छन्।

ओरेकका सचिव संगीता अधिकारीको सहजीकरणमा सम्पन्न भएको तालिममा सहभागीहरूले आ-आफ्नो पालिकामा लैङ्गिक हिंसा न्यूनीकरणका लागि निरन्तर प्रयास गर्नुपर्ने आवश्यकतालाई स्वीकार गर्दै लैङ्गिक हिंसा निवारण कोषको प्रभावकारी कार्यान्वयन, रेफरल प्रणालीको सुदृढीकरण र विपद् जोखिम न्यूनीकरणमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) को एकीकरण गर्ने प्रतिबद्धता जनाएका छन्। यस तालिमले स्थानीय तहमा लैङ्गिक हिंसाको प्रभावकारी सम्बोधनका लागि सरोकारवालाहरू बीच निरन्तर समन्वयको आवश्यकता, सेवा प्रवाहमा सुधार र पालिका तथा जिल्ला स्तरमा विपद् व्यवस्थापनमा लैङ्गिक मैत्री अभ्यासहरूको एकीकरणको महत्वलाई उजागर गरेको छ। ओरेक नेपालले आगामी दिनमा पनि यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिँदै स्थानीय स्तरमा लैङ्गिक हिंसा विरुद्धको अभियानलाई थप सशक्त बनाउने प्रतिबद्धता जनाएको छ।

विगत तीन दशकदेखि ओरेक नेपालले लैङ्गिक हिंसा विरुद्धको अभियानलाई निरन्तर अघि बढाइरहेको छ। स्थानीय तहदेखि राष्ट्रिय नीति निर्माणसम्म महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको संस्थाले यसपटक जाजरकोट र रुकुम पश्चिममा सम्पन्न गरेको यो क्षमता अभिवृद्धि कार्यक्रम पनि सोही दीर्घकालीन रणनीतिको एउटा महत्वपूर्ण कडी हो। स्थानीय सरकार र सरोकारवालाहरूसँगको सहकार्यमा लैङ्गिक हिंसा विरुद्धको संयन्त्रलाई सुदृढ बनाउँदै लैजाने ओरेकको यो प्रयास निश्चय नै नेपालमा लैङ्गिक समानता र सामाजिक न्यायको स्थापनामा कोशेढुंगा सावित हुनेछ।

- **लैङ्गिकता र रुपान्तरण सम्बन्धी तालिम सम्पन्न**

लैङ्गिक विभेद, महिलामाथि हुने हिंसा, लिङ्ग र लैङ्गिक ता सम्बन्धी साझा धारणा निर्माण गर्ने, महिलाका संवैधानिक अधिकार बारे जानकारी दिने तथा समानता, न्याय र समावेशी नेतृत्व प्रवर्द्धन गर्ने उद्देश्यले उदयपुरमा पालिकाका जनप्रतिनिधिहरूलाई तीन दिने क्षमता अभिवृद्धि तालिम आयोजना गरिएको थियो । तालिममा सहभागीहरूले लिङ्ग जन्मसंगै प्राप्त जैविक विशेषता हो भने, लैङ्गिकता समाजले बनाएको भूमिका र अपेक्षा हो भन्ने बुझाई विकास गरेका थिए । साथै, रुपान्तरण केवल बाह्य परिवर्तन नभई आफूभित्र सकारात्मक परिवर्तन ल्याएर समाजमा लैङ्गिक समानता र न्यायका लागि नेतृत्व गर्ने क्षमता विकास गर्नु हो भन्ने साझा गर्दै महिलामाथि हुने हिंसाका कारणहरू पहिचान गरी त्यसलाई न्यूनीकरण गर्ने योजना समेत सहभागीहरुले तयार गरेका थिए र कार्यान्वयनमा आफ्नो प्रतिबद्धता जनाएका थिए ।

- **रिफ्लेक्ट विधि सम्बन्धी तालिम सम्पन्न :**

फेब्रुअरी १० देखि १४ सम्म उदयपुरको राजाबासमा दाङ, कैलाली, मधेश प्रदेश, कोशी प्रदेशका १५ जना कर्मचारीहरुको सहभागितामा रिफ्लेक्ट विधी सम्बन्धी ५ दिने तालिम ओरेक आधार, उदयपुरमा सञ्चालन गरिएको थियो । यस तालिमको सहजीकरण प्रशिक्षक सोनालाल चौधरीले गर्नुभएको थियो । भन्नाले Regenerated Freirean Literacy through Empowering Community Techniques (ReFLECT) हो जसको प्रतिपादक ब्राजिलका पाउले फ्रेरे हुन् । यस तालिममा रिफ्लेक्ट विधिको आधारभुत सिद्धान्तहरु जस्तै प्रभावित केन्द्रित, जसको सवाल उसैको नेतृत्व , मौनताको संस्कृति तोड्नु, तथ्य र प्रमाणको आधारमा तर्क, सवाल माथि गहिरो विश्लेषण, शक्ति सम्बन्धको विश्लेषण, सवालगत राजनीति, संकेत तथा दृश्यात्मक विधिको प्रयोग आदि बारे छलफल गरिएको थियो । यसैगरी, यस तालिममा रिफ्लेक्ट विधिको मर्म, सवाल प्राथमिकिकरण, प्रश्न तथा विषयवस्तु निर्माण गर्ने तरिका आदिमा छलफल गरिएको थियो । रिफ्लेक्ट विधिका लागि परिवेश विश्लेषण, सवाल छनौट साथै उक्त सवालका मुख्य कारणहरुको आङ्कलन गरी समाधानका लागि सामाजिक परिचालन सम्बन्धी सीपहरु आवश्यक हुन्छ । यसकारणले तालिमको मुख्य उद्देश्य नै सिर्जनात्मकता र समुदाय केन्द्रित विधिहरुको प्रयोग गरी सामाजिक सशक्तिकरणको लागि व्यक्तिमा आत्म-समिक्षा गराउनु थियो । कार्यक्रम पश्चात कैलाली जिल्ला कैलारी गाउँपालिकाका जनप्रतिनिधिले आफ्नो पालिकामा भएका नीति र स्थानीय तहबाट प्राप्त हुने सेवा सुविधाको बारेमा समुदायमा सचेतना गर्न नसिकएको महसुस भएको बताउनु भयो ।

- **मानव अधिकार रक्षकहरुका लागि समष्टिगत सुरक्षा सम्बन्धी आधारभूत तालिम सम्पन्नः**

"मानव अधिकार रक्षकहरुको पहिचानः संरचनात्मक विभेद विरुद्धको अभियान" भन्ने मूल मर्मका साथ अन्तरविविध मानव अधिकारका मुद्दाहरुमा अभियानरत विभिन्न जिल्लाका ५२ जना मानव अधिकार रक्षकहरुको उपस्थितिमा मानव अधिकार रक्षकहरुका लागि जम्मा २ वटा ५ दिने समष्टिगत सुरक्षा तालिम काठमाडौंमा मार्च २७ देखि ३१ सम्म र अप्रिल ७ देखि ११ सम्म सञ्चालन गरिएको थियो । यस तालिममा मानव अधिकार रक्षकहरुको भौतिक, संस्थागत, डिजिटल र मनो-सामाजिक सुरक्षाको विषयमा सत्रहरु सञ्चालन गरिएको थियो । जसमा राष्ट्रिय मानव अधिकार आयोगका सचिव तथा सह-सचिवहरु, डिजिटल सुरक्षाका विषय विज्ञ, मनोविद्, साइबर ब्यूरो, ओरेकका प्रतिनिधि आदीले कार्यक्रम सहजीकरण गरेका थिए । मानव अधिकार रक्षकहरुको पहिचान, सुरक्षा र कामको मान्यता मुख्य सवाल हो , जुन मानव अधिकार र सामाजिक न्याय सुनिश्चितताका लागि अपरिहार्य छ । यद्यपि, मानव अधिकारको रक्षाका लागि



अग्रपङ्क्तिमा रहेर कार्यरत मानवअधिकार रक्षकहरु नै परिवार, समाज र राज्यबाट पनि जोखिममा पर्ने गरेका छन् । मानव अधिकार रक्षकहरु भित्र पनि महिला तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय थप जोखिममा हुन्छन् ।



तालिममा द्वन्द प्रभावितको अधिकार, अपाङ्गता अधिकार, महिला अधिकार, भुमि अधिकार, वातावरणीय अधिकार, श्रम अधिकार, किशोरकिशोरी अधिकार जस्ता क्षेत्रमा कार्यरत मानव अधिकार रक्षकहरु स्व-प्रतिनिधीमुलक सहभागी थिए । मानवअधिकार रक्षकको रुपमा कार्यरत रहँदा परिवार, समाजबाट आउने धम्की, चुनौतीहरुका साथ साथै राज्यले पर्याप्त रुपमा मानव अधिकार रक्षकहरुको कामको मान्यता नदिएको र पहिचान सम्बोधन नगरेकाले थप जोखिममा रहेको उनीहरुले बताएका थिए । यसैगरी तालिमको अन्त्यमा सहभागीहरुले आफू माथि हुन सक्ने सम्भावित जोखिमहरुलाई विश्लेषण गरी व्यक्तिगत सुरक्षा योजना निर्माण गरेका थिए । यसकारणले गर्दा समष्टिगत सुरक्षा तालिमबाट मानव अधिकार रक्षकहरुको क्षमता विकासमा सहजीकरण गर्ने र अनुभवमा आधारित तथ्य निर्माण गर्ने अपेक्षा राखिएको थियो ।

> *यस तालिबाट मैले महिला मानव अधिकार रक्षकहरूको सुरक्षा केवल शारीरिक वा डिजिटल सुरक्षा मात्र होइन, मनोसामाजिक सशक्तिकरण र सञ्जालकिरण पनि त्यत्तिकै महत्त्वपूर्ण छ भन्ने बोध भएको छ ।*
>
> *लक्ष्मी चोधरी, महिला मानव अधिकार रक्षक*

यसैगरी सेप्टेम्बर २०२४ मा मधेश प्रदेश (बर्दिवास) र लुम्बिनी प्रदेश (बुटवल) मा ३४ जना सामुदायिक संस्थाका प्रतिनिधिहरु सहित समग्र सुरक्षा सम्बन्धी ४ दिने तालिम समेत सम्पन्न भएको थियो । जसमा महिला, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, दलित र जनजातिको सहभागिता सुनिश्चित रहेको थियो । तालिममा भौतिक, मनोसामाजिक र डिजिटल सुरक्षा सम्बन्धी सीप र रणनीतिहरू प्रदान गर्दै मानव अधिकार रक्षकलाई हुने जोखिमसँग सामना गर्ने क्षमता अभिवृद्धिमा सहजीकरण गरिएको थियो । यसले समुदायस्तरमा प्रादेशिक नेटवर्क निर्माण गर्न सहयोग पुऱ्याएको र सहभागीहरूले आफ्ना सुरक्षा योजनाहरू तयार गरी सिकेका सीपलाई व्यवहारमा उतार्ने प्रतिबद्धता जनाएका थिए ।

- **महिला मानवअधिकार रक्षकहरुलाई २ दिने क्षमता अभिवृद्धि तालिम सम्पन्न**

ओरेकले २६ र २७ मे, २०२५ का दिन ओरेक र तरंगिनी फाउनडेशनको आयोजनामा २ दिने महिलावादी क्षमता अभिवृद्धि तालिम आयोजना गरिएको थियो । उदयपुर जिल्लामा महिला मानवअधिकारका मुद्दाहरुलाई अगाडि बढाउन सक्रिय रुपमा कार्यरत महिला मानव अधिकार रक्षकहरु तथा सामुदायिक संस्थाका पदाधिकारीहरुलाई क्षमता अभिवृद्धि, महिलावादी आन्दोलनलाई सुदृढ र दिगो बनाउन, महिलाका मुद्धाहरुलाई अगाडि बढाउन नीतिगत तहमा गर्ने पैरवी सीप सहजीकरणका लागि सो तालिमको आयोजना गरिएको थियो । उक्त तालिममा उदयपुर जिल्लामा भएका ३० जनाको महिला मानव अधिकार रक्षकहरु, किशोरी समूह, महिला अधिकारकर्मीहरु तथा नेतृत्वमा रहेर काम गरेका महिलाहरुको सक्रिय सहभागिता रहेको थियो ।

यस तालिममा लिङ्ग र लैङ्गिकता, पितृसत्ता, शक्ति सम्बन्ध, महिलावाद, पैरवी, महिला मानव अधिकार रक्षकको परिचय, युवा महिलाको सहभागिता र नेतृत्व, महिलावादी नेतृत्व, महिलावादी मूल्यमान्यता जस्ता विषयहरुमा छलफल

गरिएको थियो। यस तालिम पश्चात् सहभागीहरुले महिलावादी अवधारणाबाट पैरवी गर्न किन आवश्यक रहेछ भन्ने विषयमा स्पष्ट भई महिलावादी मूल्यमान्यताहरु मध्ये बिस्तारै आफ्नो व्यवाहारमा उतार्दै जाने कुराहरु व्यक्त गर्नुभएको थियो।

- **लैङ्गिक समानता, सामाजिक समावेशिता र लैङ्गिक-उत्तरदायी बजेट सम्बन्धी १-दिने तालिम सम्पन्न**

कर्णाली, मधेश र सुदूरपश्चिम प्रदेशका १३ वटा स्थानीय तहका प्रतिनिधिहरूलाई लक्षित गर्दै लैङ्गिक समानता, सामाजिक समावेशिकरण र लैङ्गिक-उत्तरदायी बजेट सम्बन्धी १-दिने क्षमता विकास तालिमहरू सम्पन्न गरिएको थियो। तालिमले सहभागी सरोकारवालाहरूलाई लैङ्गिक समानताको दृष्टिकोणलाई नीतिगत प्रक्रियामा मूलधारमा ल्याउने, संस्थागत कमजोरी पहिचान गर्ने र व्यवहारिक सुधारका उपाय तय गर्ने अवसर प्रदान गरेको थियो। सत्रहरूमा नीति तथा कार्यविधि समयमै सार्वजनिक निर्माण नहुनु, कर्मचारी स्थानान्तरणको क्रममा स्पष्ट जानकारी नभएका कारणले बनेका नीति तथा कार्यविधिहरु नपाउनु लगायतका विद्यमान चुनौतीहरू उठान भएका थिए, जसलाई सम्बोधन गर्न सम्बन्धित पालिकाहरूले स्थानीय तहमा बनेका नीतिहरुलाई डिजिटलाईज गर्ने, लैङ्गिक समानताको दृष्टिकोणलाई बजेट तथा योजना प्रक्रियामा प्राथमिकताका रूपमा लागु गर्ने प्रतिबद्धता जनाएका थिए।

तालिमका प्रत्यक्ष परिणाम स्वरूप हाल शुभकलिका, बिरेन्द्रनगर र पाँचपुरका निष्कृय लैङ्गिक तथा सामाजिक समावेशीकरण समितिहरू पुनःसक्रिय भई त्रैमासिक बैठक सञ्चालन गर्नु, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति निर्माण प्रक्रियाको शुरुवात भएको पाइएको छ। सबै सहभागीहरुले सम्बन्धित आफ्ना पालिकाहरूले आगामी वर्षका योजनामा लैङ्गिक-उत्तरदायी बजेटलाई अनिवार्य रूपमा समावेश गर्ने, राजपुरले हिंसा प्रभावित महिलाहरुका लागि सुरक्षावासको स्थापना गर्ने, बिरेन्द्रनगरले सबै १६ वडामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समिति गठन गर्ने तथा सुभकलिकाले महिला नेतृत्व विकास तालिमलाई वडा स्तरमा विस्तार गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। यी तालिमहरूले सहभागी स्थानीय सरकार प्रतिनिधिहरूमा लैङ्गिक समानता अनुकुल योजना, नीति र बजेट अभ्यासलाई सुदृढ बनाउने संस्थागत आधार तयार पारेको छ, जसले दिगो, समावेशी र जवाफदेही स्थानीय शासन प्रर्वर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएको छ।

- **रुपान्तरित महिलावादी नेतृत्व विकास तालिम सम्बन्धी ३ दिने तालिम**

कर्णाली, मधेश र सुदूरपश्चिम प्रदेशका ७५ जना निर्वाचित महिला जनप्रतिनिधिहरूलाई लक्षित गरी तीन दिने "रुपान्तरित महिलावादी नेतृत्व विकास तालिम" सम्पन्न गरिएको छ। महिला जनप्रतिनिधिहरूलाई समाजमा विद्यमान महिला अधिकारका मुद्दाहरूलाई महिलावादी दृष्टिकोणबाट गहिरो विश्लेषण गर्ने क्षमता विकासमा सहजीकरण गर्नु, व्यक्तिगत, सामाजिक र संरचनागत तहमा हुने लैङ्गिक भेदभाव र असमान शक्ति सम्बन्धलाई विश्लेष्ण गर्नु, स्थानीय शासनमा महिलाको नेतृत्वलाई थप प्रभावकारी बनाउनु तालिमको मुख्य उद्देश्य रहेको थियो। सहभागीहरूले बालविवाह, प्रारम्भिक गर्भावस्था, विद्यालय छोड्ने, छाउपडी, लैङ्गिक र जातीयताका आधारमा हुने हिंसा लगायतका परम्परागत हानिकारक अभ्यासहरु अझै पनि समुदायमा गहिरो रूपमा जरा गाडेर रहेको बताएका थिए। साथै, दोहोरो जिम्मेवारी, निर्णय गर्ने अधिकारमा सिमितता, पारिवारिक नियन्त्रण, सुचना र स्रोतमा पहुँचको कमी, र संस्थागत समर्थन नपाउनु महिलाको नेतृत्व विकासमा प्रमुख अवरोध भएको अनुभव उनीहरूले साझा गरेका थिए।

तालिममा सहभागीहरूले महिलावादी नेतृत्वको सिद्धान्त, रूपान्तरणकारी सोच, प्रभावकारी सञ्चार, नीति निर्माणमा सहभागिता, स्थानीय तहमा उत्तरदायित्व र पारदर्शिता प्रवर्द्धन गर्ने सीपमा विभिन्न विधिबाट अभ्यास गरेका थिए। यसले उनीहरूलाई आफ्नै अनुभवलाई राजनीतिक चेतना र नीतिगत एजेन्डासँग जोड्ने अवसर दिएको थियो। सहभागीहरूले तालिम पछि आफूले प्राप्त गरेको ज्ञान र सीपलाई व्यवहारमा उतार्दै आफ्ना पालिकामा लैङ्गिक समानता र महिला अधिकारलाई सुदृढ गर्न सक्रिय योगदान पुऱ्याउने प्रतिबद्धता जनाएका थिए।

- **डिजिटल सुरक्षा र साइबर अपराध रोकथाम सम्बन्धी तालिम**

कर्णाली, सुदूरपश्चिम र मधेश प्रदेशका ३७ वटा स्थानीय तहका निर्वाचित जनप्रतिनिधिहरुका लागि ओरेकले डिजिटल सुरक्षा र साइबर अपराध सम्बन्धि ३ वटा प्रदेश स्तरीय तालिमहरु सम्पन्न भएको छ। ५९ जना निर्वाचित महिला प्रतिनिधिहरूको सहभागितामा सम्पन्न उक्त कार्यक्रममा डिजिटल सुरक्षा, साइबर अपराध, अनलाइन लैङ्गिक हिंसा, कानुनी संरचना, र प्रभावकारी स्थानीय शासन तथा समुदाय सम्लग्नताका लागि आवश्यक डिजिटल सीपमा क्षमता विकास गर्नु कार्यक्रमको उद्देश्य रहेको थियो। तालिमले सहभागिहरुमा सुरक्षित डिजिटल व्यवहार बारे दृष्टिकोणमा स्पष्ट परिवर्तन देखिएको थियो। जसमा दिपायल सिलगढी र बडिमालिकाका उपमेयरहरूले वर्षौंदेखि फेसबुक प्रयोग गर्दै आए पनि नियमित पासवर्ड परिवर्तनको आवश्यकता नबुझेको अनुभव सुनाएका थिए। तर तालिमपछि सुरक्षित अभ्यास अपनाउने प्रतिबद्धता व्यक्त गरे। साथै राजपुर नगरपालिका उपमेयर जमिला अग्सारीले तालिमपछि पालिकाका सबै नीति तथा कागजातहरू वेबसाइटमा नियमित रूपमा अपलोड गर्ने निर्णय बताउनु भएको थियो। जसले गर्दा स्थानिय तहका जनप्रतिनिधिहरुमा तालिम पश्चात सुचनामा पहुँच र पारदर्शिता बढाउने अपेक्षा गरिएको छ। त्यस्तै, निर्वाचित महिला कार्यपालिका सदस्य टीका घलेले यसलाई आफ्नो भूमिकामा लिएको सबैभन्दा व्यावहारिक र उपयोगी तालिमका रूपमा लिँदै पालिकाको वेबसाइट नियमित अद्यावधिक गर्ने तथा सामाजिक सञ्जालको जिम्मेवार प्रयोग सिक्न पाएको बताउनु भयो। तालिमले सुरक्षित, जिम्मेवार र प्रभावकारी तरिकाले डिजिटल उपकरणहरूको प्रयोगलाई प्रवर्द्धन गर्दै स्थानीय शासनमा प्रविधिको सुरक्षित उपयोगका लागि आवश्यक आधार सुदृढ गरेको छ।

- **महिला हिंसा र सीप विकास विषयक २ दिने तालिम**

मिति २०८२ वैशाख २३ गतेका दिन उदयपुरगढी गाउँपालिका वडा नं.१ तवाश्रीको आयोजनामा र ओरेक उदयपुरको सहजीकरणमा २ दिने महिला हिंसा र सीप विकास विषयक तालिम सञ्चालन गरिएको थियो। तालिममा जम्मा २३ जना महिलाहरुको सहभागिता रहेको थियो। यस तालिममा लिङ्ग, लैङ्गिकताको, महिला र पुरुषको भुमिका, महिलाको श्रम, शरीर र पहिचान माथि भएको नियन्त्रण, महिलामाथि हुने हिंसा, लैङ्गिक हिंसाको कारणहरु, पितृसत्ता, आदि विषयमा छलफल गरिएको थियो। यसैगरी उक्त तालिम योजना तर्जुमाको समय भएको कारण महिलामैत्री बजेट सहितको योजना पालिकामा पेश गर्नका लागि योजनाको खाका तयार गरिएको थियो। जसमा सहभागीहरुले लागु औषध न्यूनीकरणका लागि अभियान सञ्चालन, महिला माथि हुने हिंसा न्यूनीकरणका लागि पुरुषको भूमिका विषयमा अन्तक्रिया, वालविवाह न्यूनीकरण सम्बन्धी अभियान सञ्चालन, महिलाहरुलाई सीपमूलक तालिमको आयोजना गरि उद्यमी बनाउने, महिलाको प्रजनन् स्वास्थ्य समस्याको निःशुल्क उपचारका लागि पहल र पछाडि पारिएका हिंसामा परेका किशोरीहरुलाई निःशुल्क, गुणस्तरीय शिक्षाको लागि पहल गर्ने जस्ता योजनाहरु समावेश गरिएका थिए।

## छलफल तथा अन्तरक्रिया

- **लैङ्गिक हिंसा निवारण कोष परिचालन कार्यविधि सम्बन्धी अन्तरक्रियाः**

उदयपुर जिल्लामा तरङ्गिनी फाउण्डेसन, महिला सशक्तिकरण स्रोत केन्द्र, कैलाली जिल्लामा गैरसरकारी संस्था महासंघको संयुक्त आयोजना तथा सुनसरी जिल्लामा लैङ्गिक हिंसा निवारण कोष र यसको कार्यान्वयनको अवस्थाबारे २ वटा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा स्थानीय स्तरमा लैङ्गिक हिंसामा परेका महिलाहरूको तत्काल उद्धार, राहत, पुनर्स्थापना, स्वास्थ्य, शिक्षा, रोजगारी र सामाजिक सुरक्षामा पहुँच सुनिश्चित गर्ने कोषको सञ्चालन र त्यसको प्रभावकारी परिचालनबारे छलफल गरिएको थियो।

मानव अधिकारकर्मी र पालिका प्रतिनिधिहरूले जोखिममा रहेका हिंसा प्रभावितको पहिचान, तत्काल सहयोग, र स्थानीय तहमा समन्वय सुनिश्चित गर्न आवश्यकतामा जोड दिएका थिए। सहभागीहरूले कोष र परिचालन कार्यविधिको महत्व बुझ्दै छिट्टै परिचालनका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। साथै, कोषमार्फत महिलाहरूलाई सीपमूलक तालिम, पोषणयुक्त खाना र राहत उपलब्ध गराइरहेको भए

पनि धेरै हिंसा प्रभावित महिलाले यसबारे जानकारी नपाउँदा आवश्यक सेवाबाट वञ्चित हुने अवस्था रहेको तथ्य पनि औँल्याइएको थियो ।

कार्यक्रममा स्थानीय तहका प्रमुख, उपप्रमुख, सामाजिक शाखा प्रमुख, महिला शाखा प्रमुख, युवा महिला सञ्जाल, सामुदायिक संस्था, मानव अधिकारकर्मी, गैरसरकारी संस्था र पत्रकार गरी २०० भन्दा बढी सहभागी रहेका थिए । यस कार्यक्रमले सहभागीहरूमा कोष र परिचालन कार्यविधि सम्बन्धमा साझा बुझाइ सिर्जना गरेको र स्थानीय तहमा यसको प्रभावकारी कार्यान्वयनका लागि ऐक्यबद्धता सुनिश्चित गर्ने वातावरण तयार गरेको छ ।

- **महिला माथि हुने हिंसाको अवस्था र न्यूनीकरणका लागि सरोकारवालाहरुको भूमिका विषयमा पालिका स्तरीय अर्न्तक्रिया कार्यक्रम**

रौता सामुदायिक हित केन्द्रको आयोजना तथा ओरेक उदयपुरको सहकार्यमा "महिला माथि हुने हिंसाको अवस्था र न्यूनीकरणका लागि सरोकारवालाहरूको भूमिका" विषयक पालिका-स्तरीय अन्तरक्रिया कार्यक्रम रौतामाई गाउँपालिकामा सफलतापूर्वक सम्पन्न भएको थियो। कार्यक्रममा गाउँपालिका अध्यक्ष, वडा अध्यक्षहरू, शाखा कार्यालयका प्रमुखहरू, महिला सञ्जालका प्रतिनिधि, बाल सञ्जालका पदाधिकारी लगायत स्थानीय सरोकारवालाको सक्रिय सहभागिता थियो । कार्यक्रममा २३ जना महिला र ८ जना पुरुष गरी कुल ३१ जनाको उपस्थिति रहेको थियो । यसै विषयमा रौतामाई गाउँपालिकाका विभिन्न वडामा ४ वटा अन्तरक्रिया कार्यक्रम सञ्चालन भएका थिए । यी कार्यक्रमहरूमा ९२ महिला र ३७ पुरुष गरी जम्मा १२९ जनाको सहभागीता रहेको थियो ।

## अभिमुखीकरण तथा आम-सचेतीकरण कार्यक्रम

- **विद्यालय शिक्षा तथा बालबालिकाहरुलाई अभिमुखीकरण**

ओरेकले बालबालिका तथा किशोर किशोरीहरुसँग विद्यालय तथा समुदायमा बालविवाह न्यूनीकरण, बाल यौन दुर्व्यवहार, बाल विवाह यसले स्वाथ्यमा पार्ने असर, सकारात्मक छुवाई नकारात्मक छुवाईको विषयहरुमा जम्मा २९ वटा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ । ओरेक कार्यरत जिल्ला मध्ये उदयपूर, दाङ, र सुनसरी जिल्लामा सञ्चालन भएका उक्त कार्यक्रमहरुमा जम्मा ११६२ जना बालबालिका तथा किशोरकिशोरीहरुको उपस्थिति भएको थियो । साने उमेरमा विवाह गरिदिने चलन रहेको, बालबालिका विद्यालय जान नमान्ने र विभिन्न कारणहरुले गर्दा बीचमा नै पढाई छाड्ने गरेको सवालहरु अभिमुखीकरणका क्रममा पहिचान भएका थिए ।

यस विद्यालय शिक्षा तथा अभिमुखिकरण कार्यक्रमहरुको मुख्य उद्देश्य बाल यौन हिंसा, बालविवाहको परिभाषा र नेपालको कानुनी प्रावधान बारे जानकारी दिनु र बालविवाहले महिला तथा किशोरीको यौन तथा प्रजनन स्वास्थ्यमा पार्ने असरबारे छलफल गर्नु रहेको थियो । यस अभिमुखीकरण कार्यक्रम मार्फत सहभागीहरुमा "बालविवाह" भन्नाले २० वर्षभन्दा कम उमेरमा गरिने विवाह हो भन्ने स्पष्ट भएको, बाल विवाहका कारण शिक्षा, स्वास्थ्य, यौनजन्य हिंसा, बालश्रम, वेचविखन लगायतका विविध असर बारे जानकारी गराइएको थियो । सामाजिक संरचना र लैङ्गिक विभेदका कारण बालिका बढी प्रभावित हुने तथ्यमा ध्यान केन्द्रित गरि सञ्चालन गरिएका यी अभिमुखीकरणहरुमा बालविवाह विकासको बाधक र मानव अधिकार हनन गर्ने कार्य हो भन्ने सुचना प्रदान गरिएको थियो । यसैगरी, उक्त अभिमुखिकरण सत्रहरुमा बाल हेल्प लाइन नम्बर, नेपाल प्रहरीको नम्बर बारे जानकारी प्रदान गरिएको थियो ।

- **अभिमुखीकरण कार्यक्रम**

दाङ, मोरङ, सुनसरी, उदयपुर, कैलाली जिल्लामा जम्मा १२ वटा अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको थियो । जसमा जम्मा ३४५ जनाको उपस्थिति रहेको थियो । उक्त अभिमुखीकरण कार्यक्रमहरु हिंसा प्रभावित महिलाहरुलाई न्यायिक प्रक्रिया, स्वास्थ्य अवस्था र आर्थिक हिंसा, लैङ्गिक तथा सामाजिक हिंसा सम्बन्धी कानुनी प्रावधान, लैङ्गिक हिंसाले महिला स्वास्थ्यमा पारेको असर, टोलविकास संस्थाको काम कर्तव्य, महिला हिंसा, घटना दर्ता, कानुनी तथा न्यायिक अधिकार, हानिकारक परम्परागत अभ्यास सम्बन्धी विषयमा सञ्चालन भएका थिए ।

उक्त छलफल पछि दाङ जिल्लामा २ जना महिलाको मुद्दा मेलमिलाप समितिमा छलफल भएको, ८ जना महिलाको उजुरी प्रहरीमा सिफारिस भएको थियो । अभिमुखिकरणहरुमा लैङ्गिक हिंसाका कारणहरू, यसले व्यक्तिको मानसिक, सामाजिक र शारीरिक पक्षमा पार्ने असरहरू, समाजमा विद्यमान विभेदजन्य  व्यवहार तथा यस विरुद्ध रहेका कानुनी प्रावधानहरूको बारेमा विस्तृत जानकारी प्रदान गरिएको थियो ।  यसैगरी महिला माथि हुने हिंसाको परिभाषा र यसको प्रकार, लैङ्गिक हिंसाले महिलाको स्वास्थ्यमा पारेको असर, मनोविमर्श सेवा, लैङ्गिक हिंसा सम्बन्धी कानुनी प्रावधानको विषयमा जानकारी प्रदान गरिएको थियो । घटना दर्ता सम्बन्धी अभिमुखीकरण कार्यक्रममा बच्चाको जन्मदर्ता प्रकिया, नागरिकता, विवाहदर्ता सम्बन्धी घटनाहरुको दर्ता प्रकिया, यसको आवश्यकताको बारेमा छलफल गरिएको थियो । यसैगरी, कैलाली जिल्लामा संस्कृतिको नाममा महिला माथि लगाएको नियन्त्रण, कार्य बोझ, स्वास्थ्य, सुरक्षा लगायतको सवालमा छलफल तथा अभिमुखीकरण गरिएको थियो । जसमा हानिकारक परामपरागत अभ्यासलाई कम गर्न र सामाजिक रुपान्तरणको लागि पनि आवश्यक रहेकोले सहभागीहरुले बताएका थिए ।

- **सामाजिक उत्तरदायित्व सम्बन्धी अभिमुखीकरण**

ओरेकले मधेश, सुदूरपश्चिम र कर्णाली प्रदेशका विभिन्न पालिकामा लैङ्गिक उत्तरदायी र समावेशी शासन प्रवर्द्धन गर्न सामाजिक उत्तरदायित्व सम्बन्धी अभिमुखीकरण तथा तालिम कार्यक्रम सञ्चालन गरेको छ । कर्णाली प्रदेशको पञ्चपुरी र वीरेन्द्रनगर नगरपालिकामा नागरिक समाजका प्रतिनिधि, पत्रकार, महिला मानव अधिकारकर्मी, यौनिक तथा लैङ्गिक अल्पसंख्यक तथा सामुदायिक संघसंस्थाका सदस्य गरी ४१ जनाको सहभागितामा तालिम सम्पन्न गरिएको थियो । तालिमपछि सहभागीहरूले समुदायमै कार्यान्वयन गर्न सकिने व्यवहारिक योजनाहरू तयार गरे, जसले स्थानीय तहमा सामाजिक उत्तरदायित्वलाई संस्थागत गर्ने आधार निर्माण गर्‍यो । त्यस्तै, सुदूरपश्चिम प्रदेशको कैलारी, बेलौरी र दिपायल सिलगढी नगरपालिकामा स्वास्थ्य, शिक्षा, योजना, रोजगार, विपद् व्यवस्थापन, महिला तथा बालबालिका र सामाजिक विकास शाखाका प्रमुखसहित ५५ जनालाई सामाजिक उत्तरदायित्व, लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी अभिमुखीकरण प्रदान गरेको थियो ।

यी अभिमुखीकरणहरूले स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी र नागरिक समाज बिच समन्वय तथा सहकार्यको वातावारण निर्माण गर्ने, लैङ्गिक दृष्टिकोणबाट उत्तरदायी नीतिको प्रभावकारी कार्यान्वयनका लागि दबाव सिर्जना गर्ने, आम नागरिकलाई नीतिगत प्रक्रियामा अर्थपूर्ण सहभागिता गर्न उत्प्रेरित गर्ने तथा स्थानीय तहमा समावेशी शासन र सामाजिक उत्तरदायित्वलाई दीर्घकालीन रूपमा सबल बनाउन महत्वपूर्ण योगदान गरेको छ ।

कार्यक्रमको अन्त्यमा बडिमालिका नगरपालिकाका कार्यवाहक मेयर डम्बरबहादुर महत र महिला तथा बालबालिका विभागकी अधिकृत केसरी रावलले लैङ्गिक समानता र सामाजिक समावेशीकरण प्रवर्द्धन गर्ने प्रतिबद्धता व्यक्त गर्दै आर्थिक वर्ष २०८२/८३ का नगरपालिका नीति, योजना, कार्यक्रम तथा लैङ्गिक उत्तरदायी पहलहरूलाई अघि बढाउन बजेट विनियोजन प्रक्रिया पनि साझा गरेका थिए ।

तालिमपछि उपलब्धि स्वरुप बेलौरी नगरपालिकामा २१ सदस्यीय नगरस्तरीय सञ्जाल तथा बडिमालिका र नारायण नगरपालिकामा ११ सदस्यीय पैरवी सञ्जाल गठन भई, स्थानीय तहमा लैङ्गिक समानता र सामाजिक उत्तरदायित्व सम्बन्धी पैरवीलाई व्यवस्थित रूपमा अघि बढाउन आवश्यक आधार तयार भएको छ ।

- **नागरिक सचेतना समुहसँग छलफल**

२०८२/०१/२६ गतेका दिन कोशी गा.पा.वाड नं.२ मा नागरिक सम्लग्नता बारे अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो । कार्यक्रममा ११ जना महिला र ७ पुरुष गरी जम्मा १८ जनाको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा कानुनी तथा न्यायिक अधिकार बारे नागरिक र सरकार बिच छलफल, स्थानीय तहमा नागरिक सम्लग्नताका लागि नागरिक संगठनको भूमिका जिम्मेवारी तथा कार्यान्वयन विषयमा छलफल गरिएको थियो । यसमा मौलिक हक अधिकार, स्वतन्त्र र निष्पक्ष न्याय, कानुनी सहायता, मानवअधिकार जस्ता विषयमा छलफल गरिएको थियो ।

## समन्वय तथा सहकार्य बैठक

- **सामाजिक रुपान्तरणका लागि वेग (STORM) परियोजनाको जानकारी तथा सामाजिक रुपान्तरणका सवाल तथा चुनौतीहरु र सम्पुर्ण सरोकारवालाको सहकार्य विषयक बैठक**

यस वर्ष ओरेकले महिलाले नेतृत्व गरेका स्थानीय संस्थाहरुको अगुवाईमा समुदायमा हानिकारक परम्परागत अभ्यास विरुद्ध अभियान सञ्चालन तथा महिलाले नेतृत्व गरेका संस्थाहरुको संस्थागत क्षमता विकासमा सहजीकरण गर्ने तथा मानव अधिकार रक्षकहरुको स्व तथा पारस्परिक हेरचाहलाई मुख्य केन्द्रमा राखी "सामाजिक मूल्य परिवर्तनका लागि वेग" परियोजना सञ्चालन गरिरहेको छ । प्रतिबद्धता प्रदेशको दाङ र कपिलवस्तु जिल्लाका ४ वटा पालिकाहरुमा सञ्चालित यस परियोजनाको जानकारी तथा सामाजिक रुपान्तरणका सवाल तथा चुनौतीहरुको सम्बन्धमा छलफल गर्न बसेको बैठकमा परियोजनाको उद्देश्य, कार्यक्षेत्र, परिणाम, अधिकारवाला समुह, गतिविधिहरू र बजेटमा विस्तृत प्रस्तुतीकरण र छलफलहरू गरिएको थियो ।

कार्यक्रमका सहभागीहरूले घर र समाजसँगै लोकतान्त्रिक प्रक्रियाहरूमा महिलाहरूलाई गरिने प्रणालीगत बहिष्कारलाई न्यूनीकरण गर्न, सामाजिक रूपान्तरणको लागि स्थानीय सरकारको साथ र सहयोगको अपरिहार्य रहेको बताए । शान्तिनगरमा अपाङ्गता भएका व्यक्तिहरुको समावेशीकरणमा जोड दिदै बालविवाह न्यूनिकरण अवको आवश्यकता पहिचान गरिएको थियो, महाराजगञ्जमा किशोरावस्थाको यौन तथा प्रजनन् स्वास्थ्य अधिकारलाई प्राथमिकता दिइयो, र बुद्धभूमिमा किशोरीको विद्यालय छोड्ने दर घटाउने सवाल उठान भएको थियो । साथै सेवाको दोहोरोपनलाई हटाउनका लागि परामर्श सेवा प्रदान गर्ने अन्य संस्थाहरूसँग सहकार्यको आवश्यकताको बारेमा पनि छलफल गरिएको थियो । यसैगरी छलफलको क्रममा महिलावादी आन्दोलनलाई संस्थागत गर्ने र ऋभम्ब्ह लगायतका महिला अधिकार सम्बन्धी महासन्धिहरुको सिफारिसहरूसँग पङ्क्तिबद्ध गर्ने विषयमा पनि जोड दिइएको थियो । बैठकहरूमा निर्वाचित जनप्रतिनिधिहरू, सरकारी कर्मचारीहरु, र महिला मानव अधिकार रक्षकहरु, नागरिक समाज संस्थाहरुका तिनिधिहरू सहित कुल १३८ (८१ महिला, ५६ पुरुष र १ यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय) सरोकारवालाहरुको सहभागिता रहेको थियो ।

- **मधेश, सुदूरपश्चिम र कर्णाली प्रदेशमा परियोजनाका प्रारम्भिक बैठक सम्पन्न**

ओरेकले मधेश, सुदूरपश्चिम र कर्णाली प्रदेशमा रुपान्तरणका लागि संगसँगै परियोजनाको प्रारम्भिक बैठकहरू सफलतापूर्वक सम्पन्न गरेको छ। परियोजनाका लक्ष्य र कार्ययोजना साझा गर्ने, समान प्रकृतिका गतिविधिहरू दोहोरिन नदिन समन्वय सुनिश्चित गर्ने, लैङ्गिक समानता तथा सामाजिकरण सम्बन्धि प्रशिक्षण निर्देशिका विकासका लागि सहभागीहरूको सुझाव संकलन गर्नु बैठकको मुख्य उद्देश्य रहेको थियो । यी बैठकहरूमा सरकारी तथा गैरसकारी संस्थाका प्रतिनिधिहरु, स्थानीय तहका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि, महिला समूहका सदस्यहरू साथै लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिहरु गरी ११३ जना ( ४५ महिला, ६४ पुरुष, र ४ जना यौनिक तथा लैङ्गिक अल्पसंख्यक) को सहभागिता रहेको थियो । यी प्रारम्भिक बैठकहरूले आगामी परियोजना गतिविधि प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि आवश्यक आधार तयार गरेको छ ।

- **वैदेशिक रोजगारबाट फर्किएका श्रमिकको अधिकार र पुनःस्थापनाका सवालमा नियमित बैठक सम्पन्न**

सुनसरी जिल्लाको बराहक्षेत्रमा गठन भएको आप्रवासनबाट फर्किएका महिलाहरुको समुह उर्जाशिल महिला समुहको नियमित बैठक सम्पन्न भएको छ । यो समयावधिमा जम्मा ४ वटा नियमित बैठक सम्पन्न गरेको समुहले महिलाको श्रमको अधिकार, कामको अधिकार, श्रमिक महिलाको सुचीकरणको सवालमा स्थानीय सरकारसँग पैरवी गर्ने र उनीहरुको नियमित आर्थिक उपार्जनका लागि जिविकोपार्जन कार्यक्रमको लागि प्रस्तावना लेखन गरी स्थानीय निकायमा प्रस्तावना समेत पेश गरेको छ ।

- **महिला मानव अधिकार रक्षक संजालको बैठक**

ओरेकले महिला मानव अधिकार रक्षकहरूको क्षमता

अभिवृद्धि र संयुक्त अभियान सञ्चालनका लागि निरन्तर सहकार्य गर्दै आएको छ । यस क्रममा दाङ, उदयपुर, मोरङ, सुनसरी, मधेश र कैलाली जिल्लामा २० भन्दा बढी बैठक सम्पन्न गरिएको छ । यी बैठकहरूमा विद्यालयको शैक्षिक अवस्था, स्वास्थ्य चौकी सञ्चालनको अवस्था, विपद्को परि स्थितिमा लैङ्गिक हिंसा सम्बोधनमा महिला मानव अधिकार रक्षकहरूको भूमिका, सञ्जालको साधारण सभा आयोजना तथा लैङ्गिक हिंसाका घटनामा न्यायका लागि पैरवी जस्ता विषयमा छलफल गरिएको थियो । सहभागीहरुले ओरेकले सञ्चालन गर्दै आएको महिला मानव अधिकारको सवालमा महिला मानव अधिकार रक्षक सञ्जाल पनि सँगसँगै रहेर आन्दोलनमा समन्वय निरन्तर रहेको बताएका थिए ।

- **लैङ्गिकमैत्री बजेट विनियोजन, वडा तथा पालिकामा प्रस्तावना पेश गर्नको लागि समन्वय बैठक**

२०७८ चैत्र २९ गते उदयपुरमा महिला जागरण बहुउद्देश्य सहकारी संस्थाको सहकार्यमा लैङ्गिकमैत्री बजेट विनियोजनका लागि वडास्तर र पालिकास्तरमा समन्वय बैठक सम्पन्न भयो । कार्यक्रममा महिला तथा पछाडि पारिएका समुदायलाई लक्षित गरी बजेट विनियोजन गर्ने, महिलाहरूलाई नेतृत्व विकास तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने, लैङ्गिक समानता र समृद्धिका लागि छलफल गर्ने, लैङ्गिक नीतिको निर्माण र कार्यान्वयनमा पहल गर्ने विषयमा निर्णय गरियो । बैठकपछि चौदण्डीगढी नगरपालिकाले टपरी बनाउने तालिमका लागि एक लाख रुपैयाँ विनियोजन गर्ने सम्झौता भएको छ ।

- **सुरक्षावास व्यवस्थापन समितिको बैठक**

महिला हिंसाबाट प्रभावितलाई सुरक्षावास मार्फत सहयोग गर्ने उद्देश्यले २०८२ जेठ १८ गते उदयपुरमा सुरक्षा आवास व्यवस्थापन समितिको बैठक सम्पन्न भएको छ। उक्त बैठकमा घटनाको अवस्था, व्यवस्थापनका लागि आवश्यक पहल तथा प्रभावितलाई सशक्त बनाउनु पर्ने विषयमा छलफल भयो । बैठकमा चौदण्डीगढी नगरपालिकाले एक लाख पचास हजार, उदयपुरगढी गाउँपालिकाले पचास हजार र त्रियुगा नगरपालिकाले पाँच लाख रुपैयाँ सहयोग गर्ने निर्णय गरेका थिए ।

- **उपप्रमुखहरुसँग बैठक तथा समन्वय**

मोरङको मिक्लाजुङ गाउँपालिका, उर्लाबारी, लेटाङ, रंगेली र पथरी सनिश्चरे नगरपालिकाका उपप्रमुखहरूसँग छलफल सम्पन्न भयो। छलफलमा सुरक्षा आवास सञ्चालनका लागि आवश्यक आर्थिक सहयोगका विषयमा विचार-विमर्श गरिएको थियो । साथै न्यायिक समितिमा दर्ता भएका मुद्दा, पालिकामा भएका लैङ्गिक हिंसाका घटना, प्रभावितलाई उपलब्ध सहयोगी संयन्त्रहरूको पहुँच, विद्यालयमा सञ्चालन भएका प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रम र सेनेटरी प्याडको प्रभावकारिता सम्बन्धी विषयमा नगरप्रमुख, उपप्रमुख, शिक्षा शाखा प्रमुख तथा महिला तथा बालबालिका शाखासँग समेत समन्वयात्मक छलफल गरिएको थियो ।

- **लैङ्गिक हिंसा र मिलाप अध्ययनको बारेमा जानकारी**

सुनसरी र उदयपुर जिल्लामा घरेलु हिंसा र मानसिक स्वास्थ्य अनुसन्धान (मिलाप) परियोजना सम्बन्धी जानकारीका लागि विभिन्न बैठकहरू आयोजना गरियो । बराहक्षेत्र, दुहवी, धरान, इटहरी, गढी, देवानगन्ज, भोक्राहा, बर्जु, रामधुनी र मधुवन लगायतका स्थानहरूमा न्यायिक समिति, महिला सञ्जाल, महिला स्वास्थ्य स्वयंसेविका, जनप्रतिनिधि, वडाध्यक्ष तथा मेलमिलापकर्ता सहभागी भएका थिए। यस क्रममा ३९ वटा घटना महिला मानव अधिकार रक्षक सञ्जाल, न्यायिक समिति तथा स्वास्थ्य स्वयंसेविकाबाट मिलाप अध्ययनका लागि रेफर गरिएको थियो । उदयपुरमा सम्पन्न परियोजना जानकारी बैठकमा १३ जना सहभागी भएका थिए । जसमा ४ जना पुरुष र ९ जना महिला थिए। कार्यक्रममा सेवा दिने स्थल, बजेट, हिंसाबाट प्रभावित महिलाको सुरक्षा र गोपनीयता जस्ता विषयमा विस्तृत छलफल भएको थियो ।

## • यौन तथा प्रजनन् स्वास्थ्य मेला (SRHR Mela)




२०७८ असोज ७ र ८ गते कोशी प्रदेशको विराटनगरमा आयोजित यौन तथा प्रजनन् स्वास्थ्य मेला कोशी प्रदेशकी माननीय उपसभामुख सिर्जना दनुवारको प्रमुख आतिथ्यता र ओरेक अध्यक्ष सविता पोखेलको अध्यक्षतामा सम्पन्न भयो । “एकल होस् वा दम्पत्ति : कृत्रिम गर्भधारणमा सबैको समान पहुँचको अधिकार” भन्ने मुय नाराका साथ सम्पन्न यस कार्यक्रमको उद्देश्य समुदाय तहमा रहेका यौन तथा प्रजनन् स्वास्थ्यका सवाललाई महिलावादी दृष्टिकोणबाट विश्लेषण गर्ने, विशेषगरी कृत्रिम गर्भधारण सेवासम्बन्धी जानकारी र पहुँच सुनिश्चितततामा देखिएका नीतिगत अवरोध पहिचान गर्ने र तिनको समाधानका लागि पैरवी गर्ने रहेको थियो ।

कार्यक्रममा निःसन्तानपन सवालमा केन्द्रित रहेर ओरेकबाट गरिएको अनुसन्धानका नतिजा प्रस्तुत गरिएको थियो । साथै, स्वास्थ्य मन्त्रालयका सचिव डा. राधिका थपलिया, नेपाल परिवार नियोजन संघकी डा. रितु चौधरी, पत्रकार बन्दना दनुवार, सेन्टर फर रिप्रोडक्टिभ राइट्सका वरिष्ठ कानूनी सल्लाहकार प्रभाकर श्रेष्ठ लगायतका वक्ताहरूको सहभागितामा प्यानल छलफल समेत आयोजना गरिएको थियो । प्यानल छलफलको सहजीकरण अधिवक्ता तथा जिल्ला संयोजक शोभा बजगाईंले गर्नुभएको थियो ।

छलफलमा निःसन्तानपनका मुद्दा लामो समयसम्म छायाँमा परेको, यसलाई महिला मात्रै जिम्मेवार ठान्ने सोचका कारण महिलाहरूले हिंसा र सामाजिक लाञ्छना सहनु परेको, संविधानले प्रत्याभूत गरेको सम्मानपूर्वक हिंसामुक्त जीवनको अधिकार कुण्ठित भएको लगायतका विषय उठाइयो । साथै, कृत्रिम गर्भधारणसम्बन्धी उपचार र परामर्श सर्वसुलभ नभएको, समुदाय तहमा आवश्यक जानकारी र स्वास्थ्य सेवा नपुग्ने अवस्था रहेको विषयमा पनि छलफल भयो । वक्ताहरूले जुनसुकै व्यक्ति वा दम्पत्तिको आफ्नै निर्णयका आधारमा बच्चा जन्माउने अधिकार सुनिश्चित गर्नुपर्ने, कृत्रिम गर्भधारणमा सबैको समान, समावेशी र सहज पहुँच हुनुपर्नेमा जोड दिएका थिए । कार्यक्रममा सहभागीहरूले निःसन्तानपनलाई व्यक्तिगत वा दम्पत्तिको भावनासँग प्रत्यक्ष जोडिएको विषय भन्दै यसमा सहज पहुँच सुनिश्चित गर्नु राज्यको दायित्व हो भन्ने निष्कर्ष निकालेका थिए ।

यस मेलामा कोशी प्रदेशका माननीय उपसभामुख, सांसदहरू, मानव अधिकार आयोगका प्रतिनिधिहरू, स्थानीय तहका निर्वाचित प्रतिनिधि, सामुदायिक संघसंस्था, महिला मानव अधिकार रक्षक, सञ्चारकर्मी तथा अधिकारकर्मीहरू गरी मोरङ, सुनसरी, झापा, धनकुटा, उदयपुर लगायत जिल्लाबाट करिब १५० जना भन्दा बढीको सक्रिय सहभागिता रहेको थियो ।

## • मानवअधिकार संस्थाका प्रतिनिधिहरुसँगको कार्यशाला

२०२४ सेप्टेम्वर २५ मा आयोजित मानव अधिकार संस्थाका प्रतिनिधिहरूसँगको कार्यशालाले यौन तथा प्रजनन्



स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्ने साझा बुझाइ निर्माण गर्ने र कृत्रिम गर्भधारण सहितका सेवामा देखिएका संरचनात्मक अवरोध पहिचान गर्ने उद्देश्य राखेको थियो । कार्यशालामा निःसन्तानपन र यसको उपचारमा रहेका चुनौतीहरू, सरोगेसी कानुनसँग सम्बन्धित कानूनी र नैतिक पक्षहरू, महिलामाथि मात्र दोषारोपण गर्ने सामाजिक दृष्टिकोण, तथा ग्रामीण र पछाडि पारिएका समुदायमा यौन तथा प्रजनन् स्वास्थ्य अधिकारसम्बन्धी सचेतना अभियानको आवश्यकता जस्ता विषयमा गहन छलफल भयो ।

सहभागीहरूले निःसन्तानपन महिला वा पुरुष दुवैमा हुने समस्या भएको र यसलाई मानव अधिकारको दायराभित्र समावेश गर्नुपर्नेमा जोड दिएका थिए। साथै, आर्थिक कठिनाइका कारण उपचारमा पहुँच नपाउने समुदायका लागि सरकारले निःशुल्क सेवा उपलब्ध गराउनुपर्ने र यसका लागि आवश्यक कानूनी तथा नीतिगत संरचना विकास गर्नुपर्ने सुझाव प्रस्तुत गरिएको थियो ।

यस कार्यशालाले निःसन्तानपन र सरोगेसीसँग सम्बन्धित कानुनी, सामाजिक र नीतिगत सुधारहरूको आवश्यकता स्पष्ट पार्दै सरकार, नागरिक समाज, मानव अधिकारकर्मी र महिला अधिकारकर्मी बिच सहकार्यलाई अझ मजवुत बनाउनुपर्ने आवश्यकता उजागर गरेको थियो ।

- **यौन तथा प्रजनन अधिकार तथा कृत्रिम गर्भधारण सम्बन्धी अन्तरक्रिया कार्यक्रम**



मोरङ जिल्लामा ७ वटा महिला नेतृत्व संस्था र महिला फेडेरेसनसँग यौन तथा प्रजनन अधिकार तथा कृत्रिम



गर्भधारण सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । २०२४ को विभिन्न मितिहरूमा सम्पन्न यी कार्यक्रममा कुल १६८ जना सहभागी रहेका थिए । यौन तथा प्रजनन स्वास्थ्य अधिकार, सरोगेसी, निःसन्तानपन र यसको उपचारका क्रममा कृत्रिम गर्भधारणसँग सम्बन्धित विषयमा महिला संस्थाहरूबीच साझा बुझाइ निर्माण गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको थियो । यसले समुदायको अनुभव र तथ्यमा आधारित वकालतलाई सशक्त बनाउन योगदान पुऱ्याएको थियो ।

अन्तरक्रिया कार्यक्रममा सहभागीहरूले आफ्ना व्यक्तिगत अनुभव र धारणा साझा गरेका थिए । सहभागीहरु मध्ये एक जना महिलाले आफ्ना अनुभव सुनाउँदै भन्नुभयो 'मेरो श्रीमानले कण्डम प्रयोग गर्न नमानेपछि बाध्यतामा बारम्बार गर्भपतन गर्नुपऱ्यो, जसको दीर्घकालीन असर मेरो स्वास्थ्यमा परेको छ ।' साथै अर्को एक सहभागीको अनुभवमा, छिमेकीले १४ वर्षमै विवाह गरी बच्चा पाउन नसकेपछि उपचार गरे तर ८० लाख रुपैयाँ खर्च गर्दा पनि सात महिनामै शिशुको मृत्यु भएको र आमाको स्वास्थ्यमा गम्भीर असर परेको तथ्य प्रस्तुत गरियो । सहभागीहरूले समुदायमा प्रजनन् स्वास्थ्य र कृत्रिम गर्भधारणबारे जानकारी पुऱ्याउन अझै पनि चुनौती रहेको र यस विषयमा खुलेर कुरा गर्न कठिनाई हुने उल्लेख गरे । उनीहरूले सन्तान नहुनुमा महिलालाई मात्र दोष दिने सामाजिक सोच अझै प्रचलित रहेको, जसले महिला र पुरुष दुवैमा मानसिक तनाव र समस्या निम्त्याउने गरेको बताए । कार्यक्रममा सहभागीहरुले समुदायमा प्रजनन् स्वास्थ्य र कृत्रिम गर्भधारण सम्बन्धी जानकारी र सचेतना फैलाउनु अत्यावश्यक रहेकोमा जोड दिएका थिए ।

- **यौन तथा प्रजनन् स्वास्थ्य अधिकारको पैरवीका लागि महिलावादी सहभागितामुलक कार्यात्मक अनुसन्धान विषयक कार्यशाला**



यौन तथा प्रजनन् स्वास्थ्य अधिकार, महिलावादी सहभागीमुलक कार्यात्मक अनुसन्धान र पैरवीको सवालसँग सम्बन्धित समस्या तथा चुनौतीहरूको विश्लेषण गर्दै व्यावहारिक समाधानका उपायहरू खोज्ने उद्देश्यले वि.सं. २०८१ भदौ ८ र ९ गते विराटनगर महानगरपालिकामा आयोजित दुई दिने कार्यशालामा २४ जना सहायक अनुसन्धानकर्ताहरूको सहभागिता थियो ।

कार्यक्रमको पहिलो दिनमा विभिन्न समुदायमा देखिएका समस्याहरू प्रस्तुत गरिएका थिए । छलफलमा सरकारी र निजी अस्पतालबीचको असमानता, निःसन्तानपनासँग सम्बन्धित चुनौतीहरू, र महिलामा स्वास्थ्य अधिकार सम्बन्धी चेतनाको कमीलाई प्रमुख समस्या पहिचान गरियो । सहभागीहरुले स्वास्थ्य संस्थाहरूमा समान जानकारीको पहुँच सुनिश्चित गर्नु पर्ने, समुदायस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने र स्थानीय तहमा तथ्याङ्क संकलनलाई व्यवस्थित गर्नुपर्ने सुझावहरू प्रदान गरेका थिए ।

- **महिलावादी सहभागितामूलक कार्यात्मक अनुसन्धानः यौन तथा प्रजनन् स्वास्थ्य सवालमा विशेष गरी निःसन्तानपनको समस्या सम्बोधनका सवाल तथा नीतिगत अवरोधहरु सम्बन्धी अनुसन्धान प्रतिवेदन सार्वजनिक कार्यक्रम**

नोभेम्बर १९, २०२४ मा मोरंग जिल्लामा आयोजित महिलावादी सहभागीमूलक कार्यात्मक अनुसन्धान कार्यक्रममा यौन तथा



प्रजनन् स्वास्थ्य अधिकार, विशेष गरी निःसन्तानपन र सरोगेसीसँग सम्बन्धित नीतिगत अवरोधहरूको विश्लेषणात्मक नतिजा सार्वजनिक गरिएको थियो । कार्यक्रममा पालिका प्रतिनिधि, राष्ट्रिय मानव अधिकार आयोग, मानव अधिकार रक्षक सञ्जाल, गैर सरकारी संघहरू, जिल्ला महिला स्वास्थ्य नेटवर्क, महिला मानव अधिकार रक्षक, वकिल, पत्रकार र अन्य सरोकारवालाहरू सहित ३० जना सहभागी थिए । कार्यक्रममा सरोगेसी र निःसन्तानपनसँग सम्बन्धित विभिन्न अनुभव, चुनौती र समाधानका उपायहरू छलफल गरिएका थिए । सहभागीहरूले निःसन्तानपनका विषयमा खुला रूपमा छलफल गर्न वातावरण आवश्यक भएको, उपचार सेवाहरू सर्वसुलभ र किफायती हुनुपर्ने, सचेतना अभिवृद्धि

*सरोगेसी बारेः एक सहभागीले भने, "हामीले संसदमा सरोगेसीको मुद्दा उठायौँ, तर जवाफ सकारात्मक थिएन।" अर्को सहभागीले भने, "निसन्तानपनको बारेमा खुला रूपमा कुरा गर्नको लागि वातावरण हुनुपर्छ । उपचार सुलभ र किफायती बनाउनु पर्छ, सचेतना अभिवृद्धि गर्नु पर्छ, र अधिकारकर्मीहरू र सरकारको संयुक्त प्रयासले मात्र सन्तुलन कायम गर्न सकिन्छ ।"*

र सरकार तथा अधिकारकर्मीहरूको संयुक्त प्रयासले मात्रै समाधान सम्भव हुनेमा जोड दिएका थिए । कानूनी ढाँचामा सुधार र गोपनीयताको सुनिश्चितता आवश्यक रहेको, यदि कोही आफ्नै जैविक सन्तान चाहन्छ भने सरोगेसी रोज्न पाउनुपर्ने विषयमा पनि छलफल भएको थियो । कार्यक्रमले यस मुद्दालाई समुदाय स्तरमा ल्याउन, सरोकारवाल बीच साझा बुझाई कायम गर्न र प्रभावकारी नीतिगत पैरवी गर्न महत्वपूर्ण भूमिका रहेको देखाएको छ ।

- **एकीकृत महिला स्वास्थ्य शिविर/मेला**




ओरेकले काभ्रेपलाञ्चोक जिल्लाको पनौती नगरपालिका र धुलिखेल नगरपालिका, कैलाली जिल्लाको गौरीगंगा नगरपालिका र धनगढी उपमहानगरपालिका, दाङ जिल्लाको तुलसीपुर उपमहानगरपालिका, सर्लाहीको कौडेना गाउँपालिका, रुकुम पश्चिम जिल्लाको आठविसकोट नगरपालिका लगायतका स्थानीय तहसँगको साझेदारीमा जम्मा ८ वटा एकीकृत महिला स्वास्थ्य मेला/शिविर सम्पन्न भएको छ । यी शिविरहरूको उद्देश्य केवल स्वास्थ्य सेवा दिने मात्र नभई समाजमा विद्यमान संरचनात्मक विभेद तथा हिंसाको कारणले महिला तथा किशोरीहरुको यौन तथा प्रजनन् स्वास्थ्यमा पारेको असरलाई सम्बोधन गर्ने तथा स्वास्थ्यलाई अधिकारका रूपमा स्थापित गर्ने लक्ष्य राखिएको थियो । यी सबै स्वास्थ्य शिविरहरुबाट जम्मा १९२० जनाले सेवा लिएका थिए थिए । सेवा लिएका मध्ये धेरैजना स्त्रीरोग सम्बन्धी समस्या लिएर आएका थिए, जसअन्तर्गत ५०० भन्दा बढी महिलाले पाठेघरको मुखको क्यान्सर परीक्षण गराएका थिए भने, १० महिलामा पाठेघर झर्ने समस्या देखिएकोमा उनीहरुलाई शल्यक्रियाका लागि रेफर गरिएको थियो, साथै ५ जनामा रिंग प्रेसरी राखिएको थियो । यसबाहेक धेरै महिलामा उच्च रक्तचाप, मानसिक स्वास्थ्य समस्या र यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी कठिनाइहरू पहिचान भएको थियो ।

उक्त स्वास्थ्य मेलामा सूचनामूलक सामग्रीहरुको माध्यमबाट महिला स्वास्थ्यको बारेमा अभिमुखीकरण, समस्याको पहिचानका लागि जीवनकथा लेखी स्वास्थ्यकर्मीबाट स्वास्थ्य परीक्षण गरिएको थियो । समस्या अनुसार व्यायम सिकाउने तथा निःशुल्क औषधी वितरण समेत गरिएको थियो । यसैगरी विभिन्न विषयहरुको पर्चा, पोष्टर, र ब्रोसियरको माध्यमबाट स्वास्थ्य, महिला हिंसा, खाद्य अधिकार, सुरक्षित स्थानागमन, हटलाईन, महिला स्वास्थ्य शिक्षा, साथै बालविवाह र यसले महिला स्वास्थ्यमा पार्ने असरका सम्बन्धमा अभिमुखीकरण गरिएको थियो । साथै महिला स्वास्थ्य समस्याको उपचारका लाग स्थानीय जडिबुटीको प्रयोग, विधि र उपयोगिताबारे पनि जानकारी दिइएको थियो । यसरी नै हिंसा प्रभावित महिलाहरुको मानसिक स्वास्थ्यमा परेको प्रभावलाई कम गर्ने उद्देश्यले मनोविमर्श सेवा समेत प्रदान गरिएको थियो ।

- **ओजस (मनको कुरा खोल्ने सुरक्षित स्थल) शुभारम्भ**

महिला स्वास्थ्य र मानसिक स्वास्थ्य समस्यालाई एकै स्थानबाट सुरक्षित, गोपनीय र समावेशी वातावरणमा सम्बोधन गर्न आवश्यक रहेको देखिन्छ । वर्तमानमा धेरै महिला, विशेषगरी आमाहरू, आफ्नै घरमा भौतिक रूपमा त होइन, तर मानसिक र भावनात्मक रूपमा असुरक्षित महसुस गरिरहेका छन् । यी अनुभव र तथ्याङ्कहरूले मानसिक स्वास्थ्यसम्बन्धी तत्काल हस्तक्षेपको आवश्यकता पुष्टि



गर्छन् । ओरेकले यस चुनौतीलाई महिलावादी दृष्टिकोणबाट सम्बोधन गर्दै, अन्तर्राष्ट्रिय महिला स्वास्थ्य अधिकार दिवस २०२५ को सन्दर्भमा मानसिक स्वास्थ्य र यौन तथा प्रजनन स्वास्थ्यबीचको गहिरो सम्बन्धलाई केन्द्रमा राख्दै उदयपुरस्थित महिलावादी स्रोत केन्द्र (FRC) सँग समन्वय गरी **"ओजसः मनको कुरा खोल्ने सुरक्षित स्थल"** स्थापना गरेको छ । ओजसले मनोसामाजिक परामर्श, समुदायमा मानसिक स्वास्थ्य समस्या पहिचान, र जटिल घटनाहरूको विशेषज्ञ परामर्श तथा उपचारको व्यवस्था गर्दछ । यसले महिलाहरूलाई मानसिक स्वास्थ्यका समस्याहरू खुला रूपमा व्यक्त गर्ने वातावरण निर्माण गर्छ । स्थलको मुख्य उद्देश्यमा

सुरक्षित संवाद, नियमित महिला सशक्तिकरण सत्र, अनुभव र घटनाको दस्तावेजीकरण, तथा स्वास्थ्य अधिकारमा पैरवी र रचनात्मक अभिव्यक्तिको प्रवर्धन समावेश छन् । ओजस केवल सेवा केन्द्र नभई सुनुवाई, सम्वोधन र सशक्तिकरणको प्रक्रिया हो, जसले समुदायमा दीर्घकालीन समाधान र मानसिक स्वास्थ्यको पहुँच सुनिश्चितताका लागि काम गर्दछ ।

- **सामुदायिक स्वास्थ्य क्लिनीक सेवा**

ग्रामीण सामुदायिक प्रारम्भिक आधारभूत तथा तत्काल आवश्यक पर्ने स्वास्थ्यको क्षेत्रमा प्रतिकारात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक, स्वास्थ्य शिक्षा जस्ता उनीहरूको स्वास्थ्यमा तत्काल तथा दिर्घकालीन फाईदा पुऱ्याउने उद्देश्यले ओरेक उदयपुरले सामुदायिक स्वास्थ्य क्लिनिक मार्फत सेवा प्रदान गर्दै आइरहेको छ । जस अन्तर्गत यस आर्थिक वर्षमा सम्पन्न भएका गतिविधिहरु निम्न छन् । यस अवधिमा सामुदायिक स्वास्थ्य क्लिनीक मार्फत कुल २१० जना लाभान्वित भएका छन्, जसमा १२९ जना बालिका र ९० जना बालक रहेका छन् । साथै, रिंग प्रेसरी राख्न आएका ७ जना महिलालाई थप उपचारका लागि जिल्ला अस्पतालमा रेफर गरिएको थियो । सेवाहरूले स्थानीय समुदायसँग प्रत्यक्ष संलग्नता, सहभागिता र दीर्घकालीन स्वास्थ्य सुधारमा सकारात्मक प्रभाव देखाएको छ ।

- **महिला तथा किशोरीको लागि मानसिक स्वास्थ्य सेवा प्रवाहका लागि साहसिक घर सञ्चालन**

ओरेकले दाङ जिल्लाको शान्तीनगर गाउँपालिकामा महिला तथा किशोरीहरुको लागि मानसिक स्वास्थ्य अधिकार सुनिश्चितताका लागि विभिन्न कार्यक्रम तथा सेवा प्रदान गर्दै आइरहेकोमा जुन २०२५ देखि महिला तथा किशोरीको लागि मानसिक स्वास्थ्य सेवा प्रवाहका साथ साथै भावनात्मक सहयोगका लागि हाम्रो साहसिक घर सञ्चालन गरेको छ । गाँउपालिकाको समन्वयमा सञ्चालन गरिएको यो घर महिला तथा किशोरीहरुको लागि मनोविमर्श सेवा सञ्चालन गर्ने, महिला अधिकार, यौन तथा प्रजनन् स्वास्थ्य अधिकार, लैङ्गिकतामा आधारित हिंसा आदिको बिषयमा सुचना प्राप्त गर्ने, आफ्ना भावना तथा समस्याहरु खोल्ने र छलफल गर्ने महिलाको एक सुरक्षित स्थलको रुपमा रहने अपेक्षा गरिएको छ । साथै, अन्य लैङ्गिक हिंसा प्रतिकार्य सेवाहरु जस्तै कानुनी परामर्श, स्वास्थ्य उपचार, जिविकोपार्जन आदि आवश्यक भएको सेवाग्राहीहरुलाई सम्बन्धित निकायमा सम्प्रेषण गर्ने माध्यमको रुपमा यस साहसिक घरले भूमिका खेल्नेछ ।

- **सेनेटरी प्याड वितरण तथा व्यवस्थापन प्रणाली सम्बन्धी अध्ययन**

रामधुनी नगरपालिका, बराहक्षेत्र नगरपालिका, कोशी गाउँपालिका, भोक्रानर्सिङ गाउँपालिका, हरिनगर गाउँपालिका, दुहबी नगरपालिका, वर्जु गाउँपालिका, देवानगञ्ज गाउँपालिका, गढी गाउँपालिका, र इटहरी उप-महानगरपालिका अन्तर्गतका जम्मा १६ वटा विद्यालयमा कक्षा ९ देखि १२ सम्मका विद्यार्थीहरूमाझ सेनेटरी प्याडको वितरण तथा व्यवस्थापन प्रणाली सम्बन्धी अध्ययन सम्पन्न गरिएको छ । अनुसन्धानका क्रममा किशोरीहरूले विद्यालयमा उपलब्ध सेनेटरी प्याडहरू गुणस्तरहीन, सानो आकारका, प्रयोग गर्न असहज, चिलाउने, पोल्ने, गन्हाउने वा घाउ उत्पन्न गर्ने समस्यासहित रहेको बताएका छन् । यसले स्पष्ट रूपमा विद्यालयमा उपलब्ध सेनेटरी प्याडको गुणस्तर सुधार गर्न तत्काल कदम चाल्न आवश्यक रहेको देखाएको छ । यस अध्ययनको प्रतिवेदनको तयारीमा रहेको छ ।

## गुणस्तरीय सेवा प्रवाह अन्तर्गत सम्पन्न मुख्य गतिविधिहरु :

- **सुरक्षावास सेवा प्रदान**

ओरेकले निरन्तर रूपमा हिंसा प्रभावित महिला तथा किशोरीहरुका लागि आवश्यक सुरक्षित आवास सेवा उपलब्ध गराउँदै आएकोमा यस अवधिमा पनि निरन्तरता दिएको छ । लैङ्गिक हिंसा विरुद्धको अभियानमा सुरुवातदेखि नै संस्थाले सुरक्षा आवासको व्यवस्थापन गरी हिंसा प्रभावित महिला तथा बालिकाहरुको सर्वोत्तम हितको सुनिश्चितताका लागि कार्यक्रमहरु सञ्चालन गरिरहेको छ । यस वर्ष ४ वटा सुरक्षावास मार्फत ३३८ जना हिंसा प्रभावितलाई सुरक्षावास सेवा, मनोविमर्श सेवा, कानुनी परामर्श तथा सहयोग, दिगो जीविकोपार्जन सहयोग, शैक्षिक सहयोग लगायतका सेवाहरु प्रदान गरेको छ ।




सहयोग, ओरेकमा कार्यरत जिल्लाका सम्पूर्ण कर्मचारी साथीहरूको निरन्तरता र अभिलेखीकरण मार्फत महिला हिंसाका विभिन्न घटनाहरु जस्तै घरेलु हिंसा, सामाजिक हिंसा, यौन हिंसा, हत्या, बलात्कार, मानव बेचविखन तथा ओसारपसार, आत्महत्या र आत्महत्या प्रयास, महिलाको कानून सम्मको पहुँचको अवस्था, हानिकारक परम्परागत अभ्यासले ल्याएको हिंसा, पीडकको बहुपक्षीय विश्लेषण गरी तथ्याङ्क संकलन तथा विश्लेषण गरेको छ। जसका लागि यस आर्थिक वर्षमा ओरेकले जम्मा १२७९ वटा महिला




माथि हुने हिंसाका घटनाहरुको अभिलेखीकरण गरेको छ भने त्यसको बहुपक्षीय पाटोबाट विश्लेषण समेत गरेको छ। जसका लागि ओरेकद्वारा निर्माण गरेको लैङ्गिक विभेदमा आधारित हिंसा संकलन फारमको प्रयोग गरिएको थियो। जसका माध्यमबाट प्रभावितको भौगोलिक अवस्थिति, उमेर, लिङ्ग, जातीयता, शैक्षिक अवस्था, वैवाहिक अवस्था, प्रभावित र पीडकबिचको सम्बन्ध आदि जस्ता जानकारीहरु सङ्कलन गरिएको थियो।

- **हटलाईन सेवा**

ओरेकले नियमित रूपमा सञ्चालन गरेको हटलाईन सेवा यस वर्ष पनि मोरङ्ग र काठमाडौंमा सञ्चालन भएको छ। स्थानीय तहहरुले यस हटलाईनमा सम्बन्धित महिला हिंसाका घटनाहरु सिफारिस गरेको र स्थानीय तहको घटना सिफारिस चार्ट सूचीमा ओरेकका हटलाईन सेवाका नम्बरहरु समावेश गरेको छ। यस वर्ष हटलाईन सेवाको प्रचार प्रसारमा पर्चा निर्माण गरी स्थानीय नागरिकहरुमा सूचना प्रेषण गरिएको छ। मोरङ र काठमाडौंमा गरेर २ वटा हटलाईन मार्फत ४७ जनालाई सेवा प्रदान गरेको छ। जसमा काठमाण्डौमा २५ जना र मोरङमा २२ वटा घटना हटलाइन मार्फत सङ्कलन गरिएको थियो।




- **मनोविमर्श सेवा प्रदान**

आरेकले संस्था कार्यरत क्षेत्र अन्तर्गत मोरङ्ग, सुनसरी, धनुषा, सर्लाही, कैलाली, दाङ्ग, उदयपुर र काठमाडौं जिल्लामा मनोविमर्श केन्द्र सञ्चालन गरी विभिन्न जोखिम तथा हिंसा प्रभावित महिलाहरुलाई तालिम प्राप्त मनोविमर्शकर्ताहरुद्वारा मनोविमर्श सेवा प्रदान गर्दै आइरहेको छ। यस अवधिमा लैङ्गिक हिंसा तथा विभिन्न कारण जस्तै विपद्, पढाई, जागीर इत्यादिले निद्रा नलाग्ने, टाउको दुःख्ने, छटपटी हुनु, डरत्रास हुनु, तनाव हुने, खाना खान मन नलाग्ने, एक्लोपनाको महसुस हुने जस्ता लक्षण भएका २२९० जनालाई मनोविमर्श सेवा प्रदान गरेको थियो।

- **महिला हिंसा सम्बन्धी तथ्याङ्क सङ्कलन**

ओरेकले समुदाय तहमा रहेका घटनाहरूलाई बाहिर ल्याउनका लागि महिलाहरूलाई 'तिमी एक्लो छैनौं' भनी आफू माथि भएका अपराध विरुद्ध बोल्ने हौसला दिदै न्यायको मार्ग तर्फ लम्कने प्रेरणा दिने सबै महिला मानव अधिकार रक्षकहरूको

# ३.१ पर्यावरणीय न्याय तथा महिलाको नेतृत्व

महिला पुनर्स्थापना केन्द्र (ओरेक) ले 'पर्यावरणीय न्याय तथा महिला नेतृत्व' को मुख्य विषयगत क्षेत्र अन्तर्गत पर्यावरणीय न्यायका लागि महिलाको नेतृत्वः जैविक खेती, दिगो कृषि प्रणाली, वातावरणीय संरक्षण, र विपद् व्यवस्थापनमा महिलाको नेतृत्व प्रवर्द्धन र जलवायु परिवर्तन, जीविकोपार्जन र मानव गतिशीलताः जलवायु संकटले प्रभावित समुदायमा सुरक्षित प्रवासन, महिला सशक्तिकरण, र वैकल्पिक जीविकोपार्जन उपायहरूमा केन्द्रित रहेर यस वर्ष अभियानहरु सञ्चालन गरेको छ। ओरेकका यी पहलहरूले सामाजिक, आर्थिक र पर्यावरणीय न्याय सुनिश्चित गर्दै दिगो विकासका लक्ष्यप्रति प्रभावकारी रूपमा योगदान पुऱ्याइरहेका छन्। यस प्रतिवेदनमा यी उपविषयगत क्षेत्रसँग सम्बन्धित गतिविधिहरू र तिनीहरूले पुऱ्याएको प्रभावलाई विस्तारमा प्रस्तुत गरिएको छ, जसले संस्थाको समग्र दृष्टिकोण र दूरदर्शी उद्देश्यलाई प्रतिबिम्बित गर्दछ।

पर्यावरणीय न्याय भन्नाले वातावरणीय मुद्दाहरूलाई मानव अधिकार र सामाजिक न्यायको दृष्टिकोणबाट विश्लेषण गर्नु हो। यसले सबै व्यक्ति र समुदायलाई स्वच्छ र सुरक्षित वातावरणमा जीवनयापन गर्ने अधिकार सुनिश्चित गर्दै, वातावरणीय क्षतिको भार कुनै एक समुदाय माथि मात्र नपरोस् भन्ने न्यायपूर्ण वितरण सुनिश्चित गर्छ। नेपालको संविधान २०७२ को धारा ३० ले यो अधिकारलाई मौलिक हकको रूपमा स्थापना गरेको भए तापनि व्यवहारमा जातीय, लैङ्गिक, वर्गीय र आर्थिक आधारमा सदियौंदेखि पछाडि पारिएका समुदायहरू माथि जलवायु परिवर्तनको प्रभाव असमान रूपमा परिरहेको छ। नेपालको कुल जनसंख्याको ६६ प्रतिशत कृषिमा आश्रित रहेको र देशको एक तिहाइ ग्राहस्थ उत्पादन कृषि क्षेत्रबाट आउने तथ्यले कृषि, वातावरण र जीविकोपार्जन बीचको गहिरो सम्बन्धलाई उजागर गर्छ। तर तीनै तहको सरकारले कृषिलाई प्राथमिकतामा राखे पनि प्रभावकारी योजना बनाएर कार्यान्वयन गर्न भने सकेका छैनन्। यसले राज्यको प्राथमिकता र व्यवहारिक कार्यान्वयन बीचको ठूलो दूरी देखाउँछ।

संरचनात्मक विभेद, असमान शक्ति सम्बन्ध र सिमान्तीकरणका कारण महिला तथा पछाडि पारिएका समुदायहरूमा जलवायु परिवर्तनको अझ तीव्र र असमान रूपमा प्रभाव परेको छ। तापक्रम वृद्धि, अनियमित वर्षा, बाढी, पहिरो, खडेरी र डढेलो जस्ता प्रकोपहरू बढिरहेका छन्, तर यी प्रकोपको सामना गर्ने क्षमता समाजका विभिन्न समूहमा फरक छ। खासगरी नीति निर्माणमा पहुँच कम भएका र जलवायु संकट सिर्जनामा न्यूनतम भूमिका रहेका समुदायहरूले सबैभन्दा बढी असर भोगिरहेका छन्।

### पर्यावरणीय न्याय र महिलाको नेतृत्व विषयगत क्षेत्र अन्तर्गतका उप-विषयगत क्षेत्रहरू

### १ नीति तथा अभियानः मानवीय संकटमा महिला नेतृत्वको सुदृढीकरणको लागि ओरेकको पहल

मानवीय संकटहरू जस्तै बाढी, भूकम्प र अन्य विपद् व्यवस्थापनमा महिलाको भूमिका केवल राहत प्राप्त गर्ने सीमामा सीमित छैन। ओरेकको दृष्टिकोणमा, महिलाहरू समुदायका सशक्त अगुवा हुन्, जसले निर्णय प्रक्रियामा सक्रिय सहभागी भई समावेशी र न्यायपुर्ण व्यवस्थापनको नेतृत्व गर्नुपर्दछ्। त्यसैले ओरेकले मानवीय सहायता र विपद् व्यवस्थापनका क्षेत्रमा महिला नेतृत्वको लागि नीति तथा पैरवीमूलक अभियानलाई प्रमुख प्राथमिकता दिएको छ।

महिला नेतृत्वको मान्यता, स्रोतको समान पहुँच, र निर्णय प्रक्रियामा उनीहरूको भूमिका सुनिश्चित गर्ने माध्यमका रूपमा हेर्दछ। यसले दीर्घकालीन सामाजिक परिवर्तन र लैङ्गिक न्यायको मार्ग प्रशस्त गर्दछ। स्थानीय तहबाट राष्ट्रिय तहसम्म, ओरकले बहु-सरोकारवालासँगको समन्वय र संवादद्वारा महिला नेतृत्वलाई सुदृढीकरणका लागि पैरवी गर्दै आएको छ।

- **विद्यमान असमानता र मानवीय सहायता क्षेत्रको अवस्था विश्लेषण विषयक राष्ट्रिय स्तरको संवाद कार्यक्रम**

ओरेक महिला एकता समाज र केयर नेपालको संयुक्त आयोजनामा २०८१ असोज १० गते (२६ सेप्टेम्बर) का दिन **"विद्यमान असमानता र मानवीय सहायता क्षेत्रको अवस्था विश्लेषण"** शिर्षकको राष्ट्रिय स्तरीय संवाद कार्यक्रम सञ्चालन गरिएको थियो ।

यस कार्यक्रमको मुख्य उद्देश्य मानवीय सहायताको क्षेत्रमा महिलाले नेतृत्व गरेको संस्थाको कामको मान्यता र पहिचान स्थापित गर्नका लागि बहस निर्माण गर्नु रहेको छ । साथै, मानवीय सहायताकर्मीको परम्परागत भाष्यलाई विश्लेषण गर्दै महिलाले नेतृत्व गरेका संस्थामा शक्ति स्थानान्तरण गर्न सरोकारवालाको जवाफदेहीताको बारेमा बहस निर्माण गर्नु रहेको थियो । यस कार्यक्रममा ४० भन्दा बढी मानवीय साहयताका क्षेत्रमा कार्यरत संस्था, अन्तराष्ट्रिय गैर सरकारी संस्था, फन्डिङ एजेन्सी, महिला मानव अधिकारकर्मी लगायत सरकारी निकायका प्रतिनिधिहरु उपस्थित भएका थिए । महिलाले नेतृत्व गरेका संस्थाले स्रोत माथिको पहुँचका लागि सामना गर्नुपरेको संरचनात्मक अवरोधहरू बारे ओरेकद्वारा व्यक्तिगत र अनलाइन दुवै विधिहरू मार्फत ३० संस्थाहरूसँग गरिएको सर्वेक्षणको निष्कर्ष प्रस्तुत गरिएको थियो । यस सर्वेक्षणले जटिल र अनलाइन आवेदन प्रक्रियाहरू, नेपाली तथा स्थानीय भाषामा आवेदन नहुनु, लैङ्गिक भूमिकाहरू, जातीय भेदभाव, र संस्थागत पूर्वाग्रहहरू, मूलधारका अन्तर्राष्ट्रिय संस्थाहरूले लागू गर्ने परम्परागत साझेदारी मापदण्डहरू आदि प्रमुख चुनौती रहेको देखाउँदै यी चुनौतीले महिलाले नेतृत्व गरेका संस्थाहरूको कोष र स्रोतहरू सुरक्षित गर्ने क्षमतालाई सीमित पार्ने प्रष्ट दर्शाएको थियो । यस अध्ययनले महिलाको जीवनका अनुभव र परम्परागत ज्ञानलाई मानवीय सहायता क्षेत्रको मूल्याङ्कनमा महत्वपूर्ण तथ्याङ्कका रूपमा लिइनु पर्ने कुरामा जोड दिएको छ । यसैगरी यस कार्यक्रममा केयर नेपालका तर्फबाट गरिएको प्रस्तुतीकरणमा जएए ले समग्र प्रतिक्रार्य क्षमतालाई कसरी बलियो बनाइरहेको छ र स्थानीय नेतृत्वले समुदाय तहमा विपद् व्यवस्थापन प्रक्रियाहरूलाई प्रभावकारी रूपमा सञ्चालन गरिरहेको छ भन्ने विषय समेटिएको थियो ।

प्रस्तुतीकरण पछि, उपसचिव, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (एनडीआरआरएमए), सशक्त आवाज महिला संस्था, कैलालीका उपाध्यक्ष, नेपालका लागि उपराष्ट्रिय प्रतिनिधि, युएन वुमन र केयर नेपालका प्रतिनिधिलगायत प्रमुख वक्ताहरूको उपस्थितिमा प्यानल छलफल भएको थियो । सशक्त आवाज महिला संस्थाका कृष्णी चौधरीले आफ्नो टिप्पणीमा, कुनै पनि विपद्बाट प्रभावित जनसंख्याको तत्काल आवश्यकतालाई सम्बोधन गर्न समुदाय तहको महिला नेतृत्वको संस्थाहरूको महत्वपूर्ण भूमिकालाई प्रतिबिम्बित गर्दै उक्त संस्थाहरुको महत्वपूर्ण योगदानको बावजुद, स्रोत विनियोजन र विपद् प्रतिकार्य प्रयासहरूमा नेतृत्व भूमिकाको कुरा आउँछ तब उक्त संस्थाहरुलाई किनारा पारिने बताउनुभएको थियो । अन्य

> *अन्तर्राष्ट्रिय ढाँचा र नीतिहरूले लैङ्गिक समानताको वकालत गरेतापनि समुदाय तहमा तिनीहरूको कार्यान्वयन नभएको कुरामा जोड दिनुभएको थियो ।–*
>
> *मेहताप तातारले, यूएन वुमन*

प्यानलका सदस्यहरूले मानवीय सहायताको संगठनहरू भित्रको पितृसत्तात्मक संरचनाहरूलाई औंल्याउँदै निर्णय लिने प्लेटफर्महरूमा महिलाहरूको पहुँचलाई सीमित पार्ने बताएका थिए । खुला छलफलको क्रममा दांग जिल्लाको मानव अधिकाकर्मी सुमित्रा थापाले कार्यक्रमा "हामी केवल राहत लिने व्यक्ति मात्र होइनौं, हामी हाम्रो समुदायका सशक्त अगुवा हौं र निर्णय प्रक्रियामा हाम्रो आवाज पनि सुनिनुपर्छ ।" भन्ने जोडदार भनाई राख्नुभएको थियो ।

- **बहु-सरोकारवालाहरुसँग नीतिगत संवाद**

ओरेकले दाङ, कैलाली, महोत्तरी लगायतका जिल्लाका विभिन्न स्थानीय तहमा महिलाको नेतृत्व र सहभागिता सुनिश्चित गर्न ३ वटा पालिकामा नीतिगत संवाद कार्यक्रमको आयोजना गरेको थियो । यी संवादहरूमा महिला मानवअधिकारकर्मी, स्थानीय सरकारका प्रतिनिधि, सरोकारवाला संस्था र महिलाले नेतृत्व गरेका संस्थाहरुले संगठनहरूले सहभागिता जनाएका थिए ।

तुलसीपुर उपमहानगरपालिकामा (१३ मे २०२५) ३० जनाको सहभागितामा सम्पन्न कार्यक्रममा विपद् योजना निर्माणमा महिलाहरुको सहभागिता नगाराइनु मुख्य सवालको रुपमा अगाडि आएको थियो । जलेश्वर नगरपालिकामा (२२ मे २०२५) २९ सहभागीहरू बिच विपद् र लैङ्गिक हिंसा बिचको अन्तरसम्बन्धलाई विश्लेषण गरी आवश्यकता बमोजिम स्थानीय तहमा योजनाहरुको कमी रहेको पाइएको थियो । भजनी नगरपालिकामा (२६ मे २०२५) २७ जनाको सहभागितामा सम्पन्न कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयोग्य विपद् पूर्वतयारीको अभाव रहेको विषय उठान गरिएको थियो ।

यी संवादहरु पश्चात स्थानीय सरकारले महिला मानवअधिकार रक्षकहरूको नक्सांकन गरी विपद्को पूर्व तयारी तथा प्रतिकार्यका कार्यक्रमहरुमा महिलाहरुको सहभागिता र नेतृत्व सुनिश्चित गर्ने प्रतिबद्धता जनाएका थिए । जलेश्वर नगरपालिकाले महिला र बालिकाहरूका लागि सुरक्षित आवास स्थापना गर्न आर्थिक सहयोग गर्ने निर्णय गरेको थियो । सहभागीहरूले महिला नेतृत्वलाई नीति निर्माण प्रक्रियामा सहभागिता र नेतृत्वको आवश्यकताको सम्बन्धमा साझा धारणा निर्माण गरेका थिए । साथै, सरकारी र गैरसरकारी निकायहरूबीच समन्वय सुदृढ गर्दै समावेशी विपद् प्रतिकार्य प्रणालीको मार्गचित्र तय गरिएको थियो ।

यी संवादहरु पश्चात स्थानीय सरकारले महिला मानवअधिकारकर्मीहरूको नक्सांकन गरी समावेशी विपद् व्यवस्थापनमा उनीहरूको नेतृत्व र सहभागिता सुनिश्चित गर्ने प्रतिबद्धता जनाएको छ। विशेष गरी जलेश्वर नगरपालिकाले महिला र बालिकाका लागि सुरक्षित आवास स्थापना गर्ने निर्णय समेत गरेको छ, जुन एक महत्वपूर्ण कदम हो ।

- **विपद प्रतिकार्य र पर्यावरणीय न्यायका लागि महिलाको नेतृत्व विषयक परामर्श तथा छलफल कार्यक्रम**

कैलाली (भजनी), दाङ (तुलसीपुर), र महोत्तरी (जलेश्वर) मा २०२४ मार्च २१-२६ गतेका बीचमा विपद प्रतिकार्य र महिलाको नेतृत्व विषयमा ९ वटा परामर्श तथा छलफल

> *"हामीले विपद्का बेला नेतृत्व गरेका छौं, राहत पुऱ्याएका छौं, तर निर्णय प्रक्रियामा किन किनारामा राखिन्छौं?"*
>
> *कृष्णी चौधरी, महिला अधिकारकर्मी, कैलाली*

कार्यक्रम सम्पन्न भएको थियो । ३ वटा पालिकामा सम्पन्न नौ वटा कार्यक्रमहरुमा स्थानीय विपद् व्यवस्थापन समितिका सदस्य, महिलाले नेतृत्व गरेका संस्था, महिला मानवअधिकार रक्षक, र सामुदायिक समूहका प्रतिनिधिहरु सहित ३५० जना भन्दा बढीको सहभागिता रहेको थियो ।

ओरेकले महिलाको नेतृत्वलाई थप सशक्त बनाउँदै विपद् व्यवस्थापन र पर्यावरणीय न्यायका लागि समावेशी र प्रभावकारी कार्ययोजना विकास गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरेको थियो ।

सहभागीहरूले महिलालाई केवल लाभान्वित वर्गको रुपमा मात्र नभई नेतृत्व लिन सक्ने व्यक्तिको रुपमा लिन, महिला तथा पछाडि पारिएका समूहहरूका लागि सुरक्षित पूर्वसूचना प्रणाली विकास गर्न, बजेट निर्माणमा लैङ्गिक प्रभाव मूल्यांकन गर्न, सुरक्षित आवास र मनोसामाजिक सेवा सुदृढ गर्नुपर्नेमा जोड दिएका थिए । यी सुझावहरूले लैङ्गिक हिंसा न्यूनीकरण र न्यायोचित सहायता वितरणमा विशेष ध्यान पुऱ्याउन आग्रह गरेका छन् । समग्रमा, यो पहलले स्थानीय तहमा महिला नेतृत्वलाई थप बलियो बनाउँदै समावेशी, न्यायपूर्ण र प्रभावकारी विपद् तथा जलवायु अनुकूलन रणनीतिहरूको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

- **महिलाले नेतृत्व गरेका सामुदायिक संस्थाहरुसँग २ दिने कार्यशाला**

दाङ (मे १७-१८) र कपिलवस्तु (मे २३-२४) मा सामुदायिक वकालत तथा परिचालन र संगठनात्मक दिगोपनलाई सुदृढ गर्न दुई क्षमता विकासको आवश्यकता पहिचान (Capacity Need Assessment) कार्यशालाहरू सम्पन्न भएको थियो । महिला तथा किशोरीले नेतृत्व गरेका ७ वटा संस्थाहरू (प्रगतिशील महिला सामुदायिक संस्था, महिला एकता सामुदायिक संस्था, जागृति महिला सामुदायिक संस्था,

चेतनशील महिला सामुदायिक संस्था) र उनीहरूका महिला समूहहरू र कन्सोर्टियम साझेदार किशोरी अधिकारी मञ्च र जनचेतना महिला सामुदायिक संस्थाका कुल ५५ प्रतिनिधिहरू सहभागी थिए। कार्यशालामा सहभागीहरूले आफ्ना संस्थाहरूको सबल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीहरूको विश्लेषण गरेका थिए। उनीहरूले संस्थागत शक्ति, सरोकारवालाहरू र उपलब्ध स्रोतहरूको नक्साङ्कन पनि गरे।

सहभागी संस्थाहरू कानुनी रुपमा दर्ता हुनु, विधान र बैंक खाता, नियमित लेखापरीक्षण, तथा स्थानीय तहबाट आर्थिक सहयोग प्राप्त गर्दै आएको सबल पक्षको रुपमा रहेका थिए भने, सदस्यहरूको कम सक्रियता, नेतृत्व हस्तान्तरणको अभाव, प्रशिक्षित कर्मचारीको कमी, र दिगोपनका लागि सीमित संस्थागत कोष लगायतका पक्षहरुमा सुधार गर्नुपर्ने भनी सहभागीहरुले पहिचान गरेका थिए। यी संस्थाहरूका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा फोरमहरूमा संलग्नता तथा सहभागिता, साझेदारी विस्तार र स्थानीय स्रोत (नगरपालिका कोष) परिचालन लगायतका अवसरहरु रहेको पनि छलफलका क्रममा आएको थियो। कार्यक्रमको अन्त्यमा प्रत्येक संस्थाले आफ्ना विशेष क्षमता आवश्यकता सम्बोधन गर्न कार्ययोजना तयार पारेका थिए। यी निष्कर्ष र कार्ययोजनाका आधारमा, ओरेकले आगामी दिनमा वित्तीय व्यवस्थापन र संगठनात्मक विकास सम्बन्धी तालिम सञ्चालन गर्ने तथा कन्सोर्टियम साझेदार र सहभागी संस्थाहरूलाई प्राविधिक सहयोग प्रदान गर्ने योजना बनाएको थियो।

- **विपद्को अवस्थामा मनोसामाजिक सहयोगको पूर्वतयारीः मनोविमर्शकर्ता नक्साङ्कन**

ओरेकले २०८२ साल जेष्ठ र असार महिनामा प्रतिबद्धता, मधेश र सुदूरपश्चिम प्रदेशमा प्रदेश स्तरीय मनोविमर्शकर्ता नक्साङ्कन कार्यक्रम सम्पन्न गऱ्यो। यस पहलले विपद् र मानवीय संकटमा लैङ्गिक संवेदनशील मनोसामाजिक सहयोग सेवा सुदृढीकरणका लागि सहयोग गर्न सक्ने मनोविमर्शकर्ताहरूको पहिचान, समन्वय र नक्सांकन गरेको छ। कुल ६४ जना मनोविमर्शकर्ताहरू (लुम्बिनी र सुदूरपश्चिमबाट १८ महिला र मधेशबाट २० महिला र ८ पुरुष) सहभागी थिए, जो विभिन्न सामाजिक संस्थाहरू र मानसिक स्वास्थ्य कार्यक्रमसँग आवद्ध थिए। कार्यक्रममा उनीहरूले आफ्नो विशेषज्ञता, सेवा क्षेत्र र परिचालन क्षमताको विस्तृत नकसाङ्कन गरि मानसिक आघात, स्व-हेरचाह, र मनोसामाजिक परामर्श सेवा लगायतका विषयमा छलफल गरिएको थियो।

नक्साङ्कन पश्चात तयार गरिएको रोस्टर लुम्बनी, मधेश र सुदूरपश्चिमका सम्बन्धित मन्त्रालय र क्लस्टरहरूलाई औपचारिक रूपमा हस्तान्तरण गरिएको छ र तीनै प्रदेशले यसलाई आपतकालीन योजनामा समावेश गरी प्रदेशको वेबसाइटमा राखेका छन् र नियमित अद्यावधिक गर्ने प्रतिबद्धता पनि जनाएका छन्। संघीय र प्रदेश स्तरीय गरी हालसम्म १७३ जना मनोविमर्शकर्ताको रोस्टर तयार भइसकेको छ।

यो अभ्यासले विपद्को अवस्थामा महिला, किशोरी र पछाडि पारिएका समूहका लागि आवश्यक मनोसामाजिक सहयोगलाई थप सहज बनाएको छ र संकट व्यवस्थापनमा मानसिक स्वास्थ्यको महत्वलाई झन् बलियो बनाएको छ। ओरेकले सम्बन्धित सरोकारवालाहरुलाई आगामी दिनमा मनोविमर्शकर्ताहरुसँगको समन्वय, मनोसामाजिक सेवाको लागि आवश्यक बजेट विनियोजन गनुपर्ने लगायतका सुझाव दिएको छ। यस्तो बहुक्षेत्रीय समन्वय र संस्थागत प्रयासले संकटकालीन सहयोगलाई थप प्रभावकारी बनाउने विश्वास लिइएको छ।

- **विपद्को अवस्थामा समावेशी जोखिम सञ्चारः लैङ्गिक संवेदनशीलता र पुनःसंरचनाको आवश्यकता**

ओरेकले २०८२ असार महिनामा प्रतिवद्धता, सुदूरपश्चिम र मधेश प्रदेशका दंगीशरण, तुल्सीपुर, कैलारी, भजनी, बर्दिबास र जलेश्वर गरी ६ विपद्-जोखिम पालिकामा जोखिम सञ्चार पूर्वतयारी कार्यक्रम सञ्चालन गरेको छ। प्रत्येक कार्यक्रममा विपदको पूर्वतयारी तथा प्रतिकार्यका लागि समुदायका प्रत्येक व्यक्ति, विशेष गरी महिला लगायत जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरुलाई मध्यनजर

गर्दै लैङ्गिक संवेदनशील जोखिम सन्देश तथा सञ्चार योजनाको विकासमा जोड दिनुपर्ने लगायतका विषयमा छलफल भएको थियो । ६ वटा पालिकामाबाट स्थानीय तहका जनप्रतिनिधिहरु, विपद व्यवस्थान शाखा लगायतका शाखाका प्रतिनिधिहरु, सामुदायिक संस्थाका प्रतिनिधिहरु, महिलाले नेतृत्व गरेका संघ संस्थाका प्रतिनिधिहरु सहित १५० भन्दा बढीको सहभागिता रहेको थियो ।

कार्यक्रमले जोखिम सञ्चारमा लैङ्गिक हिंसा, यौन तथा प्रजनन स्वास्थ्य जस्ता संवेदनशील विषयवस्तुको अभाव रहेको, जसले महिला, किशोरी, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति र अन्य पछाडि पारिएका समूहहरूलाई थप जोखिममा पारिरहेको छ । स्थानीय भाषामा सन्देश विकास, अपाङ्गता-मैत्री सञ्चार माध्यम र किशोरकिशोरी लक्षित सन्देशहरूको आवश्यकतामा जोड दिएको थियो । सहभागी पालिकाहरूले जलवायु जोखिम र महिलामैत्री सूचना विकासका लागि समिती गठन र समावेशी सुरक्षा सन्देश प्रणाली निर्माणमा प्रतिबद्धता जनाएका थिए । कार्यक्रम पश्चात ओरेकको सहजीकरणमा सहभागि ६ वटै पालिकाले विपद् जोखिम सञ्चार योजना निर्माण गरेको छ भने यस मध्ये एक पालिकाले जोखिम सञ्जार योजना पालिकाबाट अनुमोदन समेत गरेको छ ।

- **विपद् व्यवस्थापन समितीको बैठक**

ओरेकको पहलमा कैलाली जिल्लाको गौरीगंगा नगरपालिका, दंगीशरण गाउँपालिका, धनगढी उपमहानगरपालिका, तुलसीपुर उपमहानगरपालिका, र घोराही उपमहानगरपालिकामा विपद् व्यवस्थापन समितिको बैठक सम्पन्न भयो । समितिका संयोजकको अध्यक्षतामा आयोजित बैठकमा विपद् तयारीमा भएका प्रगतिहरूको समिक्षा गर्नुका साथै महिला सहभागिता, लैङ्गिक संवेदनशीलता, र संस्थागत सशक्तिकरणका विषयमा गहन छलफल गरियो । छलफलका क्रममा सहभागीहरूले राहत प्रक्रिया सहज बनाउने, संवेदनशील समूहको आवश्यकतालाई समेट्ने, र दमकल जस्ता पूर्वाधारको अभावमा अन्तरपालिका समन्वयको आवश्यकता औंल्याएका थिए । गौरीगंगा नगरपालिकामा सो बैठक पश्चात विपद् व्यवस्थापन कार्यसमितिमा २ जना महिला सदस्य थप गरिनुका साथै विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि प्रत्येक वडाबाट ३ जना युवा समेटेर स्वयंसेवकहरुको समुह तयार गरी १८ दिने तालिम पनि सञ्चालन गरेको छ । जसमा १ जना महिला प्रत्येक वडाबाट अनिवार्य सहभागी गराइएको थियो । त्यस्तै धनगढीमा ८ जना युवा महिलालाई ७ दिने विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी तालिममा समावेश गरिएको थियो । बैठकमा महिलामैत्री आपत्कालिन सेवा सञ्चालनका लागि बजेट सुनिश्चितता, मनोसामाजिक सहयोग विस्तार गर्ने, आकस्मिक कोषको स्थापनादेखि राहत सामग्रीको भण्डारण लगायतका योजनाहरुमा प्रतिबद्धता जनाइएको थियो ।

- **विपद प्रतिकार्यमा स्नेह अभियान**

ओरेकले यस अवधिमा स्नेह अभियान मार्फत् महिलामैत्री विपद् प्रतिकार्य सेवा काभ्रे, पनौति, रोशी र जाजगकोट लगायत रुकुम पशिचममा प्रदान गरेको थियो । यस वर्ष काभ्रे जिल्लाका बाढी प्रभावित दुई पालिका, पनौती र रोशी र जाजरकोट र रुकुम पश्चिमका २, जाजरकोटका ३ पालिकाहरुमा स्थानीय सरकारसँग समन्वय गरी ७ वटा महिला मैत्री स्थल सञ्चालन गरी सेवा सेवा प्रदान गरेको थियो । उक्त स्नेह केन्द्रबाट २०,२८६ जना विशेष आवश्यकता भएका महिला जस्तै गर्भवती, सुत्केरी महिला, किशोरी, हिंसा प्रभावित महिला, आर्थिक रुपले विपन्न महिला, अपाङ्गता भएका महिला तथा बालबालिका र किशोरीहरुका लागि अत्यावश्यक सेवा जस्तै मनोविमर्श सेवा, आवास तथा पोषणयुक्त खाना, डिग्निटी किट, प्राथमिक उपचार सेवा जस्ता सेवाहरु प्रदान गरिएको थियो ।

**समग्र पहुँच**

| क्षेत्र | लाभान्वित संख्या |
|---|---|
| जाजरकोट र रुकुम पश्चिम | ६,०८४ |
| सुनसरी | २,५४३ |
| सप्तरी | ३,६५७ |
| काभ्रे | ५,५११ |
| पश्चिम ललितपुर | २,४९१ |
| कुल | २०,२८६ |

- **महिला मैत्री स्थलहरू मार्फत कर्णाली प्रदेशमा लैङ्गिक हिंसा विरुद्धको अभियान सञ्चालन**

ओरेकले लैङ्गिक हिंसा विरुद्धको निरन्तर अभियानलाई अघि बढाउँदै रुकुम र जाजरकोट जिल्लामा महिला मैत्री स्थलहरू मार्फत महत्वपूर्ण कार्यहरू सम्पन्न गरेको छ। दुई जिल्लामा सञ्चालित पाँच वटा महिला मैत्री स्थलहरू मार्फत १,५७३ महिलाहरूले विभिन्न सेवाहरू प्राप्त गरेका छन्। यी सेवाहरूमा खाना, आश्रय, भावनात्मक तथा मनोसामाजिक सहयोग, मनोवैज्ञानिक प्राथमिक उपचार (एँब), यौन तथा प्रजनन स्वास्थ्य अधिकार सम्बन्धी अभिमुखीकरण, कानूनी सहायता, र डिग्निटी किट (मर्यादित सामग्री) वितरण जस्ता कार्यक्रमहरू समावेश छन्। दुई जिल्लाका सात वटै

> *"स्नेह केन्द्रमा आएर पाएको मनोविमर्श मलाई मानसिक रूपमा बलियो बनायो। मनोविमर्शकर्ता दिदीले मेरो कुरा धैर्यपूर्वक सुन्नुभयो र म एक्लो छैन भन्ने महसुस गराउनुभयो।" सेवाग्राही, काभ्रे*

पालिकाका समुदाय परिचालकहरू मार्फत लैङ्गिक हिंसा, हानिकारक अभ्यासहरू, यौन तथा प्रजनन स्वास्थ्य अधिकार, महिला अधिकार लगायतका विषयमा जनचेतना अभिवृद्धि गर्दै सम्प्रेषण प्रणालीलाई सुदृढ बनाउने उद्देश्यले घरदैलो कार्यक्रम सञ्चालन गरिएको थियो। यस क्रममा कुल १,१०९ घरधुरीमा पुगी अभिमुखीकरण गरिएको छ, जसमध्ये रुकुममा ७७३ र जाजरकोटमा ३३६ घरधुरी रहेका छन्।

रुकुम जिल्लाको विभिन्न पालिकाहरू सानीभेरीमा ३२६, आठबिसकोटमा १८३, र चौरजहारीमा २६४ घरधुरीमा सेवा सञ्चालन गरिएको थियो। त्यसैगरी जाजरकोट जिल्लामा नलगाढमा ६७, बारेकोटमा १०५, भेरीमा ७८ र कुसेमा ८६ घरधुरीमा पुगी महिला अधिकार र लैङ्गिक हिंसा सम्बन्धी विभिन्न विषयमा छलफल तथा अन्तरक्रिया गरिएको थियो। यस समयमा विद्यालय स्तरिय कार्यक्रमहरु समेत सञ्चालन गरिएको थियो। यस अवधिमा कुल ३७ वटा विद्यालय अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिएका थिए। जसमध्ये रुकुम-पश्चिम जिल्लामा २२ वटा (सानीभेरीमा ११, चौरजहारीमा ३ र आठबिसकोटमा ८) र जाजरकोटमा १५ वटा (नलगाढमा ५, बारेकोटमा ७ र भेरीमा ३) कार्यक्रमहरू सम्पन्न गरिएका छन्। ओरेकको निरन्तर वकालत र प्रयासको फलस्वरूप यस अवधिमा चार जना महिलाहरूले नागरिकता प्राप्त गर्न सफल भएका छन्। जसमध्ये रुकुम र जाजरकोट दुवै जिल्लामा दुई-दुई जना महिलाहरू रहेका छन्। यो उपलब्धि महिला अधिकारको क्षेत्रमा गरिएको निरन्तर वकालतको एउटा महत्वपूर्ण परिणाम हो। ओरेकले लैङ्गिक हिंसा विरुद्धको लडाईंमा महिला मैत्री स्थलहरूको माध्यमबाट महिला सशक्तिकरण, अधिकार प्राप्ति र सामाजिक न्यायको लागि निरन्तर काम गरिरहेको छ।

- **पश्चिम ललितपुरमा बाढी प्रभावित महिलाहरूको लागि राहत कार्यक्रम**

ओरेकले पश्चिम ललितपुरमा बाढी प्रभावित महिलाहरूका लागि एक महिने तात्कालिक राहत कार्यक्रम कार्यान्वयन गरेको छ। यो कार्यक्रम जनवरी ०४ देखि जनवरी ३१ सम्म सञ्चालन गरिएको थियो। यस परियोजना अन्तर्गत, ललितपुर जिल्लाका बागमती, कोन्ज्योसम र महाकांल गाउँपालिकामा तीनवटा परामर्श केन्द्र स्थापना गरिएको थियो, जसले महिलाहरूलाई मानसिक स्वास्थ्य, परामर्श, र आवश्यक सेवाहरुमा सहयोग पुऱ्याएको थियो।




कार्यक्रमको उद्देश्य बाढी प्रभावित महिलाहरुलाई तत्काल राहत प्रदान गर्नु र उनीहरूको भविश्यका लागि पुनर्निर्माण प्रक्रियामा सहयोग पुऱ्याउनु थियो। यो पहलको प्रमुख कार्यहरुमा ४०० सेट न्यानो सामग्री (Winter Kits), १०० सेट मर्यादित सामग्री (Dignity Kits), ७९ वटा क्षिभिभउप्ष्लन द्यबनक र ७५ जना बाढी प्रभावित महिलाहरुलाई नगद सहयोग वितरण समावेश गरिएको थियो। यस कार्यक्रममा स्थानीय सरकारका प्रतिनिधिहरूको सक्रिय सहभागिता र सहयोगले सेवा वितरणलाई सहज र प्रभावकारी बनाउन

महत्वपूर्ण भूमिका खेलेको थियो । कार्यक्रमले बाढी प्रभावित महिलाहरुलाई तात्कालिक राहत मात्र नभई, भविष्यमा उनीहरुको पुनःस्थापना प्रक्रियाको लागि पनि महत्वपूर्ण कदम चालेको छ ।

- **सप्तरी र सुनसरीमा समुदायस्तरको पूर्वतयारी कार्यक्रम**

ओरेकले यूएनएफपिएसँगको सहकार्यमा विपद पूर्वतयारी कार्यक्रम अन्तर्गत बाढी प्रभावित सप्तरी र सुनसरी जिल्लाका ९ पालिकामा एक महिनासम्म समुदाय स्तरको सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको थियो । प्रभावित पालिकाहरूमा सुनसरीका भोक्राह, बराहक्षेत्र, हरिनगर, कोशी तथा सप्तरीका हनुमाननगर कङ्कालिनी, छिन्नमस्ता, तिलाठी कोईलाडी, कञ्चनरुप र सप्तकोशी रहेका थिए ।

कार्यक्रम अन्तर्गत, अक्टोबर ४ देखि नोभेम्बर ४ सम्म, १८ जना सामुदायिक सहजकर्ता (प्रत्येक पालिकाका लागि दुई) र दुई जना मनोविमर्शकर्ता (प्रत्येक जिल्लाका लागि एक) मार्फत घरदैलो भ्रमण गर्दै महिला तथा बालबालिकासँग प्रत्यक्ष संवाद गर्दै उनीहरूले प्रजनन् स्वास्थ्य (क्ब्ज्च), महिनावारी सरसफाइ, विपद्मा महामारीका रुपमा फैलन सक्ने पानीजन्य रोग सम्बन्धी अभिमुखीकरणसँगै लैङ्गिक हिंसा (न्द्यख) रोकथाम तथा प्रतिकार्य, परिवार योजनाका साधन, बालविवाह जस्ता हानिकारक अभ्यास तथा मानसिक स्वास्थ्यका विषयमा समुदायमा सचेतनामूलक गतिविधिहरु सम्पन्न भएका छन् । सो सचेतना कार्यक्रमबाट सुनसरीमा २,५४३ र सप्तरीमा ३,६५७ जना लाभान्वित भएका थिए । यस क्रममा क्रममा ३३ वटा लैङ्गिक हिसाका घटनाहरु अभिलेखीकरण भएका थिए । यस अतिरिक्त, सुरक्षित आवास (Safe House) र एकीकृत संकट व्यवस्थापन केन्द्र (OCMC) को जानकारी समुदायमा फैलाउँदै, विपद्को समयमा बढ्न सक्ने लैङ्गिक हिंसा विरुद्ध सशक्त रेफरल प्रणाली निर्माण गर्ने कार्यमा ओरेकको को महत्वपूर्ण भूमिका रहेको थियो । मनोविमर्शकर्ताहरुले एकद्धार संकट व्यवस्थापन केन्द्र (ओसीएमसी) तथा स्थानीय सरकारसँग समन्वय गर्दै मानसिक स्वास्थ्य परामर्श सेवा प्रदान गरेका थिए ।



- **बाढी प्रभावित गर्भवती सुत्केरीहरुलाई डिग्निटी किट सहयोगः**

२०८१ भदौ ५ गते आएको बाढीले कञ्चनपुर जिल्लाको दोधारा चाँदानी भिमदत्त नगरगरपालिका लगायत दक्षिण बेल्टमा रहेका पालिकाहरु र कैलारी गाउँपालिका को वडा नं ५, ७ मा ठुलो क्षति गरेको र बस्ती नै विस्थापित भएको अवस्थामा ओरेक र महिलाले नेतृत्व गरेका स्थानीय संस्थाबाट संयुक्त स्थलगत अनुगमन गरी, अवस्थाबारे जानकारी लिनुका साथै बाढी प्रभावित गर्भवती सुत्केरीहरुलाई डिग्निटी किट सहयोग गर्ने कार्य भएको थियो । कैलारी गाउँपालिकाको सशक्त आवाज महिला संस्थाको अगुवाईमा पालिकासँगको सहकार्य ४ दिन स्नेह केन्द्र पनि सञ्चालन भएको थियो । संस्थाबाट यस समयमा १० जना बाढी प्रभावित गर्भवती सुत्केरीहरुलाई डिग्निटी सहयोग प्राप्त गरेका थिए ।

कञ्चनपुर जिल्ला भिमदत्त नगरपालिकामा महिलाले नेतृत्व गरेको संस्था नारी उत्थानले आफ्नै प्रयास र खर्चबाट बाढी प्रभावित गर्भवती, सुत्केरी, अपाङ्गता भएको व्यक्ति, जेष्ठ नागरिक हरुको आवश्यकता पहिचान गरी ५८ जनालाई आवश्यकता अनुसारको कपडा र खाद्यवस्तु सहयोग गरेका थिए । कञ्चनपुर दोधारा-चाँदनी नगरपालिकाका महिलाले नेतृत्व गरेका संस्थाहरुले बाढी प्रभावितहरुले उद्धार कार्यमा सहयोग गर्नुका साथै उद्धार गरी सुरक्षित स्थानमा रहेकाहरुलाई महिला र पुरुष छुट्टाछुट्टै राख्ने व्यवस्था मिलाइएको थियो । साथै बाढी प्रभावित र अति विपन्न ३ जना मध्ये १ जना ३ दिने सुत्केरीलाई आफ्नै खर्चमा पोषिलो खानेकुरा सहयोग गरेको २ जनालाई सहयोगको लागि वडा कार्यालयसँग समन्वय गरि सहयोग उपलब्ध गराएको थियो । दोधारा चाँदनी, भिमदत्त नगरपालिका र कैलारी गाउँपालिकाका महिलाले नेतृत्व गरेका संस्थाहरुले बाढी

प्रभावितहरुको आवश्यकता पहिचान गरि आफ्नै नेतृत्वमा सहयोग गरेका थिए । यसै समयमा कैलारी गाउँपालिका धिइ हरुले उद्धार गरि ३५ जना भन्दा बढी बाढी प्रभावितहरुको व्यवस्थापन, खाना तथा अन्य सहयोग समेत गरेका थिए ।

- **ओरेकको अग्रसरतामा कर्णाली प्रदेशको भूकम्प प्रभावित जिल्लामा लैङ्गिक हिंसा रोकथाम र प्रतिक्रिया सुदृढीकरण**

रुकुम र जाजरकोटमा सेप्टेम्बर १, २, ३ र ४ मा लैङ्गिक हिंसा, यौन शोषण र दुर्व्यवहारबाट संरक्षण, तथा यौन र प्रजनन् स्वास्थ्य अधिकार सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रमले ६५ जना स्थानीय सहभागी (रुकुम: २७, महिला: १२, पुरुष: १५; जाजरकोट: ३८, महिला: २३, पुरुष: १५) लाई समेटेको थियो भने इञ्ःञ, इएम, क्षएम, मनोवैज्ञानिक परामर्शदाता, आपतकालीन सेवा, तथा अन्य विविध विभागका स्वास्थ्यकर्मीहरूको सहभागिता थियो ।



स्वास्थ्यकर्मीहरूलाई लैङ्गिक हिंसा, यौन तथा प्रजनन् स्वास्थ्य, प्रभावित केन्द्रित अवधारणाका सम्बन्धमा आवश्यक ज्ञान र सीप प्रदान गर्ने उद्देश्यले सञ्चालन गरेको यस तालिममा स्वास्थ्य सेवा प्रदायकहरूलाई विशेषगरी महिला र बालबालिकाको सुरक्षाका लागि गुणस्तरीय, प्रभावित केन्द्रित सेवा प्रवाह सुनिश्चित गर्न आवश्यक ज्ञान र सीप प्रदान गरिएको थियो ।

यस कार्यक्रम ओरेकको दीर्घकालीन प्रयास र पैरवीको परिणामस्वरूप सञ्चालन भएको थियो, जसले विशेषगरी घटना सम्प्रेषण (रेफरल) प्रणालीलाई सुदृढ गर्दै लैङ्गिक हिंसाको रोकथाम र दिगो प्रतिक्रिया प्रणालीको स्थापनामा योगदान पुऱ्याएको छ । ओरेकको निरन्तर पैरवीले स्वास्थ्य सेवा प्रवाहलाई उत्तरदायी, समावेशी र गुणस्तरीय बनाउन महत्वपूर्ण भूमिका खेल्दै आएको छ ।

*"भूकम्प पश्चात मलाई सबै गुमे जस्तो लागेको थियो । यसै समयमा ओरेकले मनोविमर्श सेवाका साथै जीवन अगाडी बढाउन केही विउपूँजी रकम दियो जसले जीवन पुन: सुरु गर्ने आधार बन्यो । त्यो पैसाले जीविका थाम्न सहयोग गऱ्यो । यसका साथै ओरेकको टिमबाट पाएको भावनात्मक सहयोग म जीवनभर विर्सन सक्दिन । त्यो साथले मलाई थाम्यो; कोही छ जो मेरो कुरा सुन्छ, मेरो सुखदुखको चासो राख्छ र ममाथि विश्वास गर्छ भन्ने महसुसले फेरि जिउने, आत्मसम्मानका साथ बाँच्ने आत्मविश्वास जाग्यो ।"*

*रुकुम पश्चिमकी एक लाभार्थी*

- **बिउपूँजी सहयोग**

ओरेकले महिलाहरूको आत्मनिर्भरता र दिगो जीविकोपार्जनलाई प्रवर्द्धन गर्ने उद्देश्यले बिउँपूँजी सहयोग कार्यक्रम सञ्चालन गर्दै आएको छ । यो कार्यक्रम विशेष गरी हिंसा प्रभावित महिला तथा पछाडि पारिएका समुदायका महिलालाई लक्षित गरिन्छ । जस अन्तर्गत ओरेकको विउपूँजी कोष सञ्चालन कार्यविधि २०७९ को आधारमा सहयोग उपलब्ध गराइन्छ । सहयोगलाई प्रभावकारी बनाउन ओरेकले रकम मात्र नभई उद्यमशीलता सम्बन्धी सीप विकास तालिम, व्यवसाय योजना तयार गर्न, बजार विश्लेषण र सम्भाव्यता अध्ययनमा पनि सहजीकरण गरेको छ ।



२०८१/०८२ मा रुकुम पश्चिम, जाजरकोट, कैलाली, दाङ, मोरङ, सुनसरी, काभ्रे र धनुषा जिल्लामा साझेदार संस्थाहरू र स्थानीय तहसँगको सहकार्यमा २२३ महिलाहरूले बिउपूंजी प्राप्त गरेका छन् । बिउपूँजी पाएका महिलाहरूले स्थानीय आवश्यकता र स्रोतअनुसार पशुपालन, कृषि उत्पादन, खुद्रा व्यापार, साना उद्योग लगायतका आयआर्जन गतिविधि सुरु गरी आर्थिक लाभ लिन थालेका छन् । यसले उनीहरूको आय वृद्धि मात्र नभई परिवार र समुदायमा महिलाको निर्णय क्षमतामा वृद्धि, आत्मविश्वास र सामाजिक हैसियतमा पनि सकारात्मक परिवर्तन ल्याएको छ ।

## क्षमता अभिवृद्धिमा सहजीकरण तथा सीप विकास तालिम

- **लैङ्गिक मैत्री विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी तालिम**

१५ जुन, २०२५ गौरीगंगा नगरपालिकामा लैङ्गिकमैत्री विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी तालिमको आयोजना गरिएको थियो । तालिममा भलमन्साहरु, वडा सदस्य तथा अध्यक्षहरु, पालिकाको प्रमुख तथा उपप्रमुखहरु सहित ४५ जनाको उपस्थिति रहेको थियो ।

कार्यक्रमको उद्देश्य विपद् पूर्वतयारी तथा प्रतिकार्यका योजनाहरुलाई लैङ्गिक संवेदनशील बनाउँदै स्थानीय स्तरमा प्रभावकारी योजनाहरु तयारीका लागि सीप तथा क्षमता अभिवृद्धिमा सहजीकरण गर्ने उद्देश्यले यस तालिमको आयोजना गरिएको थियो । तालिममा विपद् पूर्वतयारीका आधारभूत चरणहरु, लैङ्गिक दृष्टिकोणबाट जोखिम पहिचान, विपद् प्रतिकार्यका क्रममा महिला तथा पछाडि पारिएका समुदायले भोग्ने चुनौती, र सबैलाई समेट्ने योजनाबारे छलफल गरिएको थियो ।

- **सीप परिक्षण तालिम केन्द्र अनुगमन**

ओरेक, उदयपुरले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (ऋत्भ्क्त) र राष्ट्रिय सीप परिक्षण समितिसँगको समन्वयमा सञ्चालन गर्दै आएको सीप परिक्षण तालिम केन्द्रमा अनुगमनका लागि राष्ट्रिय सीप परिक्षण समिति, सानोठिमीका निर्देशक भानु पण्डित र टिम लिडर सहितको टोलीले भ्रमण तथा अनुगमन गरेको थियो । अनुगमनका क्रममा ओरेकले सञ्चालन गर्दै आएको कृषि तथा पशुपालन जे.टि.ए. स्तर-२ लगायतका विषयगत क्षेत्रका तालिमहरूको बारेमा विस्तृत जानकारी प्रस्तुत गरिएको थियो । टोलीले स्थानीय सरकारले यसरी तालिम सञ्चालन गर्दा सेवा प्रवाह थप प्रभावकारी हुने भन्दै छोटो अवधिका तालिमहरू दर्ता गर्न सुझाव दिइएको थियो । साथै ओरेकको कार्यक्रमको दिगोपना समुदायमा पछाडि पारिएका महिलाहरुलाई लक्षित गरी गरिएको तालिमको योजनामा सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गरेका थिए ।

- **जलवायु न्याय र दिगो जीविकोपार्जनका लागि महिला सशक्तिकरण तालिम**

सुदूरपश्चिम, मधेश र प्रतिबद्धता प्रदेशका विपद्-प्रभावित क्षेत्रमा तीन दिने आवासीय तालिम आयोजना गरिएको थियो । कैलालीको धनगढी (१९-२१ असार), जनकपुर (११-१३ असार), र तुल्सीपुर (११-१३ असार) मा आयोजना गरिएको यो तालिममा कुल ६१ जना महिला किसान, महिला मानव अधिकारकर्मी, साना व्यवसायी, सामुदायिक अगुवा र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको सहभागिता रहेको थियो । तालिम जलवायु परिवर्तन, लैङ्गिक हिंसा, महिला स्वास्थ्य र अधिकार बीचको अन्तरसम्बन्धलाई पहिचान गर्दै समुदाय स्तरमा रहेका महिलाहरूको आवाज, निर्णयमा पहुँच र नेतृत्व सुदृढ गर्न केन्द्रित रह्यो । वर्तमान अवस्थामा रहेको स्थानीय वातावरणीय चुनौतीहरू, जैविक कृषि अभ्यास, सामुदायिक नेतृत्वमा महिला सशक्तिकरणका विषयमा गहन छलफल र व्यावहारिक तालिम प्रदान गरिएको थियो । तालिमको अन्त्यमा सहभागीहरूले आगामी ३-६ महिनाभित्र जैविक खेती प्रवर्द्धन, सुरक्षित खानेपानी लगायतका वातावरणीय परिवर्तनसँग सम्बन्धित सचेतना कार्यक्रम सहित कार्ययोजना बनाएका थिए ।

- **सीप विकास सम्बन्धी ४ दिने तालिम र जीविकोपार्जन सहयोग कार्यक्रम सम्पन्न**

ओरेकले २०२४ अक्टोबर २१ देखि २४ सम्म रुकुम-पश्चिमको सानीभेरी गाउँपालिकामा ४ दिने आवासीय सीप विकास तालिम सफलतापूर्वक सम्पन्न गरेको थियो । आठबिसकोट

र सानीभेरीका २० सहभागीहरूको सहभागिता रहेको यस तालिम महिला मैत्री स्थल (ध्ँक) का मनोविमर्शकर्ता तथा व्यवस्थापन समितिद्वारा सिफारिस भएका महिलाहरूलाई लक्षित गरिएको थियो । तालिमले सहभागीहरूको व्यवसायिक सोचलाई व्यवहारिक योजनामा रूपान्तरण गर्ने तथा साना व्यवसायहरू प्रभावकारी रूपमा सञ्चालन र विस्तार गर्न आवश्यक सीप तथा ज्ञान अभिवृद्धिमा सहजीकरण गर्ने उद्देश्य राखेको थियो । तालिमका प्रमुख विषयवस्तुहरूमा आम्दानी तथा खर्चको विवरण राख्ने सीप, अनुदान र सहुलियतपूर्ण ऋण पहुँच, बजार योजना, व्यवसाय वीमा तथा व्यवसायको दिगोपनका उपायहरू समेटिएका थिए । तालिमको अन्त्यमा प्रत्येक सहभागीलाई आफ्नो व्यवसाय थालनी गर्नका लागि रु. २२,५०० को बीउ पूँजी सहयोग प्रदान गरिएको थियो । नोभेम्बर र डिसेम्बर महिनामा गरिएको अनुगमनले अधिकांश सहभागीहरूले तालिमका क्रममा बनाएका योजना अनुरूप आफ्ना साना व्यवसायहरू सुरु गरिसकेका छन् । साना व्यवसायको सुरुवातलाई सहज बनाउने बीउ पूँजी प्रदान गरेर, ओरेकले सहभागीहरूसँगै समुदायको आर्थिक सशक्तिकरणको प्रवर्द्धनमा समेत योगदान गरेको छ ।

- **नगद सहायता कार्यक्रमः महिलाहरूको आत्मनिर्भरताको दिशामा एक कदम**

ओरेकले पश्चिम नेपालका भूकम्प प्रभावित महिलाहरूलाई आर्थिक रूपमा सशक्त बनाउने तथा दिगो जीविकोपार्जनमा सहयोग गर्ने उद्देश्यले नगद सहायता कार्यक्रम सञ्चालन गरेको थियो । यो कार्यक्रम विशेष गरी जाजरकोट र रुकुम-पश्चिमका ११० जना महिला तथा पछाडि पारिएका तथा जोखिममा रहेका महिलाहरूलाई लक्षित गरी गरिएको थियो ।

यस कार्यक्रम अन्तर्गत, महिलाहरूलाई सुरक्षा, भावनात्मक सहायता, स्वास्थ्य सेवा, कानुनी सहायता, तथा आर्थिक आत्मनिर्भरतामा मद्दत पुऱ्याउने उद्देश्यले प्रति व्यक्ति रु २०,००० नगद प्रदान गरिएको थियो । यसले उनीहरूको लागि आवश्यक स्वास्थ्य सेवा, कानुनी सहयोग, तथा अन्य अत्यावश्यक आवश्यकताहरू पूरा गर्न सहयोग पुऱ्याएको थियो । साथै, नगद सहायता प्राप्त महिलाहरूले यो सहयोगलाई व्यवसाय थालनी, कृषि कार्य, साना उद्यम विस्तार, तथा परिवारका आधारभूत आवश्यकताहरू पूरा गर्न प्रयोग गरेका थिए ।

नगद सहायता वितरणका लागि स्पष्ट छनोट मापदण्ड अपनाइएको थियो । महिला-मैत्री स्थान (ध्ँक), एकीकृत संकट व्यवस्थापन केन्द्र (इॠःॠ), र सुरक्षित आवास गृहका मनोविमर्शकर्ताद्वारा सिफारिस गरिएका लैङ्गिक हिंसा प्रभावित, आर्थिक र सामाजिक रूपमा पछाडि पारिएका महिलाहरूलाई प्राथमिकतामा राखिएको थियो । रुकुम-पश्चिममा ५५ र जाजरकोटमा ५५ गरी कुल ११० जना महिला विशेषगरी गर्भवती तथा सुत्केरी महिला, ज्येष्ठ नागरिक, दलित, जनजाति, मधेसी समुदायका महिलाहरुलाई सहयोग उपलब्ध गराइएको थियो । ओरेकको यो पहलले महिलाहरूको आर्थिक पुनर्स्थापनामा महत्वपूर्ण टेवा पुऱ्याउँदै विपद् पछिको पुनर्स्थापना प्रक्रियालाई प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

- **महिला उद्यमशीलता प्रवर्द्धनमा टपरी उद्योग तालिम**

महिला जागरण बहुउदेशीय सहकारी संस्था लिमिटेड, हडियाले चौदण्डीगढी नगरपालिकाको आर्थिक सहयोग र कोशी प्रदेश संसदीय कोषको टपरी मेसिन सहयोगमा तथा ओरेकको सहकार्यमा २०८२ साल वैशाख २१ देखि २५ गतेसम्म टपरी उद्योग सम्बन्धी पाँच दिने तालिम आयोजना गरेको थियो । तालिम चौदण्डीगढी नगरपालिका वडानं १० का वडा अध्यक्ष र नगर उपप्रमुख मणिका देवी दुलालको प्रमुख आतिथ्यतामा, साथै कोशी प्रदेशका पूर्व माननीय श्री अम्बिका थापाको विशेष आतिथ्यतामा सम्पन्न भएको थियो । कार्यक्रममा महिला सहकारीका पदाधिकारी, वडा कर्मचारी र सहकारी सदस्य गरी ३० जनाको सहभागिता रहेको थियो ।

महिलालाई उद्यमशीलतामा प्रोत्साहन गर्दै व्यवसायमा संलग्न गराउनु, प्लास्टिकजन्य प्रदूषण न्यूनीकरण गर्दै वातावरणमैत्री उत्पादन प्रवर्द्धन गर्नु तालिमको उद्देश्य रहेको थियो । कार्यक्रममा टपरी उत्पादनका लागि आवश्यक पात छनोट, मेसिनको प्रयोग र मर्मत, प्याकेजिङ, व्यवसाय व्यवस्थापन र बजारीकरणका व्यवहारिक सीपहरु समेटिएका थिए । पाँच दिनको अवधिमा सहभागीहरूले ३,००० टपरी उत्पादन गरेका थिए भने ११ जनाले घरेलु तथा साना उद्योगको सदस्यता पनि प्राप्त गरेका थिए । तालिम पछि सहभागीहरूले वडा र नगरपालिकासँग समन्वय गर्दै टपरी उद्योगलाई निरन्तरता दिने प्रतिबद्धता जनाएका थिए ।

यस अनुभवले स्थानीय सरकारसँग सहकार्य गर्दै महिलाको सक्रिय सहभागिता र नेतृत्वले कार्यक्रमलाई अझ प्रभावकारी बनाउन सक्ने स्पष्ट सन्देश दिएको छ ।

- **कृषि तथा पशुपालन जे.टि.ए. परीक्षा सञ्चालन**

महिला पुर्नस्थापना केन्द्र (ओरेक), उदयपुरले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (ऋत्भ्ख्त्), राष्ट्रिय सीप परिक्षण समिति (NSTB) सँगको समन्वयमा विभिन्न व्यवसाय र तहको सीप परिक्षण कार्य विगत लामो समयदेखि सञ्चालन गर्दै आइरहेको  छ । यसै क्रममा यस वर्ष पनि नियमित सीप परिक्षण कार्यक्रम अर्न्तगत यस परिक्षण केन्द्रमा कृषि तथा पशुपालन जेटिए (तह २) को लागि आएका आवेदन फारमहरु अनलाईन भरी त्यसलाई रुजु गरी सम्बन्धित निकायमा बुझाउने प्रक्रिया पुरा गर्दा जम्मा ५ जनाको फारम प्रमाणित भएको र उक्त  ५ जनाको परिक्षा सम्पन्न गरी  नतिजा आइसकेको छ । गतवर्ष उत्तीर्ण २२ जना विद्यार्थिहरुको मार्कसिट, चारित्रिक प्रमाणपत्र तयार गरी वितरण भएको छ । तालिममा सहभागिहरुले प्राविधिक तालिम पश्चात दिगो जीविकोपार्जनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

- **च्याउ खेती विषयमा व्यावसायिक तालिम**

अघिल्लो वर्षहरुमा जस्तै यस वर्ष पनि विभिन्न स्थानमा च्याउ खेती सम्बन्धी तालिम आयोजना गरिएको छ । घरमा दैनिक उपभोगका लागि तरकारीको विकल्पका साथै आम्दानीको स्रोतका रुपमा च्याउ खेतीलाई व्यवसायिक बनाउन सकिने भएकाले तालिम सञ्चालन गरिएको हो । महिला लक्षित यस तालिममा उदयपुरमा केही पुरुष पनि सहभागी भएका थिए । उक्त तालिममा तीन वटा नमुना गाउँ समूहका २७ जनालाई लक्षित गर्दै तालिम सञ्चालन गरिएको थियो । कार्यक्रममा व्यवसायिक च्याउ खेतीका लागि आवश्यक कच्चा पदार्थको आपूर्ति, निर्मलीकरण व्यवस्थापन, रोग तथा कीरा नियन्त्रण, च्याउ टिप्ने तरिका लगायतका विषयहरू समेटिएका थिए । साथै गाउँघरमा पाइने च्याउको खान योग्य वा विषाक्त पहिचान गर्ने तरिका, जस्तै चाँदीको चुरामा परीक्षण गरेर खाने-नखाने छुट्याउने ज्ञान पनि प्रदान गरिएको थियो ।



त्यस्तै, धनगढी-१८ मा पनि च्याउ उत्पादन सम्बन्धी तालिम सम्पन्न गरिएको थियो । समुदायमा बन्द रहेको विद्यालय भवनलाई सदुपयोग गर्दै २५ जना महिला सदस्यले समूहमा च्याउखेती सुरु गरेका छन् । यसैगरी च्याउ उत्पादन सम्बन्धी तालिम महोत्तरीको बर्दिबासको सफल महिला कृषक समूहमा पनि सञ्चालन गरिएको छ । तालिम पहिले च्याउलाई मांसहारी खानेकुराका रुपमा लिने मधेशका समुदायमा अहिले तालिम प्रापत गरे पछि भने मनपर्ने खानाको रुपमा लिने र यसको उत्पादनमा पनि जोड दिने गरेको स्थानीयहरुको भनाइ छ । समुदायमा पहिले भन्दा च्याउको उत्पादन पनि बढेको र समुदायमै च्याउको बजार बढेको समूहका सदस्यहरुले जानकारी दिएका छन् ।

- **प्रस्तावना लेखन सम्बन्धी २ दिने तालिम सम्पन्न**

कैलाली र कञ्चनपुर जिल्लाका महिलाले नेतृत्व गरेका स्थानीय संस्थाका सदस्यहरूको क्षमता अभिवृद्धिमा सहजीकरण गर्ने उद्देश्यले दुई दिने प्रस्तावना लेखन सम्बन्धी तालिम आयोजना गरिएको थियो । यस तालिमले स्थानीय स्रोत-साधनको प्रभावकारी परिचालन गर्न तथा स्थानीय संस्थाहरूको स्रोत माथिको पहुँच अभिवृद्धिमा योगदान पुऱ्याएको छ ।



प्रस्तावना लेखन सम्बन्धी तालिम दुई चरणमा सम्पन्न भएको थियो । पहिलो चरणमा ए-लेभलका दुई र बी-लेभलका एक गरी तीन संस्थाका १२ जना सहभागी थिए भने दोस्रो चरणमा सी-लेभलका दुई संस्थाका १३ जना कार्यसमिति सदस्य सहभागी भएका थिए । यसरी दुई चरणमा सम्पन्न भएको तालिममा कुल २५ जनाको सहभागिता रहेको थियो ।

तालिममा प्रस्तावना लेखनको सम्पूर्ण प्रक्रिया समेटिएको थियो, जसमा स्वीकृति प्रक्रिया, प्रस्तावना खुलेपछि अध्ययन गर्ने तरिका, कार्ययोजना तथा रणनीति निर्माण, योग्यताका मापदण्ड, स्रोत समूहबाट तथ्याङ्क संकलन, समूह र जिम्मेवारी बाँडफाँड, समय-सिमा निर्धारण तथा अन्तिम स्वीकृति प्रक्रिया बारे व्यावहारिक अभ्यास गरिएको थियो । सहभागीहरूले आफ्ना पालिकामा देखिएका समस्या र तिनका कारण पहिचान गरी त्यसले समुदायमा पारिरहेको प्रभावबारे समूह छलफल र प्रस्तुतिकरण पनि गरेका थिए । साथै, प्रस्तावना लेखनका क्रममा देखा पर्न सक्ने चुनौती र समस्याहरूको समाधानका उपाय बारे पनि छलफल गरिएको थियो ।

## छलफल, परामर्श तथा गोष्ठी

- **नमुना गाउँको अवस्था र भावी-योजना विषयमा छलफल कार्यक्रम**

मिति २०८१ असार १८ गते उदयपुर जिल्लाको त्रियुगा नगरपालिकामा नमुना गाउँ व्यवस्थापन समितिसँग "नमुना गाउँको अवस्था र भावी योजना" विषयक छलफल कार्यक्रम र ओरेक-उदयपुर र तरङ्गिनी फाउन्डेशनको संयुक्त आयोजनामा सम्पन्न भएको थियो । कार्यक्रमको मुख्य उद्देश्य त्रियुगा नगरपालिकामा रहेका नमुना गाउँहरूको वर्तमान अवस्था समिक्षा गर्नु र नमुना गाउँका सबै सुचकहरू पूर्णरूपमा पूरा गर्न आवश्यक योजना निर्माणमा छलफल गर्ने रहेको थियो ।

छलफल कार्यक्रममा बैरेनी ईको भिलेज, नमुना ईको भिलेज, उत्राई ईको भिलेज र नवोदय ईको भिलेज समूहका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । ईको भिलेज अवधारणा, यसको मापदण्ड, संरचना, परम्परागत गाउँलाई नमुना गाउँमा रूपान्तरण गर्ने चरणहरू, र हाल समुदायमा गठन भएका नमुना गाउँ-समूहहरूले सञ्चालन गरिरहेका कार्यक्रम तथा त्यसबाट आएको प्रभाव लगायतका विषयहरु छलफलमा समावेश गरिएको थियो ।

कार्यक्रममा बालविकास केन्द्र, महिला स्वास्थ्य परामर्श केन्द्र, बाल क्लव, किशोर किशोरी समूह, महिला समूह, सहकारी, कृषक समूह जस्ता सामाजिक संरचनाहरू गठन वा पुनर्गठन गरिएको र समुदायका व्यक्तिहरूले विभिन्न कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित भएको अनुभवहरू साझा गरिएको थियो । ओरेकबाट प्रवाह भएका स्वास्थ्य सेवाबाट महिलाहरूको पहुँच र स्वास्थ्यमा उल्लेख्य सुधार भएको र बालविवाह जस्ता हानिकारक परम्परागत अभ्यासहरू घटिरहेको जस्ता सकारात्मक प्रभावहरू पनि छलफल भएका थिए ।

- **सवाल पहिचान सीप सम्बन्धी अभिमुखीकरण**

मिति २०८१ वैशाख र जेष्ठ महिनामा गरी रंगेली नगरपालिका-९, ऋषिदेव समुदायमा दिना भद्री पुरुष समूह र सवरीमाता महिला समूह, कानेपोखरी गाउँपालिका-१, होकलाबारीमा प्रगति पुरुष समूह र उन्नति महिला समूहका सदस्यहरूलाई नेतृत्व विकास तथा समुदायका साझा सवाल पहिचान सम्बन्धी अभिमुखीकरण कार्यक्रमको आयोजना गरिएको थियो । रिफ्लेक्ट विधि मार्फत समूह, यसको आवश्यकता, महत्व र हाम्रो जिम्मेवारी विषयवस्तुमा रहेर सम्पन्न गरिएको कार्यक्रममा ४६ जना पुरुष र ४५ जना

महिला गरी जम्मा ९१ जनाको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा समुदायमा रहेका ९ वटा मुख्य सवालहरू पहिचान गरिएको थियो । साथै, वडाध्यक्षले समुदायमा शिक्षाको आवश्यकतालाई महशुस गरी प्रौढ कक्षा शुरुवात गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नु भएको थियो । साथै कार्यक्रम पश्चात ४ चार जनाले पानीको लागि ट्युबेल (कल) प्राप्त गर्ने अवसर पाएका थिए ।

## समूह गठन तथा पूनर्गठन

- **महिला कृषक समूह गठन/पुर्नगठन र फलोअप**

यस वर्ष कैलाली, दाङ, सर्लाही, धनुषा, महोत्तरी र मोरंग जिल्लामा गरी जम्मा २० वटा महिला कृषक समूह र १० वटा युवा संजाल गठन तथा पुनर्गठन गरिएका छन् । यी समूहहरूले विशेष गरी महिलालाई उद्यमशीलतासँग जोड्दै नेतृत्व विकास गर्ने उद्देश्य राखेका छन् । महिला कृषक समूहमा २०-२५ जना सदस्य रहेका छन् र यसरी जम्मा ४३१ जना महिला सदस्य सहभागी छन् । युवा संजालमा १९९ जना सदस्यहरु रहेका छन् । यी समूहहरूले प्रत्येक महिना नियमित बैठक बस्दै आएको छ, बैठकमा आवश्यक्ता अनुसारको सहजीकरण तथा मेन्टरसीप ओरेकबाट हुँदै आएको छ । बैठकहरूमा  लैङ्गिक हिंसा, तनाव व्यवस्थापन, मनोसामाजिक स्वास्थ्य, मनोपरामर्श, साथै कृषि सम्बन्धी जानकारी पनि समेटिएको थियो । यस वर्षको बैठकहरूमा कृषि तर्फ विषादीको प्रयोग, वैकल्पिक जैविक विषादी निर्माण, रैथाने बाली र सीप प्रवर्द्धन, कृषिमा महिलाले भोगेका समस्या तथा चुनौती, सरकारी कृषि अनुदान र सहयोग कार्यक्रमका बारेमा जानकारी प्रदान गरिएको थियो । मासिक बैठकहरूद्वारा समूहका सदस्यहरूले महोत्तरीको सफल कृषि समूहबाट माटो उर्वर बनाउन प्रयोग हुने २,२५० केजी चुन स्थानीय सरकारबाट प्राप्त गरेका छन् । कैलालीमा १९ जना महिलाले स्थानीय उद्यमी बजार मेलामा सहभागिता जनाएर नियमित आय-आर्जन गरेका छन् र स्थानीय सरकारबाट रु. १५,००० बराबरको प्रोत्साहन आर्थिक सहयोग पनि प्राप्त गरेका छन् । हालसम्म महोत्तरीमा १, दाङमा १ र कैलालीमा ३ गरी जम्मा ५ वटा समूह स्थानीय सरकारमा दर्ता भइसकेका छन् ।

- **महिलाको आर्थिक अधिकार पहुँचमा अवरोधको कारण र परिणाम विषयमा सर्भेक्षण**

महिलाको आर्थिक अधिकार पहुँचमा कारण र परिणाम विषयमा कानेपोखरी गाउँपालिकाको उन्नती महिला समुह र रंगेली नगरपालिकाको सवरीमाता महिला समुहमा २५/२५ जनालाई प्रश्नावली तयार पारि सर्वे तयार गरिएको थियो । उक्त समुहमा पछाडि पारिएका, कुनै अवसरहरुमा सहभागी नभएका, आर्थिक रुपमा विपन्न, रोजगारीको अवसर नपाएका महिला र पुरुषहरु सहभागी भएका छन् । समुह गठन पश्चात उनीहरुको अवस्था विश्लेषणका लागि आधार भुत सर्वेक्षण गरिएको थियो ।

# ३.३ सिकाइ तथा ज्ञान व्यवस्थापन

- **त्रैमासिक पत्रिका "पैरवी" प्रकाशन**

ओरेकले विषयगत क्षेत्रको रुपमा सिकाई तथा ज्ञान व्यवस्थापनका पहललाई महिलावादी आन्दोलन सुदृढीकरण गर्दै स्थानीय तहदेखि राष्ट्रिय तह र अन्तर्राष्ट्रिय तहसम्म विभिन्न अभियानहरु सञ्चालन गर्दै राज्यको नीति निमार्ण तहमा पैरवी गरिरहेको छ । तथ्यमा आधारित पैरवीको माध्यमद्धारा संस्थाको परियोजनात्मक र कार्यक्रगत उपलब्धीहरुका ज्ञान, सिकाई र तथ्याङ्कहरु उत्पादन गर्दै आएको छ र संस्थालाई महिलावादी स्रोत केन्द्रको रुपमा स्थापित गर्ने प्रयासलाई निरन्तरता दिएको छ । महिलाको मानव अधिकार र सामाजिक न्यायका सवालमा निरन्तर सञ्चालन गरेका अभियानलाई त्रैमासिक न्युजलेटरको माध्यमबाट नियमित रुपमा प्रादेशिक देखि जिल्लातहसम्म प्रकाशन गरेको छ । यस आर्थिक वर्ष २०८१/०८२ मा संस्थागत पैरवीका नियमित दुई अंकहरु प्रकाशन भएका थिए । यी प्रकाशित अंकहरुमा विशेषतः मानव अधिकार




तथा सामाजिक न्याय, पर्यावरणीय न्याय र महिलाको नेतृत्व, महिला तथा सिमान्तकृत समुदायको आर्थिक सशक्तिकरण र मानव अधिकार र महिला अधिकारका लागि राज्यसँग गरेका पैरवीका अभियानहरुलाई प्राथमिकतामा राखी यसले गरेका सामाजिक सञ्जालका अभियानहरुलाई समेत समेटेर र संस्थाद्वारा मानव अधिकारका क्षेत्र जस्तै महिला, किशोरी, बालबालिकाको अधिकारका सवालमा गरिएका पैरवीमूलक क्रियाकलापहरु समेटिएको थियो ।

पैरवीमा मुलतः मधेश प्रदेश, कोशी प्रदेश, सुदुर पश्चिम प्रदेश स्तरीय संकलित महिला माथिको हिंसा विरुद्ध महिला न्याय दिलाउन ओरेकले गरेका प्रयासहरु, अर्न्तराष्ट्रिय श्रमिक महिला दिवस साथै अन्य दिवसहरुमा गरिएका अभियानका कार्यक्रमहरु, बढ्दो दण्डहीनता विरुद्व सामाजिक सञ्जाल अभियान, महिला हिंसा प्रभावितहरुका लागि सुरक्षित आवासको निर्माण, विभिन्न क्षेत्रिय र अन्तराष्ट्रिय मञ्चहरुमा ओरेकको दरिलो उपस्थिति जस्तै Asia Pacific Forum on Women, Law and Development (APWLD), Global Compact For Migration (GSM), Commission on the Status of Women (CSW-69) मा ओरेकद्धारा सञ्चालन भएका गतिविधि, त्यहि अवसरमा सञ्चालन भएको भर्चुअल कार्यशाला, युवा मानव अधिकार रक्षकहरुका लागि समष्टिगत सुरक्षा सम्बन्धी तालिम, ओरकको ३४ औं वार्षिकोत्सव, महिला मानव अधिकार उल्लंघनका घटनाका सवालमा प्रकाशन गरिएका प्रेस विज्ञप्ति, ध्यानाकर्षण पत्र, प्रजनन् स्वास्थ्य र महिला अधिकारको सवाल र विपद्को समयमा लैङ्गिक संवेदना र प्रतिकार्यको अवस्था तथा महिला मानव अधिकार र यसको सुनिश्चिताका लागि पैरवीका सवाल सम्बन्धी राष्ट्रिय पत्रिकामा समेटिएका लेखहरु लगायतका विषयहरु समेटिएका छन् । प्रकाशन भएका सबै ई-पत्रिका ओरेकको वेबसाइटमा समेत अद्यावधिक गरिएको छ ।

- **महिला माथि हुने हिंसाका प्रेस विज्ञप्ति प्रकाशन**

ओरेकले हरेक महिना प्राप्त तथ्याङ्कका आधारमा महिलामाथि हुने हिंसा सम्बन्धी घटनाको विश्लेषण गरी मासिक तथा त्रैमासिक रुपमा प्रतिवेदन तयार गरी डिजिटल प्रेस विज्ञप्तिहरु प्रकाशन गर्ने क्रमलाई निरन्तरता दिईएको छ । यस किसिमका प्रकाशित विज्ञप्तिहरु संस्थाको वेवसाइट, सामाजिक सञ्जालमा प्रकाशन तथा सम्बन्धित सरोकारवाला निकायहरुमा ईमेल मार्फत सम्प्रेषण समेत गरेको थियो । ओरेकले महिला हिंसा रहित जीवन यापनका लागि पैरवी गर्ने तथ्यगत माध्यमबाट घटना अभिलेखन

Regd. No.: 392/047/048

**महिला पुनर्स्थापना केन्द्र (ओरेक)**
**Women's Rehabilitation Center (WOREC)**

मिति : २०८२ असोज ११ गते

**“महिला माथि बढ्दो हत्या र हिंसा: पितृसत्तात्मक संरचना र असमान शक्ति सम्बन्धको परिणाम”**

**प्रेस विज्ञप्ती**

**१. पृष्ठभूमि**

महिलामाथि हुने हिंसा र हत्याका घटनाहरू बढ्दो क्रममा रिपोटिङ्ग भइरहेको छ। ओरेकले मासिक र त्रैमासिक रुपमा महिला हिंसा सम्बन्धी तथ्याङ्कहरुको विश्लेषण गरी प्रतिवेदन प्रकाशनलाई निरन्तरता दिदै आएको छ । विगत ३ महिना (अप्रिलदेखि जुन २०२५) को तथ्याङ्क अनुसार कूल ३०८ वटा महिला हिंसाका घटना सङ्कलन भएका छन्, जसमा ४१ वटा घटना पत्रपत्रिकाबाट र बाँकी २६७ वटा प्राथमिक स्रोत मार्फत ओरेकको कार्य क्षेत्रबाट सङ्कलन गरिएका हुन् । यस तथ्याङ्क अनुसार कुल ३०८ वटा लैङ्गिक हिंसा घटनामध्ये २१ वटा हत्या र ३ वटा हत्या प्रयासका घटना रहेका छन् । विश्वव्यापी रुपमा हेर्ने हो भने, संयुक्त राष्ट्र महिला (UN Women) र UNODC का पछिल्ला प्रतिवेदन अनुसार विश्वभर २०२२ मा मात्रै करिव ४८,८०० महिला/बालिका आफ्नै पति वा परिवारका सदस्यद्वारा मारिएका थिए, सन् २०२३ मा, दैनिक औसत १४० महिला र बालिकाहरुलाई आफ्नै श्रीमान् वा परिवारका सदस्यहरूले हत्या गरेका थिए, जसको कुल संख्या ५१,१०० पुगेको थियो । यसमा, ६०% हत्या घटनाहरू घरेलु हिंसासँग सम्बन्धित थिए ।[1] यी हत्याका घटनाहरु महिला भएकै कारणले भएका घटनाहरु हुन् ।

**२. हत्याका घटना र बहुपक्षीय विश्लेषण**

यस विज्ञप्तीमा अप्रिलदेखि जुन २०२५ सम्म ओरेकमा सङ्कलन भएका कूल २६७ लैङ्गिक हिंसाका घटना मध्ये २१ वटा हत्या र ३ वटा हत्या प्रयासका घटनाको बहुपक्षीय विश्लेषण गरिएको छ ।

**२.१. हत्या प्रभावित र उमेर**




हत्याका घटना र प्रभावितको उमेरलाई हेर्दा सबे भन्दा बढी २९ प्रतिशत (६ जना) १८ देखि २५ वर्ष उमेर समुहका महिला रहेका छन् । यसैगरी हत्या हुनेमा २६ देखि ३५ वर्षका २४ प्रतिशत ६ जना, १९ प्रतिशत ४ जना १८ वर्ष भन्दा कम उमेरका बालिका रहेका छन् । यी तथ्याङ्कले देखाउँछ १८ देखि ३५ वर्ष उमेर समूहका महिलाहरु जो सामाजिक र आर्थिक रूपमा उत्पादनशील चरणमा हुन्छन्, उनीहरु सबैभन्दा बढी हिंसाको जोखिममा छन् भन्ने देखाउँछ । यो जोखिम पितृसत्तात्मक सोच र संरचनाबाट उत्पन्न नियन्त्रणवादी मानसिकताको परिणाम हो, जसले महिलाको शरीर, निर्णय र स्वतन्त्रता माथि नियन्त्रण कायम गर्न खोज्छ । जब महिलाले आफ्ना अधिकारका लागि आवाज उठाउँछन् वा आफ्नै निर्णय लिन खोज्छन्, त्यसलाई पितृसत्तात्मक संरचनाले  अस्वीकार गर्दै हत्या जस्ता जघन्य अपराधसम्म पुऱ्याउँछ ।

[1] https://www.unodc.org/documents/data-and-analysis/briefs/Femicide_Brief_2024.pdf?utm_source=chatgpt.com

Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu , Nepal Tel: (977)-01-2123124; (977)-01-5006373; (977)-01-5006374 Fax: (977)-01-5006271 Email : ics@worecnepal.org URL : www.worecnepal.org

महिला अधिकार तथा सामाजिक न्यायमा आधारित दिगो विकासको प्रवर्द्धनका लागि जुटौं ।

Regd. No.: 392/047/048

**महिला पुनर्स्थापना केन्द्र (ओरेक)**
**Women's Rehabilitation Center (WOREC)**

च.नं. ०६-२०८२/८३ मिति: २०८२/०४/१९

**प्रेस विज्ञप्ति**

**“ अदृश्य जीवन र मृत्यु : नेपाली महिला आप्रवासी घरेलु श्रमिकहरूको मृत्यु र उनीहरूको परिवारको संघर्ष“**
**अनुसन्धान प्रतिवेदन सार्वजनिक कार्यक्रम सम्पन्न**

०८२ साउन १९ गते, काठमाडौंमा महिला पुनर्स्थापना केन्द्र (ओरेक) र ब्रुनेल विश्वविद्यालय लन्डनको संयुक्त सहकार्यमा **“अदृश्य जीवन र मृत्य : नेपाली महिला आप्रवासी घरेलु श्रमिकहरूको मृत्यु र उनीहरूको परिवारको संघर्ष”** शीर्षक अनुसन्धान प्रतिवेदन सार्वजनिक गरिएको छ।१७ वटा घटनामा आधारित यस अध्ययनले वैदेशिक रोजगारीमा गएका नेपाली महिला घरेलु श्रमिकहरूको मृत्युपछि उनीहरुको परिवारमा परेको सामाजिक, आर्थिक र भावनात्मक असर, र राज्यको भूमिका तथा जवाफदेहितामाथि गहिरो विश्लेषण प्रस्तुत गरेको छ।

कार्यक्रमको सुरुवातमा अनुसन्धान प्रतिवेदनको प्रस्तुति डा.आयुष्मान भगत सहित अनुसन्धान टोलीले गरे । महिलावादी दृष्टिकोणमा आधारित यस अनुसन्धानले महिला आप्रवासी घरेलु श्रमिकहरूको श्रम, जीवन र मृत्युलाई अदृश्य बनाउने संरचनागत मौनतालाई उजागर गर्ने प्रयास गरेको छ । प्रस्तुतीकरणमा अनुसन्धानको उद्देश्य, गुणात्मक विधि, सहभागी परिवारहरूको अनुभव, मुख्य निष्कर्षहरू र नीतिगत सिफारिसहरू साझा गरिएको थियो । अनुसन्धानले महिला आप्रवासी श्रमिकहरूको मृत्युलाई राज्य, समाज र आप्रवासन नीतिहरूले संरचनात्मक बेवास्ता गरेको परिणामका रूपमा बुझ्न आवश्यक रहेको छ । विशेष गरी घरेलु श्रममा लगाइएको आप्रवासन प्रतिबन्धले महिलाहरूलाई अनौपचारिक र झनै जोखिमपूर्ण मार्गमा धकेलेको छ, जसले उनीहरूको श्रम मात्र होइन, मृत्युलाई पनि अदृश्य बनाएको छ । प्रतिवेदनले मृतक महिला श्रमिकका परिवारहरू, जसमध्ये वृद्ध अभिभावक र बालबालिका विशेष रूपमा, गम्भीर मानसिक स्वास्थ्य समस्यामा परेको, महिलाको मृत्युपछि परिवारहरू आर्थिक संकट, ऋण, बसोबासको अस्थिरता र सामाजिक बहिष्कारको सामना गरिरहेको तथ्यहरू प्रस्तुत गरेको छ । साथै, अनौपचारिक माध्यमबाट गएकाहरूको शव ल्याउने प्रक्रिया निकै ढिलो, महँगो र अपारदर्शी भएको, दूतावासहरूको सहयोग सीमित भएको, र मृत्युको कारणबारे गहिरो अनुसन्धान नहुने अवस्थाहरू पनि प्रतिवेदनमा औंल्याइएको छ ।

साथै प्रतिवेदनमा महिला आप्रवासी श्रमिक र उनीहरूको परिवारको सम्मान, सुरक्षा र न्याय सुनिश्चित गर्नका लागि समग्र रूपमा संरचनागत सुधार अत्यावश्यक रहेको र सबैभन्दा पहिला, घरेलु श्रममा लगाइएको आप्रवासन प्रतिबन्ध हटाई सुरक्षित, कानुनी र पहुँचयोग्य आप्रवासन च्यानल सुनिश्चित गरिनुपर्ने सुझाव दिइएको थियो। बीमा सुविधा र आर्थिक राहत कार्यक्रमहरू सबै पीडित तथा प्रभावित परिवारसम्म विस्तार गरिनुपर्ने, साथै सरकारको नेतृत्वमा शव ल्याउने एकीकृत कार्यक्रम र स्थानीय तहमा सरल, पारदर्शी क्षतिपूर्ति प्रक्रिया सञ्चालन गर्न आवश्यक रहेको, प्रत्येक आप्रवासीको मृत्युमा अनिवार्य रूपमा दोहोरो पोष्टमार्टम गराउने व्यवस्था गर्नुका साथै कानुनी सहायता कक्ष स्थापना गरिनुपर्ने लगायतका सुझावहरु प्रदान गरिएको थियो । मानसिक स्वास्थ्यका लागि वडास्तरमा स्थायी परामर्श सेवा र सामुदायिक स्तरमा मनोसामाजिक सहयोग प्रणाली विस्तार गरिनुपर्छ । अन्ततः, प्रवासी महिलासम्बन्धी मृत्युसम्बन्धी तथ्यांकहरू जात, वर्ग, उमेर र लिङ्गका आधारमा सार्वजनिक र विश्लेषण गर्नुपर्ने, बृहत रुपमा यस्ता अनुसन्धानको योजना गर्नुपर्ने लगायतका सवालहरु खुला छलफलको क्रममा उठाइएको थियो ।

कार्यक्रममा अन्त्यमा ओरेकका संस्थापक अध्यक्ष डा. रेणु अधिकारीले आप्रवासनलाई केवल रोजगारीको सवालका रूपमा हेर्नु गलत भएको बताउँदै, महिला आप्रवासीको स्वतन्त्रता, गतिशीलता र अधिकारमाथि प्रतिबन्ध लगाउनु गम्भीर संरचनागत बिभेद भएको टिप्पणी गर्नुभएको थियो । वैदेशिक रोजगार बोर्डको सचिवालय निर्देशक सुशील आचार्यले बजेट अभावले पनि

Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu , Nepal Tel: (977)-01-2123124; (977)-01-5006373; (977)-01-5006374 Fax: (977)-01-5006271 Email : ics@worecnepal.org URL : www.worecnepal.org

महिला अधिकार तथा सामाजिक न्यायमा आधारित दिगो विकासको प्रवर्द्धनका लागि जुटौं ।

र प्रकाशनलाई प्राथमिकताका साथ केन्द्र, जिल्ला तथा परियोजना कार्यालयहरुमा तथ्याङ्क व्यवस्थापन गरी काम गर्ने गरेको छ। यस किसिमका विज्ञप्ति तथा महिलामाथि हुने हिंसाका प्रकार, प्रभावित र पीडकको सम्बन्ध र त्यसको बहुपक्षीय विश्लेषण गरिएको थियो। संस्थाले गत वर्ष जनवरी २०२४ देखि प्रदेश स्तरीय महिला हिंसाका सवालमा संकलित तथ्याङ्कका आधारमा प्रदेश स्तरीय प्रेश विज्ञप्ति प्रकाशन गर्दै यस आ.व. मा पनि जारी गरेको छ। यस वर्ष उल्लेखिय रुपले कोशी प्रदेश स्तरीय प्रेस विज्ञप्ति जारी गरी महिलामाथिको प्रतिकार्यको अवस्था र १६ वर्षमुनिका बालबालिकामा हुने गरेको बलात्कारका घटनाको विश्लेषण गरेको छ।

यस वर्ष, ओरेकले नेपालमा महिलामाथि हुने हिंसा विरुद्धको सवालमा आधारित र यसको वकालतलाई केन्द्रित गर्दै जम्मा ३३ वटा प्रेस विज्ञप्तिहरू सफलतापूर्वक प्रकाशित गरिएको थियो जुन निम्नानुसार वर्गीकरण गरिएका छन् :

- मासिक प्रेस विज्ञप्ति
- त्रैमासिक प्रतिवेदनसँग सम्बन्धित विज्ञप्ति
- घटनासँग सम्बन्धित विज्ञप्ति (जस्तै ‘काठमाडौं स्कूल अफ ल’ मा छात्रा केन्द्रित भएको यौन हिंसाबारे, वायु प्रदुषण सम्बन्धी आदि)
- दिवस विशेष प्रेस विज्ञप्ति
- विशेष कार्यक्रमसँग सम्बन्धित् प्रेस विज्ञप्ति (जस्तै सुनिता दनुवार लेक्चर सिरिजबारे)

यस किसिमका मासिक र त्रैमासिक विज्ञप्तिहरू (ओरेकको कार्यरत जिल्ला) नेपालका विभिन्न जिल्लाहरूबाट सङ्कलित महिला माथि हुने हिंसाका तथ्याङ्कहरूमा आधारित छन्। यसले हिंसाका प्रकारहरू, हिंसाका क्रममा देखा परेका असरहरू, र तिनीहरूको समग्र स्थिति सम्बन्धी विस्तृत विश्लेषण गरेको हुन्छ भने यी प्रेश विज्ञप्तिले हिंसाका विभिन्न स्वरुपहरु, प्रभावित र पीडकको सम्बन्ध, र तिनीहरूलाई प्रभावित गर्ने सामाजिक-आर्थिक कारकहरूलाई उजागर गरेको छ।

- **सामाजिक सञ्जालको प्रयोग**


कान्तिपुर

**वायु प्रदूषण : तत्काल जनस्वास्थ्य आपत्‌काल घोषणा गरी गुणस्तर सुधार गर्न माग**

Read in English

आर्थिक बर्ष २०८१/८२ मा ओरेकको आधिकारिक सामाजिक सञ्जाल फेसवुक, साथै लिन्कंदिन र इन्स्टाग्रामको प्रयोगबाट जम्मा ३९२ वटा विभिन्न विधाका पोस्टहरु प्रकाशन गरेको छ। यी मिडिया पोस्टहरु जिल्लास्तरमा सञ्चालन भएका ओरेकको विभिन्न कार्यक्रमगत गतिविधि, उपलब्धीहरुमा प्रकाश पारिएको छ भने, महिला हिंसा सम्बन्धीका मासिक प्रेस विज्ञप्तिहरु, महिला अधिकार उल्लङ्घनका घटनाहरू विरुद्ध ध्यानाकर्षण पत्र, पैरवी, अन्तर्राष्ट्रिय र राष्ट्रिय दिवसहरू सम्बन्धी जानकारी, सुचना प्रकाशन, महिला मानव अधिकारसँग सम्बन्धित जनचेतनामूलक सन्देशहरू प्रकाशन तथा प्रसारण, विश्‍व महिलावादी मञ्च सम्बन्धी जानकारी तथा सुचना प्रकाशन, अन्तराष्ट्रिय महिला दिवस सम्बन्धी सन्देश मुलक सुचना, बढ्दो दण्डहीनता विरुद्ध सामाजिक संजाल अभियान, महिला अधिकार र सामाजिक न्याय, वातावरणीय न्याय र महिला नेतृत्व सम्बन्धी जानकारी र समाचारहरू पोस्ट भएका छन्। यस्ता सामग्रीहरुको ओरेकको सामाजिक संजाललाई फलो गर्ने जम्मा १३ सय भन्दा बढी फलोर्अस्हरु माफ कौतुहलता जगाउन, रणनीतिक रुपमा सरोकारवालाहरुको जागरूकता बढाउन तथा बढी भन्दा बढी सरोकारवालहरुसम्म पहुँच विस्तार गरी महिलाको काम, यौन तथा प्रजनन् स्वास्थ्य, पर्यावरणिय न्याय लगायत महिला मानव अधिकारका सवालको संवादलाई प्रोत्साहन गर्ने वृहत लक्ष्य लिए मुताविक उपलब्धी भएको छ। यी सामाग्रीहरु प्रकाशन गर्न विभिन्न अडियो भिडियो र पोष्टकार्डको निर्माण गरी पोष्ट नियमित गर्ने गरिएको छ।







**ओरेकको आधिकारिक सामाजिक सञ्जाल फेसबुकमा प्राप्त विश्लेषण**

| | |
|---|---|
| सामाजिक सञ्जालमा जम्मा पोस्टहरु | ३९२ |
| बढी मात्रामा हेर्ने सामाजिक सञ्जाल प्रयोगकर्ताको संख्या | २२९५१ |
| बढीमात्रामा पहुँच भएको सामाजिक सञ्जाल प्रयोगकर्ताको संख्या | ११९७५ |
| बढीमात्रामा प्रतिक्रिया जनाउने सामाजिक सञ्जाल प्रयोगकर्ताको संख्या | ७२३ |
| बढीमात्रामा कमेन्ट गर्ने सामाजिक सञ्जाल प्रयोगकर्ताको संख्या | ४१० |
| बढीमात्रामा साझा गर्ने सामाजिक सञ्जाल प्रयोगकर्ताको संख्या | ९२ |

ओरेकले सामाजिक सञ्जाल मार्फत महिला मानव अधिकारका सवालमा ऐक्यवद्ध हुँदै सरोकारवालाहरुलाई यसका बारेमा जानकारीमूलक सुचना सम्प्रेषण गरी अनलाइन समुदाय सिर्जना गर्ने लक्ष्य अनुरुप महिलावादी दृष्टिकोणहरू साझा मात्र गर्दै अरुका विचारहरु समेतलाई सम्मान गर्दछ। यस किसिमका सामग्रीहरुमा पहुँच विस्तार गर्न, महिलावादी सिद्धान्त प्रतिको प्रतिबद्धता अग्रपङ्क्तिमा रहने गरेको छ। जसले सकारात्मक परिवर्तनलाई प्रभाव पार्ने र विश्वव्यापी महिलाहरूलाई सशक्तिकरण गर्ने संस्थाको प्रयासलाई अगाडि बढाउँछ। जस अन्तर्गत ओरेकका संस्थापक अध्यक्षद्धारा प्रकाशन भएका राष्ट्रिय पत्रिकाका लेख, विचार र खोजमुलक सामाग्रीहरुको शेयरमा समेत ओरेकले आफ्नो सामाजिक सञ्जालको उपयोग गरेको छ।

## संस्थागत क्रियाकलाप:

### १. कर्मचारीको क्षमता अभिबृद्धि, नेतृत्व विकास, उत्प्रेरणा तथा स्वः हेरचाह

आर्थिक वर्ष २०८१/८२ मा महिला पुनर्स्थापना केन्द्र (ओरेक) ले अघिल्ला वर्षहरूमा जस्तै कर्मचारीको क्षमता अभिवृद्धि, नेतृत्व विकास, उत्प्रेरणा र स्व-हेरचाहलाई संस्थागत प्राथमिकताका रूपमा अघि बढाएको थियो। संस्थाले आयोजना गरेको संस्थाको नियमित अर्धवार्षिक तथा वार्षिक समीक्षा बैठकहरुमा र योजना बैठकहरूमा काठमाडौँ तथा जिल्लाका करिब ८० प्रतिशत कर्मचारीलाई कार्यक्रमहरुमा सहभागिता गराएको थियो। संस्थाद्धारा सञ्चालित समिक्षा बैठक क्रियाकलाप सम्पन्नको समिक्षा मात्र नभएर त्यसबाट आएको सिकाइका आधारमा प्रतिवेदन लेखन, महिलावादी अवधारणा, विस्तृत कार्य सञ्चालन योजना निर्माण जस्ता विषयबस्तुमा क्षमता विकास पनि गरेको थियो।

यस वर्ष पनि संस्थाको संरक्षक तथा संस्थापक अध्यक्ष र कार्यसमितिका सदस्यहरूको निरन्तर मेन्टरसिप सत्रहरु सञ्चालन गरी आवश्यकता र समय सान्दर्भिक महिला अधिकारका सबालमा स्थानिय तह देखि राष्ट्रिय र अन्तराष्ट्रिय परिवेश, अभियानका रणनीति, अवको आवश्यकतामा कर्मचारीहरुलाई साक्षतकार गराइएको थियो। यसका साथै अन्तराष्ट्रिय स्तरमा भाग लिँदाको अनुभव र छलफलका विषय समेत एक आपसमा आदन प्रदान गरिएको थियो। संस्थाबाट यस किसिमको मार्गदर्शनले संस्थागत लक्ष्य, उद्देश्य, कार्यान्वयन रणनीति र बदलिँदो परिवेशमा महिला अधिकारका सवालहरुको सवालहरूको विश्लेषण गर्ने क्षमता अभिवृद्धिमा महत्वपूर्ण भूमिका खेलेको छ।

यस वर्ष सञ्चालन गरिएको महिलावादी क्षमता अभिबृद्धि, रूपान्तरित नेतृत्व, मानव अधिकार रक्षकहरूको समष्टिगत सुरक्षा, रिफ्लेक्ट विधि र घटना व्यवस्थापन जस्ता प्राविधिक तथा विषयगत तालिमहरूले ४० भन्दा बढी कर्मचारीको ज्ञान, सीप र कार्यसम्पादन क्षमतामा उल्लेखनीय वृद्धि भएको छ। काठमाडौँ तथा जिल्लाका पाँच जना कर्मचारी अन्तर र्‍ाष्ट्रिय कार्यशाला र सेमिनारमा सहभागी हुँदा नवीन ज्ञान, सीप, कार्य दृष्टिकोण र व्यावसायिक विस्तारका अवसर प्राप्त भए, जसले संस्था भित्र सीप-हस्तान्तरण र सामूहिक सिकाइ संस्कृतिलाई थप सुदृढ बनाएको छ।

कर्मचारीको हौसला, प्रेरणा र मनोसामाजिक सुरक्षालाई प्रवर्द्धन गर्न नियमित आन्तरिक सिकाइ, स्व-हेरचाह लगायतका सत्रहरु सञ्चालन गरिएको थियो। साथै अध्ययन तथा व्यक्तिगत सीप विकासका लागि आवश्यक सहुलियत सुविधा पनि संस्थाले प्रदान गरेको थियो। त्यस्तै, नेतृत्व क्षमता, कार्यकुशलता, लगनशीलता र जिम्मेवारीका आधारमा गरिएका पदोन्नतिहरूले कर्मचारीको पेशागत विकास, संस्थागत प्रतिबद्धता र कार्यक्रम कार्यान्वयनको प्रभावकारितामा सकारात्मक प्रभाव पार्न सफल भएको छ। समग्रमा, यस वर्षका सबै पहलहरूले कर्मचारीको व्यावसायिक दक्षता, समन्वय क्षमता र संस्थागत कार्यदक्षता उल्लेखनीय रूपमा वृद्धि गरेको छ।

## संस्थाबाट यस वर्ष प्रकाशन भएका प्रकाशनहरु (अनलाइन र प्रिन्ट )

| प्रकाशनको नाम | प्रकाशनको प्रकार र भाषा | प्रिन्टको प्रकार |
|---|---|---|
| सिड समितिद्वारा नेपालको सातौं आवधिक प्रतिवेदनमा प्रदान गरिएको निश्कर्षात्मक सुझाव तथा टिप्पणीहरु | प्रतिबेदन | अनलाइन |
| मानव अधिकार रक्षकहरुको समष्टिगत सुरक्षा सम्बन्धि पुस्तिका | पुस्तिका | प्रिन्ट |
| अदृश्य जीवन र मृत्यु : नेपाली महिला आप्रवासी घरेलु श्रमिकहरुको मृत्यु र उनीहरुको परिवारको संघर्ष | लेख | अनलाइन |
| 34th Anniversary (WOREC day report) | प्रतिबेदन | अनलाइन |
| The Canvas of Change: WOREC's Artistic Resistance During The 16 Days Campaign | लेख | अनलाइन |
| बार्षिक प्रतिबेदन (२०८०/२०८१) | प्रतिबेदन | प्रिन्ट |
| Survivor To Leaders: WOREC Holistic Support Model Builds Economic Autonomy And Leadership | अनुसन्धान प्रतिबेदन | अनलाइन |
| पैरवी भाग(३) | न्युजलेटर | अनलाइन |
| सातौँ सिड छायाँ प्रतिबेदन (Seventh CEDAW SHADOW report) | प्रतिबेदन | अनलाइन |
| पालिकहरुमा महिलाले नेतृत्व गरेका संस्थाहरु मार्फत विपद् व्यवस्थापन र राहतका प्रयासमा महिला आवाज र नेतृत्व परियोजना कार्यन्वयनको सफलता | न्युजलेटर | अनलाइन |
| सामाजिक पुर्नएकीकरणका लागि संघर्षरत आप्रवासी महिला श्रमिकहरु | प्रतिबेदन | प्रिन्ट |
| Mobilizing Returnee Migrant Workers ( RMWs) : Struggling For Social Reintegration | प्रतिबेदन | प्रिन्ट |
| विपद्को समयमा महिला तथा किशोरी माथि पर्ने प्रभाव र प्रभावित मैत्री प्रतिकार्य प्रणाली | ब्रोसर | प्रिन्ट |
| न्यायको लागि यौन तथा प्रजनन् अधिकार | ब्रोसर | प्रिन्ट |
| Infertility Assisted Reproduction (AR) And Surrogacy Facts | ब्रोसर | प्रिन्ट |
| Survey Report on "Structural Barriers Faced By Women- Led Organizations To Accessing Resources" | अनुसन्धान प्रतिबेदन | प्रिन्ट |
| अन्वेषी २०८१ | बर्ष पुस्तक | प्रिन्ट |
| Annual Factsheet on Gender Based Violence Against Women and Girl 2024 | बर्ष पुस्तक | प्रिन्ट |
| Case Study WOREC's SNEHA Initiatives Delivers Women Centric Disaster Relief Across Nepal And Centers Youth Leadership To end child Marriage In Disaster Affected Settings | न्युजलेटर | अनलाइन |
| Rebuilding Lives Form A Feminist Perspectives Learning From WOREC' s Earthquake Response | न्युजलेटर | प्रिन्ट |

# परिच्छेद ४

## अभियानले पारेको प्रभाव तथा उपलब्धी र चुनौतीहरु

### ✍ उपलब्धीहरु

- प्रदेश स्तरीय विश्वव्यापी आवधिक समिक्षा (गएच0 सम्बन्धी परामर्शबाट आएका तथ्यहरुको आधारमा यूपिआरको चौथो चरणको प्रतिवेदन तयार तथा पेश गर्न सफल भएको ।

- महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धी (CEDAW) को छायाँ प्रतिवेदन पेश गरेपछि, ओरेकले उठान गरिरहेका प्रमुख विषयहरू जसमा महिला हिंसाका घटनामा प्रभावितको न्यायमा पहुँच सुनिश्चितताका लागि, वैदेशिक रोजगारीमा जाने महिला श्रमिकहरूको अधिकार संरक्षण, घरेलु श्रमिकहरुको सवाल, लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीतिको प्रभावकारी कार्यान्वयन लगायतका सवालमा सिड समिति बाट महत्वपूर्ण सिफारिसहरू प्राप्त भएका छन् । यी सिफारिसहरूले संस्थाको पैरवी कार्यका लागि ठोस नीति-आधार निर्माण गर्न सहयोग पुऱ्याएको छ ।

- ओरेक लगायत मानव अधिकारको क्षेत्रमा काम गर्ने संघसंस्था, मानव अधिकारकर्मी, सञ्चारकर्मी लगायतको संयुक्त आयोजनामा गणतन्त्र दिवस २०८२ को अवसरमा शुभारम्भ गरिएको लोकतन्त्र महिला अधिकारका लागि दबाव अभियान मार्फत नेपालको संघीय लोकतान्त्रिक प्रणालीलाई सुदृढ गर्दै, संविधानमा प्रत्याभूत महिलाको अधिकारको संरक्षण, प्रवर्द्धन र प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न राज्यका तीनै तहका राजनीतिक दल, सरकारी संयन्त्र र नागरिक समाजलाई उत्तरदायी बनाउन दबाब सिर्जना गरेको छ ।

- ओरेकको निःसन्तानपन सम्बन्धी अनुसन्धान, तथ्याङ्क, अनुभव र नीतिगत सिफारिसलाई स्थानीयदेखि संघीय तहसम्म गरिएको बहस सिर्जनाले यस सवाल प्राथमिकतामा पर्न सफल भएको छ । जसले गर्दा संघीय राजधानी बाहिर पहिलो पटक कोशी अस्पतालमा इन्ट्रा युट्राइन इन्सेमिनेसन (क्ष्क्ष) सेवा शुरुवात भएको छ । यसबाट महिला लगायत पछाडि पारिएका परिवारले निःसन्तानपन सम्बन्धी स्वास्थ्य सेवामा सहज पहुँचको सुरुवात भएको छ ।

- महिला मानव अधिकार रक्षकहरुको सुरक्षा र पहिचानको लागि तथ्यमा आधारित बहस सिर्जना र प्रतिरोध र प्रतिकार्यका लागि महिला/मानव अधिकार रक्षकहरुको क्षमता विकासमा सहजीकरण गरेको छ ।

- समुदाय तहदेखि राष्ट्रिय तथा अन्तराष्ट्रिय तहमा विभिन्न अभियानमुलक गतिविधिहरु सम्पन्न गरिएको छ । जसकारणले गर्दा महिला अधिकार सुनिश्चितताका लागि नागरिक समाजको ऐक्यबद्दता हाँसिल गर्न र सम्बन्धित निकायमा नीतिगत पैरवीको आधारशिला तयार भएको छ ।

- विभिन्न प्रेस विज्ञप्ति, ध्यानाकार्षण पत्र, माग पत्रहरु प्रकाशन तथा सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय निकायमा तत्काल पेश गर्नाका कारणले महिला तथा बालिका माथि भएको हिंसाको घटनामा तत्काल प्रतिरोध गर्न सफल भएको छ ।

- ओरेकको सहजीकरणमा बनेका युवा, महिला समूह र सञ्जाल मार्फत यस वर्ष मात्रै ५०० जना भन्दा बढी समुदायका महिलाहरु संगठित भएका छन् जसले महिला तथा पछाडि पारिएका समुदायका सवालहरुलाई सामूहिक रुपमा उठान गर्दै स्थानीय तहमा पैरवी तथा आन्दोलनको आधार तयार भएको छ ।

- ओरेकले उदयपुरमा "ओजसः मनको कुरा खोल्ने सुरक्षित स्थल" स्थापना गरेर महिला, किशोरी र पछाडि पारिएका समुदायलाई आफ्ना अनुभव खुला रूपमा साझा गर्ने स्थलको निर्माण गरेको छ । जसले मानसिक स्वास्थ्यलाई

सबैको आधारभूत अधिकारका रूपमा स्थापित गर्दै समुदायमुखी दृष्टिकोणलाई मजबुत बनाएको छ ।

- स्थानीय तहका जनप्रतिनिधिहरूको निरन्तर संलग्नता र महिलावादी क्षमता अभिवृद्धि तथा रुपान्तरित नेतृत्व लगायतका क्षमता अभिवृद्धि तालिम मार्फत गरिएको सहजीकरणको परिणाम स्वरूप स्थानीय तहमा नीति निर्माण र कार्यन्वयनमा उल्लेखनीय प्रगति भएको छ । यसअन्तर्गत, लैङ्गिक हिंसा निवारण कोष, लैङ्गिक तथा सामाजिक समावेशी नीति, स्वास्थ्य नीति, बालविवाह रोकथाम रणनीति जस्ता नीतिगत प्रावधानहरूको निर्माण र कार्यान्वयनमा प्रभावकारी कार्यान्वयनको लीगि आधार तयार भएको छ, यसले सरोकारवालामा लैङ्गिक संवेदनशीलता वृद्धि, निर्णयमा सहभागिता र नीति कार्यान्वयनमा प्रतिबद्धता सुनिश्चित गरेको छ ।

- ओरेकले सहजीकरण गरेका समूह र सञ्जालहरूको स्थानीय सरकारका स्रोत र साधनामा पहुँच अभिवृद्धि भएको छ, जसको परिणामस्वरूप बर्दिवासमा कृषि विभागबाट निःशुल्क मल प्राप्त गरेको, समुदायमा विभिन्न सचेतनामूलक गतिविधिहरु पालिकाको बजेटमा सञ्चालन गर्न सफल भएको, हिंसाबाट प्रभावितलाई लैङ्गिक हिंसा निवारण कोष मार्फत सहयोग पुऱ्याउन सफल भएका छन् ।

- स्थानीय तहमा युवा महिला कृषकहरू व्यवस्थित रूपमा सङ्गठित हुँदै महिलालाई कृषकको रूपमा मान्यता दिलाउनका लागि बहस र पहलहरू भइरहेका छन्, यसले महिलाको श्रमको मान्यता, पहिचान र मूल्याङ्कनको लागि आन्दोलनको आधार तयार गरेको छ ।

- विभिन्न अन्तराष्ट्रिय प्लेटफर्महरुमा समुदायका सवालहरु र संस्थाले उक्त सवालका लागि हाँसिल गरेका उपलब्धीहरुलाई सेयर गरी अनुभव साटासाट र क्षेत्रिय तथा अन्तराष्ट्रिय ऐक्यबद्धता तथा सैद्धान्तिक स्पष्टता हासिल भएको छ ।

- विपद् प्रतिकार्यमा ओरेकको स्नेह केन्द्र सञ्चालन, मनोविमर्श सेवा, सीपमूलक तालिम तथा बिउपूँजी लगायतका सहयोगको कारणले जस्तो सुकै विपद्को अवस्थामा पनि ओरेक समुदाय संगसंगै छ भन्ने अनूभति समुदायले गरेको छ, जसले गर्दा समुदाय तहको विश्वास जित्न सफल भएको छ ।

- ओरेकले पुस्तकालय व्यवस्थापनलाई प्रणालीगत बनाउन कोडिङ प्रणाली सहित वर्गीकरण सम्पन्न गरिएको छ । साथै, उपयुक्त डिजिटल सफ्टवेयर प्रयोग गरी पुस्तकालयलाई सहज, पहुँचयोग्य र सुव्यवस्थित बनाइएको छ ।

- सामाजिक सञ्जाल, भर्चुअल बैठकहरू, वेबसाइट कन्टेन्ट अपलोड, स्टाफ प्रोफाइल अद्यावधिक, अन्तर ाष्ट्रिय मिडियामा प्रकाशित लेख, दिवसीय कार्यक्रम, वार्षिकोत्सव र साधारण सभाका प्रतिवेदन तथा प्रेस विज्ञप्तिहरूको माध्यमबाट संस्थाको भिजिबिलिटी स्थानीयदेखि अन्तर्राष्ट्रिय स्तरसम्म उल्लेखनीय रूपमा बढेको छ ।

- संस्थाले त्रैमासिक न्यूजलेटर, पैरवी र अन्वेषी प्रकाशन मार्फत निरन्तर ज्ञान उत्पादन गरिरहेको छ । साथै, ध्यानाकर्षण पत्र, प्रेस विज्ञप्ति, नीतिगत पत्र, अनुसन्धान तथा विश्लेषणात्मक पत्र, सर्वे, स्थिति पत्र, घोषणापत्र, कथा सङ्कलन, तथा वार्षिक क्यालेन्डर जस्ता प्रकाशन र फोटो ग्यालरी मार्फत संस्थागत ज्ञान र अभिलेखिकरण प्रक्रियालाई सुदृढ बनाइएको छ ।

- बार्षिक रुपमा प्रकाशन हुने अन्वेषी वर्ष पुस्तक प्रकाशन गर्न सफल भएको छ । यस पुस्तक महिला मानव अधिकारका क्षेत्रमा कार्यरत सबै सरोकारवाला निकायका लागि पैरवी गर्नका लागि तथ्याङ्क समाग्री बन्न सकेको छ । जसमा महिला हिंसाको कारण परिणाम यसमा ओरेकको निश्कर्ष र सम्बन्धित सरोकारवालाहरुका लागि सुझावहरु एकै थलोमा समेट्न सफल भएको छ ।

- बालविवाहका घटनामा जिल्ला अदालतबाट भएका फैसलाहरुको सम्बन्धमा गरिएको अनुसन्धानको नतिजा सार्वजनिक गरी पैरवीका लागि तथ्याङ्क संकलन तथा दस्तावेजिकरण भएको ।

## ✍ चुनौतीहरु :

- कानुन कार्यान्वनको अभावको कारणले महिला तथा बालिकाहरुले संविधान प्रदत्त अधिकारवाट बन्चित हुनुपरेको छ ।
- असमानता, विभेद र हिंसाको विरुद्धमा आबाज उठाउदा महिला मानव अधिकार रक्षक, महिलाले नेतृत्व गरेका संस्थाहरुले विभिन्न किसिमका हिंसा तथा जोखिमको सामना गर्नुपरेको ।
- अभियान र कार्यक्रमको दिगोपना सुनिश्चित गर्न पर्याप्त आर्थिक स्रोतको अभाव ।
- स्थानीय र राष्ट्रिय तहमा लैङ्गिक समानता सुनिश्चित गर्ने नीति, रणनीति र कार्यक्रमको निर्माण र कार्यान्वयनमा चुनौतीहरू ।
- स्थानीय तह र समुदायमा महिला नेतृत्व र निर्णय प्रक्रियामा महिलाको सहभागिताको स्वीकार्यता कम हुनु ।
- परम्परागत विभेदकारी सोच तथा व्यवहारका कारण महिलाले नेतृत्व र सार्वजनिक भूमिकामा सीमित अवसर पाउनु ।

## तथ्यांकमा ओरेक






# परिच्छेद ५

## संस्थाको वार्षिक आर्थिक प्रतिवेदन

**M.G.S. & Associates**
**Chartered Accountants**

a member firm of ASNAF Group & SBC Globla Alliance

ASNAF SBC Global Alliance

### Independent Auditor's Report
### to the members of Women's Rehabilitation Centre (WOREC)
### FY2081/82 (2024/25)

**Opinion**

We have audited the financial statements of Women's Rehabilitation Centre (WOREC), which comprise the Statement of Financial Position, Statement of Income & Expenditure, Statement of Changes in Reserves, Statement of Cash Flows together with the Accounting Policies and Notes to the financial statement s as at 32nd Ashadh 2082. In our opinion, the accompanying financial statements present fairly, in all material respects, the financial position of the WOREC as at 32nd Ashadh, 2082 and its financial performance and its Fund flows for the year then ended in accordance with Nepal Accounting Standard for Not-for-Profit Organizations (NAS for NPOs).

**Basis for Opinion**

We conducted our audit in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those standards are further described in the Auditor's Responsibilities for the Audit of the Financial Statements section of our report. We are independent of the Client in accordance with the ICAN's Handbook of Code of Ethics for Professional Accountants together with the ethical requirements that are relevant to our audit of the financial statements, and we have fulfilled our other ethical responsibilities in accordance with these requirements and the ICAN's Handbook of The Code of Ethics for Professional Accountants. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion

**Responsibilities of the Management and those Charged with Governance for the Financial Statements.**

Management is responsible for the preparation and fair presentation of the financial statements in accordance with NAS for NPOs, accounting standards as prescribed by The Institute of Chartered Accountants of Nepal (ICAN) and budget approved by donor agency. This responsibility includes: designing, implementing internal control relevant to the preparation and fair presentation of the financial statements that are free from material misstatement, whether due to fraud or error, selecting and applying appropriate accounting policies and making accounting estimate that are reasonable as per the circumstance. In preparing the financial statements, management is responsible for assessing the WOREC's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the WOREC or to cease operations, or has no realistic alternative but to do so. Those charged with governance are responsible for overseeing the WOREC's financial reporting process.

M.G.S. & ASSOCIATES Kathmandu Chartered Accountants

*GPO Box: 8347, Kathmandu, Nepal. Tel/Fax: +977-1-4410654 Email: mgs@mgs.com.np*
*Located at : 723/67, Tankaprasad Ghumti Sadak, Anamnagar (Eastern Gate of Singhdurbar), Kathmandu-29, Nepal*

## Auditor's Responsibility

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

## Further report on Other Legal and Regulatory Requirements

On the basis of our examination, we would like to report that:

The Statement of Financial Position, Statement of Income & Expenditure, Statement of Changes in Reserves, Statement of Cash Flows together with the Accounting Policies and Notes to the financial statements as at 32nd Ashadh 2082 and for the year ended comply with the Generally Accepted Accounting Principles (GAAP) to the extent applicable and the NAS for NPOs wherever applicable.

1. We have not come across any action and situation that result in any action done by any Officer of the Fund Supervisor against the regulatory provisions or other prevalent laws or have performed irregular job or have occurred any damage or loss to the scheme.
2. We have not come across any action and situation that impair internal control relevant to the WOREC 's operation and fair presentation of the financial statements.
3. The operation of the WOREC has been found satisfactory.

FCA Mahesh Kumar Guragain
Senior Partner
MGS & Associates
Chartered Accountants
25th September 2025
Kathmandu, Nepal

M.G.S. & ASSOCIATES Kathmandu Chartered Accountants

UDIN: 250925CA00125Bxpy8

## वितीय आय व्यय आ.व. ०८१/०८२

### बजेट vs वास्तविक खर्च:

| | |
|---|---|
| **कुल स्वीकृत बजेट:** | १३१,८२०,१८२.५५ |
| **कुल खर्च:** | १०९,६५८,५०६.२० |
| **बाँकी बजेट** | **२२,१६१,६७६.३५** |




### कुल क्षेत्रगत खर्च:

| | |
|---|---|
| कार्यकर्म खर्च | ९४,६८१,५७३.९६ |
| प्रशानिक खर्च | १४,९७६,९३२.२४ |
| **कुल खर्च** | **१०९,६५८,५०६.२०** |



**Women's Rehabilitation Centre (WOREC)**
**Balkumari, Lalitpur**
## STATEMENT OF FINANCIAL POSITION
**As at 32nd Ashadh 2082**

Figures in NPR

| Particulars | Notes | Current Year | Previous Year |
|---|---|---|---|
| **ASSETS** | | | |
| **Non - Current Assets** | | | |
| Property, Plant and Equipment | 4.1 | 13,727,918 | 14,734,425 |
| Intangible Assets | 4.2 | | |
| Investment Property | 4.3 | | |
| Long term investments | 4.4 | | |
| Other noncurrent assets | 4.5 | | |
| **Total Non - Current Assets** | | **13,727,918** | **14,734,425** |
| **Current Assets** | | | |
| Inventories | 4.6 | - | - |
| Account receivable | 4.7 | 2,831,866 | 4,029,542 |
| Cash and cash equivalents | 4.8 | 21,900,087 | 40,318,422 |
| **Total Current Assets** | | **24,731,953** | **44,347,964** |
| **Total Assets** | | **38,459,871** | **59,082,389** |
| **LIABLITIES & RESERVES** | | | |
| **Accumulated Reserves** | | | |
| Unrestricted Funds/accumulated surplus | 4.9 | 6,368,883 | 7,726,962 |
| Designated Funds | 4.10 | - | - |
| Restricted Funds | 4.11 | 15,792,793 | 33,677,176 |
| Endowment Fund | 4.12 | - | - |
| Other Capital Reserves | 4.13 | 13,727,918 | 14,734,425 |
| **Total Accumuated Reserves** | | **35,889,595** | **56,138,564** |
| **Non - Current Liablities** | | | |
| Loans and borrowings | 4.14 | - | - |
| Employee benefit liablities | 4.15 | - | - |
| Deffered Revenue | 4.16 | - | - |
| Other non-current liablities | 4.17 | - | - |
| **Total Non - Current Liablities** | | **-** | **-** |
| **Current Liablities** | | | |
| Accounts payable | 4.18 | 2,570,277 | 2,943,826 |
| Loans and borrowings | 4.19 | - | - |
| Provisions | 4.20 | - | - |
| Bank Overdrafts | 4.21 | - | - |
| **Total Current Liablities** | | **2,570,277** | **2,943,826** |
| **Total Liablities** | | **2,570,277** | **2,943,826** |
| **Total Liablities and Reserves** | | **38,459,871** | **59,082,389** |

*The Notes on accounts form an integral part of the financial statements.*

Ms.Sabita Pokharel
Chairperson
WOREC

Indramati Nembang
Treasurer
WOREC

Ms.Sunita Mainali
Executive Director
WOREC

Mahesh Kumar Guragain, FCA
M.G.S & Associates
Chartered Accountants

UDIN: 250925CA00125BxPy8

M.G.S. & ASSOCIATES Kathmandu Chartered Accountants

Deependra Bishwakarma
Sr.Finance & Admin/Coordinator
WOREC
Place: Lalitpur
Date: 23/09/2025

WOMEN'S REHABILITATION CENTRE NEPAL 1991

**Women's Rehabilitation Centre (WOREC)**
**Balkumari, Lalitpur**

# STATEMENT OF INCOME & EXPENDITURE

**For the Year Ended 32nd Ashadh 2082**

Figures in NPR

| Particulars | Notes | Current Year | Previous Year |
|---|---|---|---|
| **INCOME** | | | |
| Incoming Resources | 4.22 | 107,575,186.82 | 120,617,649.88 |
| Financial Income | 4.23 | 11,873.73 | 33,299.81 |
| Other Income | 4.24 | 713,366.56 | 715,444.06 |
| **Total Income** | | **108,300,427.11** | **121,366,393.75** |
| **EXPENDITURE** | | | |
| Staff Cost/Expenses | 4.25 | 39,225,262.35 | 50,896,213.28 |
| Program Expenses | 4.26 | 55,456,311.61 | 57,400,432.07 |
| General Administrative Expenditure | 4.27 | 14,976,932.24 | 13,217,523.49 |
| Depreciation | 4.1.1 | | |
| Other Expenditure | 4.28 | | |
| **Total Expenditure** | | **109,658,506.20** | **121,514,168.84** |
| **Net surplus/(deficit) before Taxation** | | **(1,358,079.09)** | **(147,775.09)** |
| Income Tax Expenses | 4.29 | | - |
| **SURPLUS/(DEFICIT) FOR THE YEAR** | | **(1,358,079.09)** | **(147,775.09)** |
| **APPROPRIATION OF SURPLUS FOR THE YEAR** | | | |
| Allocation to Reserves | | (1,358,079.09) | (147,775.09) |
| Allocation to Endownment Fund | | - | - |

*The Notes on accounts form an integral part of the financial statements.*

Ms.Sabita Pokharel
Chairperson
WOREC

Indramati Nembang
Treasurer
WOREC

Ms.Sabita Mainali
Executive Director
WOREC

Mahesh Kumar Guragain, FCA
M.G.S & Associates
Chartered Accountants

Deependra Bishwakarma
Sr.Finance & Admin Coordinator
WOREC
Place: Lalitpur
Date: 23/09/2025

WOMEN'S REHABILITATION CENTRE NEPAL 1991

M.G.S. & ASSOCIATES Kathmandu Chartered Accountants

ओरेक
पो. ब.नं १३२३३, काठमाडौँ, नेपाल
फोन: (९७७)०१ ५१८६०७३, ०१५१८६३७४
Enail:ics@worecnepal.org
Website: www.worecnepal.org
हटलाइन नम्बर: १६६००१७८९१०